सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन सम्बन्धी परिचयात्मक पुस्तिका



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र
टेकु, काठमाडौं
२०७९/८०

सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन सम्बन्धी परिचयात्मक पुस्तिका

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र
टेकु, काठमाडौं
२०७९/८०

Email : nheicc.nepal@gmail.com,
: info@nheicc.gov.np
Website : www.nheicc.gov.np
Facebook : www.facebook.com/nheicc
Youtube : www.youtube.com/c/nheicc-nepal
Soundcloud : www.soundcloud.com/nheicc-nepal
Phone : 01-5354271,01-5354613

परिमार्जनसहित पुनःप्रकाशित मिति : २०६९ साल
परिमार्जनसहित पुनःप्रकाशित मिति : २०७१ साल
पुनःप्रकाशित मिति : २०७१ माघ
अद्यावधिक परिमार्जनसहित प्रकाशित मिति : २०७८ साल
पुनःप्रकाशित मिति : २०८० साल

सर्वाधिकार : राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र,
टेकु, काठमाडौं

दुई शब्द

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सुर्तीजन्य पदार्थको सेवनलाई घटाई यसको कारणले हुने रोग र मृत्युदर घटाउने र जनस्वास्थ्यको प्रबर्द्धन गर्ने उद्देश्यका साथ सुर्तीजन्य पदार्थको उत्पादन, वितरण र उपभोगलाई नियन्त्रण र नियमन प्रयासस्वरूप विभिन्न कदम चालिँदै आएको छ । नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गत राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्रलाई सुर्तीजन्य पदार्थको नियन्त्रण तथा नियमनको फोकल प्वाइन्ट तोकिएको छ र बहुक्षेत्रीय समन्वय र सहयोगबाट सुर्तीजन्य पदार्थ सेवनलाई न्यूनीकरण र नियमन साथै सेवन गरिरहेका भए पनि त्याग गर्न र गराउन धेरै कार्यहरु भएका छन् । नेपाल सन् २००३ को डिसेम्बरमा विश्व स्वास्थ्य संगठनको सुर्ती नियन्त्रण विषयक संरचना नीति महासन्धि (Framework Convention for Tobacco Control) मा हस्ताक्षर गरी सुर्तीजन्य पदार्थ सेवनविरुद्धको विश्व अभियानमा सामेल भइसकेको छ ।

यस सन्दर्भमा राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रले सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन कार्यक्रम सञ्चालनार्थ परिचयात्मक पुस्तिकाको समयसापेक्ष अद्यावधिक गरी परिमार्जनसहित प्रकाशन गर्न लागेको पाउँदा मलाई धेरै खुसी लागेको छ । सुर्तीजन्य पदार्थ नियन्त्रणमा कार्यरत विभिन्न तहका स्वास्थ्यकर्मीहरु, स्रोत व्यक्तिहरु, सरोकारवालाहरु, विभिन्न संघसंस्थाहरु एवं सर्वसाधारणका लागि स्रोत सामग्रीका रुपमा यो पुस्तिकाको भूमिका रहने आशा एवं विश्वास लिएको छु ।

त्यसकारण यो परिचयात्मक पुस्तिकाको माध्यमबाट समस्त जनप्रतिनिधि, स्वास्थ्यकर्मी, स्थानीय तहस्तरका कर्मचारीलगायत अन्य सरोकारवालालाई सुर्तीजन्य पदार्थ सेवन गर्न नसिक्ने र सेवनको लत बसेकालाई त्याग गर्न प्रोत्साहन गर्न अभिमुखीकरण/तालिम सञ्चालन गर्न यो परिचयात्मक पुस्तिका कोशेढुङ्गा हुने आशा गरेको छु । अभिमुखीकरण/तालिमबाट क्षमता अभिवृद्धि भएका सहभागीहरुका माध्यमबाट सुर्तीजन्य पदार्थ सेवन गरिरहेका तर सचेतना नभएका र स्वास्थ्य सेवाको पहुँचबाहिरका जनसमुदायसमेतको चेतना अभिवृद्धि भई ज्ञान, धारणा तथा बानीव्यवहारमा परिवर्तन ल्याउन मद्दत गर्ने छ ।

पुस्तिका प्रकाशनको गहन जिम्मेवारी पूरा गर्नुभएका राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रका निर्देशक डा. राधिका थपलिया, पूर्व निर्देशक सुनिलराज शर्मा र संलग्न टिमलाई धन्यवाद ज्ञापन गर्दछु ।

२०७८ साल, काठमाण्डौ ।

डा. दिपेन्द्र रमण सिंह
महानिर्देशक
स्वास्थ्य सेवा विभाग

अद्यावधिक संस्करणबारे मन्तव्य

सुर्तीजन्य पदार्थ सेवन प्रमुख जनस्वास्थ्य समस्याको रुपमा देखापरेको छ । सुर्तीजन्य पदार्थको सेवनले स्वयं सेवनकर्ताका साथै उसका परिवार र समुदायलाई समेत गम्भीर असर गरेको हुन्छ । सुर्तीजन्य पदार्थको सेवनले मानव स्वास्थ्यलगायत आर्थिक, सामाजिक, सांस्कृतिक तथा पर्यावरणीय पक्षमा समेत नकारात्मक असर पार्ने भएकाले यसको नियन्त्रण र नियमन गरी आममानिसको स्वास्थ्य सुरक्षा र आर्थिक हितको अभिवृद्धि गर्नु अत्यन्त आवश्यक भएको छ । त्यसैले सुर्तीजन्य पदार्थको आयात, उत्पादन, बिक्री, वितरण तथा सेवन गर्ने कार्यलाई निषेध, न्यूनीकरण, नियन्त्रण तथा नियमन गर्ने उद्देश्यका साथ "धुम्रपान तथा सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन) ऐन २०६८" पारित गरी मिति २०६८/१/२६ गते प्रमाणीकरण भइसकेको छ । उक्त ऐनको दफा ९ प्रमाणीकरण भएको मितिले एकसय असिऔं दिन र अन्य दफाहरु एकानब्बेऔं दिनदेखि प्रारम्भ भई कार्यान्वयन तहमा गइसकेको छ ।

उक्त ऐनले सरकारी कार्यालय, निकाय, स्वास्थ्य संस्था, शिक्षण संस्था, तालिम केन्द्र, पुस्तकालय, विमानस्थल, वायुसेवा तथा सार्वजनिक सवारीका साधन, बालकल्याण गृह, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, अनाथालय, बाल उद्यान तथा क्लब, सार्वजनिक शौचालय, उद्योग तथा कलकारखाना, चलचित्र घर, सांस्कृतिक केन्द्र, नाट्यशाला, होटल, रेष्टुरेण्ट, बार, मोटल, लज, छात्रावास तथा अतिथि गृह, रङ्गशाला, कभर्ड हल, व्यायाम केन्द्र, पौडीपोखरी, डिपार्टमेण्टल स्टोर, धार्मिक स्थल, सार्वजनिक प्रतीक्षालय तथा टिकट काउण्टर आदिलाई सार्वजनिक स्थल तोकी सो स्थानहरुमा सुर्तीजन्य पदार्थको सेवन गर्न नपाउने व्यवस्था गरेको छ । सार्वजनिक स्थलको व्यवस्थापकसँग आफूसँग सम्बन्धित सार्वजनिक स्थलको आवश्यकताअनुसार विभिन्न ठाउँमा कुनै पनि प्रकारको सुर्ती सेवन गर्न नपाउने व्यहोराको सूचना सबैले देख्न र पढ्न सक्ने गरी टाँस गर्नुपर्ने, उत्पादकले सुर्तीजन्य पदार्थको प्याकेट तथा र्‍यापर्समा लेबुल तथा ट्रेडमार्क चिन्ह, उत्पादकको नाम, ठेगाना र सुर्तीजन्य पदार्थमा रहेको निकोटिनको मात्रा र अन्य हानिकारक तत्वहरुको विवरण उल्लेख गर्नुपर्ने, उत्पादकले सुर्तीजन्य पदार्थको बट्टा, र्‍यापर्स, प्याकेट तथा पार्सलको प्याकेजिङ र लेबुलको बाहिरी कुल भागमध्ये नब्वे प्रतिशत (निर्देशिका अनुसार) भागमा "सुर्तीजन्य पदार्थ स्वास्थ्यका लागि हानिकारक छ" जस्ता चेतावनीमूलक सन्देश र सुर्ती सेवनको असरबाट भएको घातक रङ्गीन चित्र प्रष्ट रुपमा देख्ने गरी नेपाली भाषामा छाप्नु तथा अङ्कित गर्नुपर्ने, कुनै पनि माध्यमबाट सुर्तीजन्य पदार्थको विज्ञापन वा प्रबर्द्धन गर्न, समाचार वा सूचना संप्रेषण वा प्रायोजन गर्न नपाइने, कसैले पनि अठार वर्ष उमेर नपुगेका व्यक्ति र गर्भवतीलाई सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्न वा गर्न लगाउन नपाइने व्यवस्थाका साथै ऐनमा व्यवस्था भएका काम कारबाही विपरीत कार्य गर्नेलाई सजायको समेत व्यवस्था गरिएको छ ।

अतः नागरिकको स्वास्थ्य रक्षा गर्ने उद्देश्यअनुरुप यस परिचयात्मक पुस्तिकामा ऐनले व्यवस्था गरेका प्रावधानलाई समेत समेटेर अद्यावधिकसहित पुनः प्रकाशित गरिएको छ । सुर्तीजन्य पदार्थको सेवनलाई न्यूनीकरण, नियन्त्रण एवं नियमन गर्ने कार्य समुदायस्तरसम्म पुर्‍याउन यो परिचयात्मक पुस्तिका सहयोगी हुने आशा एवं विश्वास लिएको छु ।

यस पुस्तिकाको परिमार्जन कार्यमा संलग्न स्वास्थ्य प्रवर्द्धन विज्ञ गंगाराज अर्याल तथा यस केन्द्रका स्वास्थ्य शिक्षा प्रशासक डा. भक्त बहादुर के.सी., स्वास्थ्य शिक्षा अधिकृत भरत बहादुर कँवर लगायत यस पुस्तिकाको शुरु लेखन तथा प्रकाशनदेखि यस संस्करणसम्म योगदान पुर्‍याउनुहुने सम्पूर्ण महानुभावहरुको योगदानको कदर गर्दै धन्यवाद ज्ञापन गर्दछु ।

२०७८ साल

डा. राधिका थपलिया
निर्देशक
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र

प्राक्कथन

सुर्तीजन्य पदार्थको सेवनको कारणबाट मुटु रोग, दीर्घ श्वास-प्रश्वासजन्य रोग, क्यान्सरजस्ता नसर्ने घातक रोगहरु प्रमुख जनस्वास्थ्य समस्याको रुपमा देखिएका छन् । यसको सेवनका कारण वर्सेनि ८० लाखभन्दा बढी मानिसको अकालमा मृत्यु हुन्छ भने नेपालमा पनि करिब २७००० भन्दा बढी मानिसको सुर्तीजन्य पदार्थको सेवनका कारण मृत्यु हुने कुरा विश्व स्वास्थ्य संगठनले बताएको छ । यसको सेवनले बालबालिका, महिला, गर्भवती र वृद्धवृद्धालगायत सबै उमेर समूह र वर्गका मानिसहरुलाई असर गर्दछ । जस्तै- गर्भवती महिलाले सुर्तीजन्य पदार्थ सेवन गरेमा आफू तथा उनको गर्भमा रहेको शिशुलाई प्रत्यक्ष असर पर्न गई कम तौलको शिशु जन्मने, समय नपुगी जन्मने, जन्मजात विकृतिहरु देखापर्ने जस्ता समस्याहरु देखापर्न सक्छन् । यस्ता स्वास्थ्य समस्याहरुको उपचार गर्न ठूलो धनराशि खर्च हुने मात्र नभई कतिपय रोग उपचार नहुने अवस्थाका पनि हुन सक्छन् । सुर्तीजन्य पदार्थले सेवन गर्ने व्यक्तिका साथै परिवार, समुदायसमेतको स्वास्थ्य, आर्थिक, वातावरणीय र सामाजिक पक्षमा समेत प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रतिकूल प्रभाव परिरहेको हुन्छ । त्यसकारण रोग लागिसकेपछि उपचार गराउनुभन्दा रोग लाग्न नदिनु नै बुद्धिमानी भएको तथ्यलाई आत्मसात गरी आम नागरिकलाई सुर्तीजन्य पदार्थ सेवन नगर्न अभिप्रेरित गर्नुका साथै सेवन गर्नेलाई त्याग गर्न उत्प्रेरित गर्नु आजको आवश्यकता हो ।

सोही आवश्यकतालाई पूर्ति गर्न नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सुर्तीजन्य पदार्थको उत्पादन, वितरण र उपभोगमा निषेध, रोकथाम र नियन्त्रण गर्ने नीति लिएको छ । यसक्रममा नेपालले सन् २००३ को डिसेम्बरमा विश्व स्वास्थ्य संगठनको सुर्ती नियन्त्रण विषयक संरचना नीति महासन्धि (Framework Convention for Tobacco Control) मा हस्ताक्षर गरी अन्तर्राष्ट्रिय स्तरमै सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमनमा प्रतिबद्धता पनि जनाइसकेको छ र यस महासन्धि (FCTC) मा जनाइएका प्रतिबद्धताहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन पनि भइरहेको छ ।

यसरी सुर्तीजन्य पदार्थको सेवनविरुद्धका क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयन गर्न परिचयात्मक पुस्तिकाको समयसापेक्ष परिमार्जनको आवश्यकता महसुस भई यो पुस्तिका अद्यावधिकसहित पुनः प्रकाशन गरिएको छ । अतः सुर्तीजन्य पदार्थको सेवनविरुद्धका शिक्षा तथा सूचनामूलक कार्यक्रम, तालिम, गोष्ठी, सूचना सामग्री विकास एवं कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने कार्यमा यो परिचयात्मक पुस्तिका स्रोत सामग्रीका रुपमा उपयोगी हुने विश्वास लिएको छु ।

यो पुस्तिकालाई अद्यावधिक गर्ने कार्यका लागि स्वास्थ्य प्रबर्द्धन विज्ञ गंगाराज अर्याल, स्वास्थ्य शिक्षा अधिकृत भरत बहादुर कवर तथा निर्मला शाक्यलाई धन्यवाद ज्ञापन गर्दछु ।

अन्तमा यस पुस्तिकासम्बन्धी कुनै सुझावहरु भएमा कृपया यस केन्द्रमा उपलब्ध गराइदिनुहुन सम्पूर्ण पाठकवर्ग, यसका माध्यमबाट अभिमुखीकरण/तालिम वा अन्य अन्तरक्रिया आदि कार्यक्रम सञ्चालन गर्ने सहजकर्ता तथा सहभागीलगायतका सम्बन्धित महानुभावहरुलाई हार्दिक अनुरोध गर्दछु ।

डा. भक्त बहादुर केसी
स्वास्थ्य शिक्षा प्रशासक
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र

विषय-सूची

पेज नं.

अध्याय-१ सुर्तीजन्य पदार्थको परिचय १
१.१ ऐतिहासिक पृष्ठभूमि १
१.२ सुर्तीजन्य पदार्थको सेवन २
१.२.१ सुर्तीजन्य पदार्थ सेवनका कारणहरू ३
१.३ सुर्तीजन्य पदार्थ सेवनको वर्तमान अवस्था ३
१.३.१ विश्वमा सुर्ती सेवनको अवस्था ३
१.३.२ नेपालमा सुर्तीजन्य पदार्थ सेवनको अवस्था ३
१.४ सुर्तीजन्य पदार्थका प्रकारहरू ४
१.५ धुवाँयुक्त सुर्तीजन्य पदार्थको धुवाँको प्रवाहको आधारमा विभाजन ६
१.६ प्रथम, द्वितीय र तृतीय धुम्रपान (First hand, Second hand & Third hand Smoking) ६
१.७ सुर्तीजन्य पदार्थमा पाइने हानिकारक तत्वहरू ७
१.७.१ निकोटिन (Nicotine) ७
१.७.२ टार (Tar) ७
१.७.३ कार्वनमोनोक्साइड (Carbonmonoxide) ७
१.७.४ एमोनिया (Ammonia) ८
१.७.५ लिड (Lead) ८
१.७.६ ब्युटाडायन (Butadian) ८
१.७.७ एसिटलडिहाइड (Aceteldehyde) ८
१.७.८ एसिटोन (Acetone) ८
१.७.९ एक्रोलेइन (Achrolain) ८
१.७.१० अन्य (Others) ८
१.८ सुर्तीजन्य पदार्थको सेवनमा प्रभाव पार्ने तत्वहरू ९
१.८.१ सुर्तीजन्य पदार्थबाट हुने असरहरूबारे जनचेतनाको कमी ९
१.८.२ सामाजिक रीतिरिवाज, मूल्य र मान्यता १०
१.८.३ शिक्षाको कमी १०
१.८.४ विज्ञापन १०
१.९ सुर्तीजन्य पदार्थ सेवनका असरहरू ११
१.९.१ मानिसको स्वास्थ्यमा पार्ने असरहरू ११
१.९.१.१ तत्काल तथा दीर्घकालीन असरहरू ११
१.९.१.२ सुर्तीजन्य पदार्थले शरीरका विभिन्न अङ्गहरूमा पार्ने असरहरू १२
१.९.१.३ सुर्तीजन्य पदार्थको सेवनले उमेरअनुसार गर्ने असरहरू १७

अध्याय-२ सुर्तीजन्य पदार्थ सेवनका जोखिम समूहहरू २२
२.१ विद्यालय जाने र नजाने किशोरकिशोरीहरू २२
२.२ सुर्तीजन्य पदार्थ सेवन गर्ने परिवारका सदस्यहरू २२
२.३ औद्योगिक प्रतिष्ठानमा कार्यरत कामदारहरू, मजदुर तथा यातायात व्यवसायी २२
२.४ रेष्टुरेण्टमा जाने समूहहरू २२

अध्याय-३ नेपालमा सुर्तीजन्य पदार्थको उत्पादन २३
३.१ घरायसी खेती २३
३.२ व्यावसायिक खेती २३
३.३ उद्योगहरूको स्थापना र विस्तार २३

अध्याय-४ **सुर्तीजन्य पदार्थको नियन्त्रण तथा नियमन** **२४**
४.१ सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमनका उद्देश्यहरू २४
४.२ सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमनका उपायहरू २४
४.२.१ राजनैतिक प्रतिबद्धता २४
४.२.२ सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमनसम्बन्धी ऐन कानुनको व्यवस्था र प्रभावकारी कार्यन्वयन गर्ने २५
४.२.३ नयाँ सेवनकर्ताको रोकथाम गर्ने २५
४.२.४ सचेतना कार्यक्रम सञ्चालन गर्ने २५
४.२.५ सामाजिक परिचालन २५
४.२.६ अन्तरमन्त्रालय र सम्बन्धित सरोकारवालाहरूबीच समन्वयन २६
४.२.७ सुर्तीजन्य पदार्थको प्रयोगसम्बन्धी विभिन्न सर्वेक्षणहरू गर्ने २६
४.२.८ सुर्तीजन्य पदार्थ त्याग गर्न चाहनेहरूको लागि सेवा प्रदान गर्ने (Cessation Services) २६
४.३ सुर्तीजन्य पदार्थ छोड्दा हुने फाइदाहरू २७
४.४ सुर्तीजन्य पदार्थ नियन्त्रण गर्नको लागि समुदाय/सङ्गठन/कार्यलयको भूमिका २८
४.५ सुर्तीजन्य पदार्थविरुद्धका पहलहरू २९
अध्याय-५ **स्वास्थ्य कर र सुर्तीजन्य पदार्थमा कर** **३२**
५.१ स्वास्थ्य कर सङ्कलन ३२
५.२ नेपालमा स्वास्थ्य कर सङ्कलन र उपयोग ३२
५.३ सुर्तीजन्य पदार्थमा कर ३३
अध्याय-६ **सुर्तीजन्य पदार्थसम्बन्धी ऐन, नियमनसम्बन्धी प्रावधानहरू** **३४**
६.१ सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन २०६८ .... ३४
६.२ सुर्ती नियन्त्रणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि ३८
अध्याय-७ **स्वास्थ्यसम्बन्धी नीतिहरू** **३९**
७.१ सुर्तीजन्य पदार्थ नियन्त्रणसम्बन्धी राष्ट्रिय नीति ३९
७.१.१ प्रथम (सन् १९५६-१९६१) देखि सातौं (सन् १९८५-१९९०) पञ्चवर्षीय योजना ... ३९
७.१.२ राष्ट्रिय स्वास्थ्य नीति ३९
७.१.३ प्रथम र दोस्रो दीर्घकालीन योजना ४०
७.१.४ स्वास्थ्य क्षेत्र रणनीति र नेपाल स्वास्थ्य क्षेत्र कार्यक्रम कार्यान्वयन योजना ४०
७.१.५ राष्ट्रिय स्वास्थ्य सञ्चार नीति, २०६९ .... ४०
७.१.६ सुर्तीजन्य पदार्थविरुद्ध राष्ट्रिय सूचना, शिक्षा तथा सञ्चार रणनीति ४०
७.१.७ सुर्तीजन्य पदार्थविरुद्धका कार्यक्रमहरू ४२
७.१.८ विभिन्न निकायहरूको सुर्तीजन्य पदार्थ नियन्त्रण तथा रोकथाममा भूमिका र गरिएका पहलहरू ४६
अध्याय-८ **दिगो विकास लक्ष्य र सुर्तीजन्य पदार्थ** **५०**
८.१ परिचय ५०
८.२ दिगो विकास लक्ष्य र सुर्तीजन्य पदार्थ ५०
८.३ दिगो विकास लक्ष्यहरू ५६
अनुसूचीहरू :
अनुसूचि-१ सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन ५७
अनुसूचि-२ सुर्ती नियन्त्रण विषयक संरचना नीति महासन्धि ६७
सन्दर्भ सामग्रीहरू **९६**

अध्याय-१

सुर्तीजन्य पदार्थको परिचय

१.१ ऐतिहासिक पृष्ठभूमि

सुर्तीजन्य पदार्थ सेवन गर्ने बानी सबैभन्दा पहिले अमेरिकी महादेशमा प्रचलित रहेको पाइन्छ । युरापेलीहरूले अमेरिकाको खोजी गरिसकेपछि सोह्रौं शताब्दीदेखि मात्र सुर्तीजन्य पदार्थ सेवन गर्न थालेका हुन् । अमेरिकी रेड इण्डियन (Red Indian) सुर्तीजन्य पदार्थ सेवन गर्ने नलीलाई टोबागो भन्ने गर्दथे र यस्तो नलीमा उनीहरू एक प्रकारको सुर्तीजन्य पात हालेर सेवन गर्ने गर्दथे । विभिन्न उत्सव र समारोहहरूमा यस्तो नलीबाट सुर्तीजन्य पदार्थ सेवन गरिन्थ्यो । कालान्तरमा गएर यो बिरुवाको नाम 'निकोटिन' रहन गयो । यो बिरुवाको पातको सुर्तीजन्य पदार्थ सेवन गर्ने चलनलाई लोकप्रिय बनाउने फ्रेन्च व्यक्ति 'ज्याँ निकोट' को नामबाट यो बिरुवाको नाम 'निकोटियाना' हुन गएको हो । यो बिरुवाको पातबाट गरिने सुर्तीजन्य पदार्थ सेवनलाई युरोपमा राम्रो मानिदैनथ्यो ।

एकताका टर्कीमा सुर्तीजन्य पदार्थ सेवन गर्नेहरूका लागि मृत्युदण्ड दिने चलन पनि थियो । पछि गएर टर्कीमा आफ्नै ब्राण्डका सुर्तीजन्य पदार्थहरू प्रचलित भए । रसियाका बादशाहले सुर्तीजन्य पदार्थ सेवन गर्ने व्यक्तिको नाक चिर्ने र उनीहरूलाई कोर्रा लगाएर साइबेरिया निर्वासित गर्ने दण्डसजायको व्यवस्था गरेका थिए । यसर्थ सुर्तीजन्य पदार्थ सेवन गर्नेलाई शुरुआतदेखि नै राम्रो दृष्टिकोणले हेरिँदैनथ्यो । यसरी सुर्तीजन्य पदार्थ सेवन गर्नेलाई नराम्रो दृष्टिले हेरिएपछि यसको प्रयोगबाट मानव शरीरमा पर्ने नकारात्मक असर र रोगहरूको बारेमा जनचेतना जगाउन व्यापकरूपमा अभियान र कार्यक्रमहरू सञ्चालन गर्न थालियो । यस प्रकारका कार्यक्रमहरूमध्ये विश्व सुर्तीजन्य पदार्थरहित दिवस मनाउने कार्यक्रम पनि एक हो ।

सन् १९८७ को विश्व सुर्तीजन्य पदार्थरहित दिवसको सन्दर्भमा सुर्तीजन्य पदार्थ सेवनको महामारी, रोकथाम र यसका कारणहरूको सम्बन्धमा विश्व स्वास्थ्य सङ्गठनका सदस्य राष्ट्रहरूको ध्यानाकर्षण भयो । फलस्वरूप विश्व सुर्तीजन्य पदार्थरहित दिवस ३१ मे मा मनाउने घोषणा गरियो । यस दिवसका विभिन्न वर्षहरूको नारा तपसिलमा उल्लेख भएबमोजिम छन् :

1988 - Tobacco or Health: Choose health.
1989 - Women and tobacco: the female smoker: at added risk.
1990 - Childhood and youth without tobacco: growing up without tobacco.
1991 - Public places and transport: better be tobacco-free.
1992 - Tobacco free workplaces: safer and healthier.
1993 - Health Services: our window to be a tobacco-free world.
1994 - Media and tobacco: get the message across.
1995 - Tobacco costs more than you think.

1996 - Sport and art without tobacco: play it tobacco free.
1997 - United for a tobacco-free world.
1998 - Growing up without tobacco.
1999 - Leave the pack behind.
2000 - Tobacco kills, don't be duped.
2001 - Second-hand tobacco kills.
2002 - Tobacco- free sports.
2003 - Tobacco-free films, tobacco free fashion.
2004 - Tobacco and poverty, a viscious circle.
2005 - Health professional against tobacco.
2006 - Tobacco: deadly in any form or disguise.
2007 - Smoke-free inside.
2008 - Tobacco –free youth.
2009 - Tobacco health warning.
2010 - Gender and Tobacco with an emphasis on marketing to woman.
2011 - The WHO Framework Convention on Tobacco Control.
2012 - Tobacco Industry Interference.
2013 - Ban Tobacco Advertising Promotion and sponsorship.
2014 - Raise taxes on tobacco.
2015 - Stop illicit trade of tobacco products.
2016 - Get ready for plain packaging.
2017 - Tobacco: a threat to development.
2018 - Tobacco and heart diseases.
2019 - Tobacco and lung health.
2020 - Protecting youth from industry manipulation and preventing them from tobacco and nicotine use.
2021 - Commit to Quit: Quitters are Real Winners

१.२ सुर्तीजन्य पदार्थको सेवन

सुर्तीजन्य पदार्थ भन्नाले धुम्रपान वा सुर्ती सेवनको निमित्त बनाइएको वा उत्पादन गरिएको चुरोट, बिँडी, सिगार, तमाखु, सुल्फा, कक्कड, कच्चा सुर्ती, खैनी, गुट्खा, सुर्ती वा यस्तै प्रकारका अन्य सुर्तीजन्य पदार्थ भन्ने बुझिन्छ ।

चुरोट, बिँडी, तमाखु, कक्कड, सुर्ती, खैनी, सुर्ती मिसिएको पान, गुट्का आदिको सेवन गर्नुलाई धुम्रपान तथा सुर्तीजन्य पदार्थको सेवन भनिन्छ, जुन धुवाँको रूपमा वा सिधै मुखमा राखेर खाने गरिन्छ । धुवाँ निस्कनेमा चुरोट, बिँडी, हुक्का आदि पर्दछन् भने धुवाँरहितमा खैनी, गुट्का, सुपारी आदि पर्दछन् । यसमा निकोटिन नामक रसायन प्रसस्त मात्रामा पाइन्छ । सोही निकोटिनका कारण सेवन गर्न तलतल लाग्ने हुन्छ र अन्त्यमा सुर्तीजन्य पदार्थको कुलतमा फस्छन् ।

१.२.१ सुर्तीजन्य पदार्थ सेवनका कारणहरू

सुर्तीजन्य पदार्थ सेवन गर्ने विभिन्न कारणहरू हुन सक्छन्। सुर्तीजन्य पदार्थको अनुभव, यसबारे लागेको जिज्ञासा मेटाउन, देखासिकी, सिनेमा र विज्ञापनको प्रभाव, साथीभाइहरूको लहै लहैमा लागेर, परिपक्वता देखाउनका लागि, व्यक्तित्व बढाउने फेसनको रूपमा, मानसिक तनाव कम गर्ने र जाडो छल्ने जस्ता गलत धारणाका कारण सुर्तीजन्य पदार्थ सेवन गरेको पाइन्छ। विशेष गरी किशोरावस्थामा शुरु गर्ने गर्दछन् र जीवनभर यसको लत बस्ने गर्दछ।

जुनसुकै सुर्तीजन्य पदार्थमा पनि निकोटिन हुन्छ र त्यही निकोटिनले मानिसको मस्तिष्कमा असर गरी सेवन गर्न तलतल लाग्ने हुन्छ। यसले गर्दा नै सुर्तीजन्य पदार्थको लत बस्न गई खाने बानी बस्दछ। सुर्तीजन्य पदार्थहरूको प्रयोग जुनसुकै नाम र रूपमा भए पनि यसले सेवन गर्ने व्यक्ति स्वयं र उसको परिवारका सदस्यहरूलाई असर पुऱ्याइरहेको हुन्छ।

१.३ सुर्तीजन्य पदार्थ सेवनको वर्तमान अवस्था

१.३.१ विश्वमा सुर्ती सेवनको अवस्था

विश्वमा हरेक वर्ष ८० लाख मानिसहरूको मृत्यु सुर्तीजन्य पदार्थ सेवनको कारण हुने गर्दछ। तीमध्ये ७० लाख जति आफैले गरेको धुवाँयुक्त सुर्तीजन्य पदार्थको सेवन र १२ लाखभन्दा बढी मानिसहरू आफूले सेवन नगरे पनि अरूले सेवन गरेको धुवाँयुक्त सुर्तीजन्य पदार्थको असर (अप्रत्यक्ष सेवन) बाट मृत्यु हुने गरेको छ। त्यसैगरी विश्वभरिका १ खरब ३० करोड सुर्तीजन्य पदार्थको सेवनकर्तामध्ये ८० प्रतिशत न्यून र मध्यम आय भएका देशमा बसोवास गर्दछन्। यसैगरी उच्च आय भएका देशका ३९ प्रतिशत पुरुष र २२ प्रतिशत महिलाहरूले सुर्तीजन्य पदार्थ सेवन गर्दछन्। विश्व स्वास्थ्य सङ्गठनका अनुसार सुर्तीजन्य पदार्थले यसका ५० प्रतिशत सेवनकर्ताको ज्यान लिने गरेको छ। सुर्तीजन्य पदार्थमा श्वासप्रश्वास, मुटु तथा २० भन्दा बढी प्रकारका क्यान्सरसम्बन्धी रोगका प्रमुख जोखिमयुक्त तत्व पाइन्छन्। क्यान्सर, मुटुसम्बन्धी रोग, श्वासप्रश्वाससम्बन्धी रोग र दम जस्ता नसर्ने रोग लाग्नुको प्रमुख कारण पनि सुर्तीजन्य पदार्थ सेवन गर्नु हो। त्यसैगरी सुर्तीजन्य पदार्थको सेवनले क्षयरोग, एच.आई.भी. को संक्रमण भएका व्यक्तिहरूलाई झन बढी असर पुऱ्याउँदछ र यसले मानसिक समस्या र मदिराको हानिकारक प्रयोग जस्ता समस्या निम्त्याउँछ।

१.३.२ नेपालमा सुर्तीजन्य पदार्थ सेवनको अवस्था

NCD Risk Factors STEPS Survey Nepal 2019 का अनुसार नेपालमा कुल २८.९ प्रतिशत मानिसहरूले सुर्तीजन्य पदार्थ (धुम्रपान वा धुवाँरहित) को सेवन गर्दछन्। तीमध्ये ४८.३ प्रतिशत

पुरुष छन् भने ११.६ प्रतिशत महिलाहरू छन् । त्यसैगरी नेपालमा हाल धुम्रपान गर्नेहरू १७.१ प्रतिशत (२८ प्रतिशत पुरुष र ७.५ प्रतिशत महिला) रहेका छन् भने १८.३ प्रतिशत मानिस (३३.३ प्रतिशत पुरुष र ४.९ प्रतिशत महिला) हरू धुवाँरहित सुर्तीजन्य पदार्थको सेवन गर्दछन् । दैनिक धुम्रपान गर्नेमध्ये पहिलो पटक धुम्रपान गर्न शुरु गर्दाको औसत उमेर १७.८ (१७.७ पुरुष र १८.४ महिला) रहेको छ ।

नेपालमा करिब २७००० भन्दा बढी मानिसहरूको मृत्यु सुर्तीजन्य पदार्थको सेवनका कारण हुने गर्दछ, जुन कुल मृत्युको करिब १५ प्रतिशत हो । ती मृत्युमध्ये विशेष गरी सुर्तीजन्य पदार्थको सेवनका कारण हुने मुटुसम्बन्धी रोगका कारण २८ प्रतिशत मानिसहरूको मृत्यु हुने गर्दछ (Factsheet 2018 Nepal, WHO SEARO) । सुर्तीजन्य पदार्थको सेवनका कारण हुने नकारात्मक असरबारे जानकारीको कमी, अरूको देखासिकी, सानै उमेरदेखि सेवन गर्न सिक्ने, तनाव कम गर्न, शुरुआती दिनमा मनोरञ्जन र फेसनको रूपमा लिने र पछि यसको लत बस्न जाने हुनाले यसको सेवनमा वृद्धि भइरहेको छ । विगतका वर्षका तथ्याङ्कसँग तुलना गर्ने हो भने सुर्तीजन्य पदार्थको सेवनमा खासै कमी आएको छैन ।

१.४ सुर्तीजन्य पदार्थका प्रकारहरू

सुर्तीजन्य पदार्थ सेवनको आधारमा दुई भागमा बाँड्न सकिन्छ :

(क) **धुवाँयुक्त सुर्तीजन्य पदार्थहरू :** धुवाँयुक्त सुर्तीजन्य पदार्थहरूमा चुरोट, बिँडी, तमाखु, कक्कड, सुल्फा हुक्का आदि पर्दछन् ।

(ख) **धुवाँरहित सुर्तीजन्य पदार्थहरू :** मुख वा गिजामा राखेर सेवन गर्ने खैनी, जर्दा, नस तथा पान पराग आदि सुर्तीजन्य पदार्थहरू पर्दछन् । सुर्ती प्रयोग गरी सेवन गरिने विभिन्न तरिकाका पदार्थ वा प्रणालीलाई समष्टिगत रूपमा सुर्तीजन्य पदार्थ नै मानिन्छ । यस्ता पदार्थहरू स्वास्थ्यका लागि अत्यन्तै हानिकारक प्रमाणित भएका छन् ।

प्रत्येक सुर्तीजन्य पदार्थको संक्षिप्त परिचय यस प्रकार रहेको छ :

१.४.१ चुरोट

शुरुशुरुमा यसलाई सिगार भन्ने गरिन्थ्यो र सानो कागजको नलीमा बेरेर सेवन गर्ने गरिन्थ्यो । केही समयपछि यसमा सुर्ती राखेर उत्पादन गर्न थालियो । सिगारपछि चुरोटको नाम दिइएको यो सबैभन्दा घातक रोग लाग्न मद्दत गर्ने सुर्तीजन्य पदार्थ हो । चुरोट सेवन गर्ने व्यक्तिहरूमध्ये ५० प्रतिशत व्यक्तिहरूको मृत्यु यसको सेवनको कारणले लाग्ने रोगहरू जस्तै- दीर्घ श्वासप्रश्वास, क्यान्सर, मुटुरोग आदिबाट हुने गरेको पाइन्छ । शुरुमा यसको स्वाद मन

नपर्ने भएकाले पिउन अप्ठ्यारो हुने भए तापनि समयको परिवर्तनसँगै यसको स्वादमा परिवर्तन गरिएकोले सजिलै सेवन गर्न सकिने बनाइयो । अहिले बजारमा पाइने हल्का भनिएका चुरोटहरू पनि स्वास्थ्यका लागि अत्यन्त हानिकारक हुन्छन् ।

चुरोट वास्तवमा विषालु रसायनहरूको कारखाना हो । यसमा क्यान्सरजन्य रासायनिक पदार्थहरू पाइन्छन् । चुरोटको सेवन गर्दा यसमा भएका क्यान्सरजन्य रसायनहरू आगोमा (१००० डिग्री सेल्सियसमा) जल्ने भएकाले यसको सेवन आणविक भट्टीको विस्फोटक पदार्थसरह खतरायुक्त हुन्छ । यसको सेवन गर्दा आगोसँग मिलेर यसमा भएका रसायनहरू विषालु पदार्थमा परिणत हुन्छन् । यी विषालु पदार्थहरूमा निकोटिन, कार्वनमोनोक्साइड, एसिटलडिहाइड, एक्रोलेइन, फर्मलडिहाइड आदि प्रमुख हुन् । यी विषालु पदार्थहरू सिधै फोक्सोमा पुग्दछन् र फोक्सोमार्फत शरीरका अन्य अङ्गहरूमा पुगेपछि मानिसमा विभिन्न रोगहरू उत्पन्न गर्छन् । आधुनिक खालका चुरोटहरू स्वास्थ्यका लागि हानिकारक हुँदैनन् भन्ने विज्ञापनहरू बजारमा देखिने भए तापनि ती चुरोटहरू अत्यन्तै हानिकारक हुन्छन् ।

१.४.२ बिँडी

दक्षिणपूर्वी एसिया र मध्यपूर्वी क्षेत्रहरूमा परम्परागत रूपमा बिँडीको सेवन गर्ने गरिएको पाइन्छ । भारतमा यसको सेवन अत्यधिक गरिन्छ । सामान्यतया हेर्दा बिँडी चुरोटभन्दा सानो देखिए तापनि चुरोट जत्तिकै हानिकारक हुन्छ । अध्ययनहरूबाट पत्ता लागेअनुसार चुरोटमा जति निकोटिनको मात्रा हुन्छ, बिँडीमा पनि त्यत्ति नै निकोटिनको मात्रा हुन्छ । वास्तवमा यसको सेवन पटकपटक गर्दा शरीरमा निकोटिन र अन्य हानिकारक पदार्थहरूको मात्रा बढ्न जान्छ । यसको सेवनले गर्दा मुख, फोक्सो, पेट एवं श्वासनलीको संक्रमण एवं क्यान्सर र मुटुसम्बन्धी रोग लाग्ने सम्भावना बढी हुन्छ ।

१.४.३ हुक्का (तम्बाकु)

दक्षिणपूर्वी एसिया र मध्यपूर्वी क्षेत्रहरूमा हुक्का (तम्बाकु) मार्फत परापूर्वकालदेखि नै सुर्तीजन्य पदार्थको सेवन गरिँदै आएको पाइन्छ । यसमा प्रत्यक्ष धुवाँ नताने पनि नलीको माध्यमबाट पानीमा मिसिएर आएको धुवाँसहितको सुर्तीजन्य पदार्थ सेवन गरिन्छ । यसको सेवन गर्नाले पनि चुरोट र बिँडीको सेवन गरेजस्तै शरीरमा निकोटिनलगायत अन्य हानिकारक रसायनहरूको प्रवेश हुन्छ जसबाट दम, खोकी, फोक्सोको संक्रमण, मुख, घाँटी, स्वरयन्त्र, आमाशय र फोक्सोको क्यान्सर हुने सम्भावना हुन्छ ।

१.४.४ गुट्खा

भारत र दक्षिणपूर्वी एशिया क्षेत्रमा मुखमा राखेर सेवन गरिने सुर्तीजन्य पदार्थ मिसाइएका सुपारीका सानासाना कुट्कालाई गुट्खा भनिन्छ । गुट्खा चपाएर सेवन गरिने भएकाले युवायुवती र महिलाहरूले समेत यसको सेवन गरेको पाइन्छ । यसको सेवन गर्नाले मुखमा घाउ हुनुको साथै अनावश्यक कोषहरूको वृद्धि हुन्छ, अन्ततोगत्वा क्यान्सरसमेत हुन्छ ।

कुनै पनि सुर्तीजन्य पदार्थहरूमा हानिकारक तत्वहरू कम गरिएको छ भन्दैमा वा सोको बारेमा विज्ञापन गर्दैमा वैज्ञानिक अध्ययनविना त्यस्तो पदार्थको उत्पादनमा निकोटिनलगायत शरीरको लागि हानिकारक र विषालु तत्वहरूको मात्रा कम नहुने होइन । त्यसकारण जुनसुकै सुर्तीजन्य पदार्थहरू सेवन गर्नु हुँदैन ।

१.५ धुवाँयुक्त सुर्तीजन्य पदार्थको धुवाँको प्रवाहको आधारमा विभाजन

(क) **प्रथम,** धुवाँसहितको सुर्तीजन्य पदार्थ तान्ने तथा छाड्ने गर्दा निस्केको धुवाँलाई धुवाँको मुख्य प्रवाह (Main Stream) पनि भनिन्छ ।

(ख) **दोस्रो,** धुवाँयुक्त सुर्तीजन्य पदार्थ नतानेको बेला चुरोटबाट आफै निस्किरहेको धुवाँलाई धुवाँको सहायक प्रवाह (Side Stream) पनि भनिन्छ ।

(ग) **तेस्रो,** बाफको रूपमा चुरोटबाट वातावरणमा अदृश्य रूपमा मिसिएको धुवाँ, जसलाई वाष्परूप (Vapour Phase) पनि भनिन्छ ।

१.६ प्रथम, द्वितीय र तृतीय धुम्रपान (First hand, Second hand & Third hand Smoking)

चुरोट, बिँडी, सिगार जस्ता सुर्तीजन्य पदार्थ सेवन गर्दा सेवन गर्ने व्यक्तिले एक किसिमको धुवाँ खाने गर्दछ र यसलाई First hand smoking भनिन्छ । यस्तो धुवाँमा स-साना तर निकै नै हानिकारक तत्वहरू हुन्छन् र यसले मानव स्वास्थ्यमा असर गर्दछ ।

त्यसैगरी अरूले गरेको धुम्रपानबाट निस्कने धुवाँलाई Second hand smoking भनिन्छ । यो पनि निकै नै हानिकारक हुन्छ र धुम्रपान नगर्ने व्यक्तिलाई पनि धुम्रपान गर्ने व्यक्तिसरह नै असर गर्दछ ।

कोही व्यक्तिले यदि धुम्रपान गरेको छ भने त्यस ठाउँ वा कोठामा धेरै दिन पछिसम्म पनि धुवाँ र यससँगै स-साना हानिकारक तत्व सतह, कार्पेट, आदिमा रहिरहन्छ र यसलाई Third hand smoking भनिन्छ । यसबाट विशेष गरी बालबालिकाहरूलाई बढी असर हुने गरेको देखिन्छ ।

१.७ सुर्तीजन्य पदार्थमा पाइने हानिकारक तत्वहरू

विभिन्न परीक्षण र अध्ययनहरूले जुनसुकै प्रकारका सुर्तीजन्य पदार्थमा ७००० किसिमका विषालु रासायनिक तत्वहरू भएको पाइएको छ । ती तत्वहरूमध्ये २०० देखि ४०० भन्दा बढी साह्रै हानिकारक रसायनहरू पाइन्छन् । सुर्तीजन्य पदार्थमा पाइने ती रासायनिक तत्वहरूमा क्यान्सरजन्य ७० प्रकारका हानिकारक तत्वहरू भएको प्रमाणित भएको छ । चुरोट, बिँडी र कक्कडको धुवाँलगायतका सुर्तीजन्य पदार्थमा हजारौं विषादी र रसायनहरूको जटिल पदार्थको मिश्रण भएकाले यसको धुवाँले नजिकै बस्ने मानिसलाई पनि सेवनकर्तासरह असर गर्ने गर्दछ । धुवाँयुक्त सुर्तीजन्य पदार्थमा मुख्यतया निकोटिन, टार र कार्वनमोनोक्साइड जस्ता विषालु तत्व बढी पाइन्छ ।

१.७.१ निकोटिन (Nicotine)

निकोटिन सुर्तीमा पाइने एउटा विषादी तत्व हो । यसले शरीरका सबैजसो अङ्गहरूलाई आफ्नो प्रभावमा पारी लतसमेत बसाउँदछ । एक/दुईपटक सुर्तीजन्य पदार्थ सेवन गर्दा यसमा पाइने निकोटिन नामक तलतल लगाउने तर अत्यन्त हानिकारक तत्व रगतको माध्यमबाट शरीरका विभिन्न भागमा पुगी ८ देखि १० घण्टासम्म रहन्छ । यसले मुटु र अन्तस्राबी ग्रन्थी (Endocrine Gland) लाई समेत प्रत्यक्ष वा अप्रत्यक्ष नकारात्मक असर पुऱ्याउँछ ।

१.७.२ टार (Tar)

सुर्तीजन्य पदार्थमा पाइने एक किसिमको च्यापच्याप लाग्ने हानिकारक रासायनिक तत्व टार हो । यसले सेवन गर्नेलाई तलतल, बेचैन, के गरौं कसो गरौं भन्ने अस्थिरता ल्याउने, काममा एकाग्र हुन नदिने, बढी मात्रामा धुम्रपान गराउन उत्साहित गराउन मद्दत गर्दछ ।

१.७.३ कार्वनमोनोक्साइड (Carbonmonoxide)

सुर्तीजन्य पदार्थ सेवन गर्दा निस्कने कार्वनमोनोक्साइडले मानव स्वास्थ्यलाई निकै हानि पुऱ्याउँछ । कार्वनमोनोक्साइड चुरोटबाट भन्दा सिगारबाट धेरै मात्रामा निस्कने गर्दछ । एक खिल्ली चुरोटबाट २० मिलिग्रामभन्दा बढी कार्वनमोनोक्साइड निस्कन्छ भने एउटा सिगारबाट ८० मिलिग्राम कार्वनमोनोक्साइड निस्कन्छ । सुर्तीजन्य पदार्थ सेवन गर्दा कार्वनमोनोक्साइड शरीरभित्र प्रवेश गर्दछ र फोक्सोमा अक्सिजनसँग मिल्न गई शरीरमा रगतको आपूर्तिलाई असहज र अव्यवस्थित गरिदिन्छ । जसकारण मुटुको चाल बढ्ने, टाउको दुख्ने र आँखासम्बन्धी रोग (Angina Impaired Vision) लाग्न सक्दछ ।

१.७.४ एमोनिया (Ammonia)

सुर्तीजन्य पदार्थमा पाइने एमोनियाले शरीरमा विषाणुहरूको संक्रमण हुनसक्ने अवस्थालाई बढाउँछ । एमोनियाले दीर्घ श्वासप्रश्वाससम्बन्धी रोगहरू लाग्न मद्दत पुऱ्याउँछ ।

१.७.५ लिड (Lead)

सुर्तीजन्य पदार्थमा पाइने लिड साह्रै विषालु धातु हो । यसले मस्तिष्क, मृगौला, स्नायुप्रणाली तथा राता रक्तकोषहरूलाई क्षति पुऱ्याउँछ । शिशुहरूमा कमजोर शारीरिक बनोट हुने भएकाले यसका प्रत्यक्ष नकारात्मक असर जस्तै- शारीरिक विकासमा ढिलाइपन, मानसिक सुस्तपनाका साथै अन्य समस्याहरू ल्याउन सक्छ ।

१.७.६ ब्युटाडायन (Butadian)

सुर्तीजन्य पदार्थमा पाइने ब्युटाडायनले आँखा, नाक, घाँटी र फोक्सोलाई असर पुऱ्याउनुका साथै टाउको दुख्ने, आँखाको दृष्टि कम हुँदै जाने, थकाइ लाग्ने, रिङ्गटा लाग्नेसमेत हुन्छ । यसले मुटुका रोगहरूको साथै क्यान्सर समेत उत्पन्न गराउन सक्छ ।

१.७.७ एसिटलडिहाइड (Aceteldehyde)

सुर्तीजन्य पदार्थमा पाइने एसिटलडिहाइडले आँखा, छाला र फोक्सोलाई असर पुऱ्याउनुका साथै फोक्सो सुन्निने र फोक्सोभित्रका कोषहरूको मृत्यु पनि गराउन सक्छ ।

१.७.८ एसिटोन (Acetone)

सुर्तीजन्य पदार्थमा पाइने एसिटोनले आँखा र नाकमा विभिन्न प्रतिकूल असरहरू पुऱ्याउँछ ।

१.७.९ एक्रोलेइन (Achrolain)

सुर्तीजन्य पदार्थमा विषालु पदार्थ एक्रोलेइन हुन्छ। यसले फोक्सो र आँखामा असर पुऱ्याउँछ ।

१.७.१० अन्य (Others)

सुर्तीजन्य पदार्थमा निकोटिन, टार र कार्वनमोनोक्साइड, एमोनिया, लिड, ब्युटाडायन, एसिटलडिहाइड, एसिटोन, एक्रोलेइनका साथै अन्य हजारौं किसिमका हानिकारक रासायनिक तत्वहरू पाइन्छन् जुन स्वास्थ्यका लागि अति हानिकारक छन् । तीमध्ये केही मुख्य तत्वहरू

निम्नानुसार छन् :

१. एक्रोलोनाइट्राइल	२. बेन्जोपाइरिन	३. ब्युटाडायरल्डिहाइड	४. बेन्जो एन्थ्रासिन
५. आर्सनिक	६. केड	७. फर्मलडिहाइड	८. बेन्जिन
९. मर्करी	१०. हाइड्रोजन साइनाइड	११. एसिटोन	१२. क्रोटोनल्डिहाइड
१३. क्याचेकोल	१४. मिथाइल	१५. निकेल	१६. नाइट्रिक अक्साइड
१७. पी-हाइड्रोक्विनोल	१८. फेनोल	१९. प्रोपिनोलल्डिहाइड	२०. क्वीनोलिन
२१. सेलेनियम	२२. स्ट्राइन		

१.८ सुर्तीजन्य पदार्थको सेवनमा प्रभाव पार्ने तत्वहरू

हाम्रो गाउँघरमा सुर्तीका बोटहरू लगाएको पाइन्छ। साधारणतया सुर्तीको व्यावसायिक उत्पादन र प्रशोधन नगरिए पनि धेरैजसो ठाउँमा यसलाई नगदेबालीका रूपमा लिइन्छ। सुर्तीजन्य पदार्थको उत्पादन र उपभोग गर्नमा जनचेतना, सामाजिक रीतिरिवाज, विज्ञापन आदिले प्रभाव पारेको पाइन्छ। त्यसैले यी कुराहरूलाई विचार गर्दै सुर्तीजन्य पदार्थको खेतीलाई निरुत्साहित गर्नुपर्छ।

१.८.१ सुर्तीजन्य पदार्थबाट हुने असरहरूबारे जनचेतनाको कमी

करिब ३३ प्रतिशत जनताहरू अशिक्षित रहेको हाम्रो देशमा धुम्रपान तथा सुर्ती सेवनबाट के कस्ता समस्याहरू निम्त्याउन सक्छन् र स्वास्थ्यमा के कस्तो असर गर्दछ भन्नेबारे ज्ञान नहुनाले पनि यसको सेवनको दरमा न्यूनीकरण गर्न सकिरहेको छैन। साथै थाहा हुनेले पनि यसलाई त्यागी स्वस्थ व्यवहार अपनाउन सकिरहेका छैनन्। धुवाँयुक्त सुर्तीजन्य पदार्थ, चुरोट आदि सेवन गर्दा निस्कने धुवाँले नजिकै रहेका अरू मानिसलाई समेत असर गर्छ भन्ने कुरा प्रमाणित भइसकेको छ। तर अधिकांश अम्मलीहरू आफ्ना बालबालिका, घरपरिवारका अन्य सदस्यहरू तथा साथीभाइहरूबीच बसेर विनासङ्कोच चुरोट, बिँडी सेवन गरिरहेका हुन्छन्। कतिपय ठाउँहरूमा अझै चेतनाको अभाव, शिक्षाको कमीको कारण गर्भवती महिलाले समेत सेवन गर्ने जसकारण गर्भभित्रको शिशुलाई समेत असर गरी विभिन्न जटिलताहरू : कम तौल भएको बच्चा जन्मनु, समय नपुग्दै जन्मने, बच्चाको वृद्धि तथा विकासमा असर गर्ने जस्ता समस्या निम्त्याउन सक्दछ। आजभोलिका युवाहरूले विद्युतीय चुरोट (e-cigarette) व्यापक रूपमा प्रयोग गरिएको पाइन्छ जुन विभिन्न आकर्षक डिजाइन र ढाँचामा बजारमा पाइन्छ। यसमा पनि निकोटिन हुने हुनाले यो पनि चुरोट जत्तिकै हानिकारक हुन्छ। विद्युतीय चुरोटमा निकोटिन हुँदैन भन्ने जनसमुदायमा रहेको अवधारणा एकदमै गलत हो।

१.८.२ सामाजिक रीतिरिवाज, मूल्य र मान्यता

परम्परागत रूपमा सुर्तीजन्य पदार्थको सेवनलाई घृणाको रूपमा नहेरी समाजमा घुलमिल गर्ने माध्यमको रूपमा पनि हेरिएको हुँदा यसलाई सर्वत्र स्वीकार गरियो । समाजमा चुरोट वा अन्य कुनै पनि किसिमको सुर्तीजन्य पदार्थ सेवन गर्नुलाई नराम्रो रूपमा लिइँदैन । कुनै पनि चाडबाड, भोजभतेर हुँदा पनि सुर्तीजन्य पदार्थलाई आफ्ना पाहुनाहरूलाई अरू खानेकुरासरह नै दिने प्रचलन छ । कामदारहरूलाई काम लगाउँदा ज्यालाको एक हिस्साको रूपमा वा यत्तिकै पनि सुर्तीजन्य पदार्थ दिइने गरिन्छ । यसरी सामाजिक रीतिरिवाजले पनि सुर्तीजन्य पदार्थबाट उत्पन्न हुने महामारीलाई सहयोग पुऱ्याइरहेको छ ।

आजको दिनमा सुर्तीजन्य पदार्थ सेवन गर्नु सामान्य व्यवहार बनिसकेको छ जुन एकदम नै गलत कुरा हो । आजकल स्कुल-कलेजका विद्यार्थीहरू साथीहरूको लयलयमा लागेर, देखासिकी र फेसनको नाममा सुर्तीजन्य पदार्थ सेवन गर्न हिचकिचाउँदैनन् । बिस्तारै समयसँगै यो लतमा परिणत भई भविष्यमा उनीहरू यसको अम्मली बन्न पुग्छन् । त्यसैले यो उमेर समूहलाई ध्यानमा राखी व्यापक रूपमा कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने कुरामा जोड दिन जरुरी छ ।

१.८.३ शिक्षाको कमी

शिक्षितले भन्दा अशिक्षितहरूले सुर्तीजन्य पदार्थको सेवन बढी गरेको पाइन्छ । NDHS 2016 को तथ्याङ्क हेर्ने हो भने १३% अशिक्षित महिला र ३८% पुरुषले चुरोट सेवन गर्दछन् भने एस.एल.सी वा उच्च शिक्षा हासिल गरेकाहरूमा यो दर निकै कम (१% महिला र १९% पुरुष) छ । यसले जतिजति पढाइको स्तर बढ्दै जान्छ उति सुर्तीजन्य पदार्थ सेवनको अनुपात पनि घट्दै गइरहेको देखिन्छ । शुरुशुरुमा अभिभावकले छोराछोरीलाई चुरोट सल्काउन पठाउने वा गोठालो जाँदा साथीभाइको सङ्गतले उनीहरू सुर्तीजन्य पदार्थको लतमा फस्छन् । हाम्रो गाउँघरका गरिब किसानका छोराछोरीले ८-९ वर्षको उमेरदेखि नै सुर्तीजन्य पदार्थ सेवन गर्न सिकेको उदाहरण प्रसस्त पाइन्छ ।

१.८.४ विज्ञापन

सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन, २०६८ लागु भइसकेको छ । यस ऐनमा उत्पादकलगायत कसैले पनि पत्रपत्रिका तथा रेडियो, टेलिभिजन जस्ता कुनै पनि सञ्चारका माध्यम, आवाज, चिह्न, भित्तेलेखन, लोगो जस्ता कुनै पनि माध्यमबाट सुर्तीजन्य पदार्थको विज्ञापन वा प्रबर्द्धन गर्न वा कुनै कार्यक्रम समाचार वा सूचना सम्प्रेषण वा प्रायोजन गर्न पाउने छैन भनी स्पष्ट रूपमा उल्लेख गरेको छ। तर पनि सुर्ती उद्योगहरूले आधुनिक

सञ्चार माध्यमहरू जस्तै- सामाजिक सञ्जाल, इन्टरनेट, अनलाइन किनमेल (shopping) मार्फत विज्ञापन गरिरहेका हुन्छन् ।

१.९ सुर्तीजन्य पदार्थ सेवनका असरहरू

सुर्तीजन्य पदार्थको सेवनले धेरै किसिमका नकारात्मक असरहरू गर्दछन् । यसको सेवन गर्ने व्यक्ति प्रत्यक्ष रूपमा नकारात्मक असरबाट प्रभावित हुन्छ भने सेवनकर्ताका परिवारका सदस्यहरू र साथीभाइ पनि प्रभावित भइरहेका हुन्छन् । एकातिर यसले व्यक्तिमा विभिन्न खाले स्वास्थ्य समस्याहरू निम्त्याउँछ भने अर्कातिर पारिवारिक, सामाजिक, आर्थिक, वातावरणमा समेत नकारात्मक प्रभाव परिरहेको हुन्छ ।

१.९.१ मानिसको स्वास्थ्यमा पार्ने असरहरू

१.९.१.१ तत्काल तथा दीर्घकालीन असरहरू

(क) मानिसको स्वास्थ्यमा पार्ने तत्काल असरहरू

- झुम्म पार्ने, केही बेर मस्तिष्क चनाखो हुने र पछि सुस्त हुने
- रक्तनलीमा बोसोजन्य पदार्थ (कोलेस्टेरोल) को मात्रा बढाउने
- आँखा, घाँटी र मुखमा अप्ठ्यारो हुने
- हात काम्ने
- पेटमा अम्लको मात्रा बढाउने
- छालाको तापक्रम घटाउने
- मुटुको धड्कन बढाउने
- यौन चाहनामा कमी आउने इत्यादि ।

(ख) मानिसको स्वास्थ्यमा पार्ने दीर्घकालीन असरहरू

सुर्तीजन्य पदार्थको सेवन गर्ने व्यक्तिहरूलाई विभिन्न किसिमका रोगहरू लाग्न र अन्य नकारात्मक असरहरू पर्न सक्छन् । कुनै पनि सुर्तीजन्य पदार्थको सेवन गर्नेहरूमा दीर्घकालमा देखापर्ने मुख्य रोग तथा असरहरू यस प्रकार छन् :

- विभिन्न किसिमका क्यान्सर (फोक्सो, मुख, घाँटी, रगत, पेट लगायतका शरीरका सम्पूर्ण अङ्गहरू)
- मुटुसम्बन्धी रोगहरू, हृदयघात
- मस्तिष्कघात
- दम, खोकी, क्षयरोग, निमोनिया र दीर्घ श्वासप्रश्वास अवरोधसम्बन्धी रोग

- मधुमेह
- पेटमा घाउ
- कपाल झर्ने, श्रवणशक्ति कमजोर
- छाला चाउरीने र औँला र नङहरू पहेँलो हुने
- दाँत र गिजा बिग्रने
- हाड कमजोर हुने
- गर्भवती महिलाले सुर्तीजन्य पदार्थ सेवन गर्दा वा नजिकै बसेकाले गरेको धुम्रपानले गर्भमा रहेको शिशुको वृद्धि विकासमा असर गर्ने वा कम तौल भएको बच्चा जन्मिने

१.९.१.२ सुर्तीजन्य पदार्थले शरीरका विभिन्न अङ्गहरूमा पार्ने असरहरू

सुर्तीजन्य पदार्थको सेवनको कारण लाग्ने रोग र मृत्यु सुर्तीजन्य पदार्थको सेवनको दर बढेसँगै बढ्दै जान्छ तर यसले शरीरलाई असर पुऱ्याउने क्रम भने शुरु गरेको दिनदेखि नै प्रारम्भ भइसकेको हुन्छ। नियमित रूपमा सुर्तीजन्य पदार्थ सेवन गर्ने व्यक्तिले सेवन नगर्ने व्यक्तिको तुलनामा औसतमा आफ्नो जीवनको १० देखि ११ वर्ष गुमाउँछन्। यसका साथै यसले निम्त्याउने वातावरणीय प्रदूषणले पनि क्यान्सर, मुटुरोग लगायत विभिन्न घातक स्वास्थ्य समस्या टाउकोदेखि पैताला असर गरी निम्नानुसारका विभिन्न जटिल स्वास्थ्य समस्या निम्त्याउन सक्दछन्। (Tobacco Atlas, 2018)

१. आँखा

सुर्तीजन्य पदार्थको सेवनले अन्धोपना, मोतिबिन्दु, आँखामा अप्ठ्यारो हुने (stinging), झिमझिम हुने (blinking) र आँसु आइरहने जस्ता समस्या हुन सक्दछ।

२. मस्तिष्क

सुर्तीजन्य पदार्थको सेवनले मस्तिष्कघात हुन सक्दछ। यस्ता पदार्थमा पाइने निकोटिनले यसको लत बनाइदिन्छ।

३. कपाल

सुर्तीजन्य पदार्थको सेवनले कपाल झर्ने, कपालको रङ्गमा परिवर्तन आउने र **तालु खुइलिने समस्या हुन सक्छ।**

४. नाक

सुर्तीजन्य पदार्थमा Nasal Cavity को क्यान्सर, Chronic Rhinosinusitis र गन्ध सुघ्ने क्षमतामा समेत असर गर्न सक्छ ।

५. दाँत

सुर्तीजन्य पदार्थले दाँतमा पनि असर गर्दछ । दाँत झर्ने, दाँत हल्लिने, अत्यधिक मात्रामा दाँतमा लेउ (Plaque) जम्ने, दाँतको रङ्गमा परिवर्तन हुने, पहेँलो, कालो वा रातो हुने जस्ता समस्या हुन्छ ।

६. मुख तथा घाँटी

सुर्तीजन्य पदार्थको सेवनले ओठ, मुख, घाँटी, larynx र pharynx को क्यान्सर हुनुका साथै घाँटी दुख्ने जस्ता रोग लाग्न सक्छ । त्यसैगरी स्वाद थाहा नपाउने र मुख गन्हाउने जस्ता समस्या हुन्छ ।

७. कान

सुर्तीजन्य पदार्थका अम्मलीको श्रवणशक्ति कम उमेरमै कमजोर हुने र अत्यमा बहिरोपन हुन्छ । साथै कानको संक्रमण पनि हुन्छ ।

८. फोक्सो र श्वासप्रश्वास प्रणाली

सुर्तीजन्य पदार्थको सेवनले फोक्सो, Bronchus र Tracheal क्यान्सर हुने, दीर्घ श्वासप्रश्वास सम्बन्धी रोग, Emphysema, गम्भीर ब्रोनकाइटिस (Chronic Bronchitis), श्वासप्रश्वास प्रणाली (निमोनिया, क्षयरोग), छिटोछिटो सास फेर्ने, Asthma, खोकी लाग्ने आदि समेत हुन्छ । यसले फोक्सोमा अक्सिजन पुर्‍याउने नलीहरूमा अवरोध गर्छ र सास फुल्ने समस्या देखिन्छ ।

९. मुटु

सुर्तीजन्य पदार्थले मुटुको धड्कन तीव्र पार्छ । रक्तचाप बढ्छ र उच्च रक्तचाप हुने सम्भावना बढाउँछ । जसकारण हृदयघात हुन्छ । यसैगरी Atherosclerosis (damage and occlusion of coronary vasculature) पनि हुन्छ ।

१०. छाती, पेट र कलेजो

Esophageal क्यान्सर, ग्यास्ट्रिक, कोलन, प्यान्क्रियाटिक क्यान्सर, अल्सर आदि हुन्छ । साथै स्तन क्यान्सर र कलेजोको क्यान्सर पनि हुन्छ ।

११. पुरुषको प्रजननमा असर

सुर्तीजन्य पदार्थको सेवनले पुरुषको शुक्रकीट कमजोर हुन्छ र शुक्रकीटको संख्या, चालमा समेत असर गरी नपुंसकता हुने समस्या निम्त्याउन सक्छ । त्यसैगरी प्रोस्टेटको क्यान्सर समेत गराउन सक्दछ । त्यसकारण सुर्तीजन्य पदार्थ सेवन गर्ने दम्पतीहरूमा बाँझोपनको समस्या बढी हुन्छ ।

१२. महिलाको प्रजननमा असर

सुर्तीजन्य पदार्थको सेवनले महिलाहरूमा पाठेघरको मुख (cervical cancer) र डिम्वासय (ovarian cancer) हुन्छ । त्यसैगरि बाँझोपन हुने, महिनावारी समय अगावै रोक्किने जस्ता समस्या हुन सक्छ । सुर्तीजन्य पदार्थ सेवन गर्ने महिलामा गर्भावस्था र प्रसव अवस्थामा जटिलताहरू थपिने गर्छन् । सुर्तीजन्य पदार्थ सेवन गर्ने गर्भवती महिलाको शिशु कमतौलको जन्मने र पछि पनि शिशुको स्वास्थ्य कमजोर हुने गर्छ । साथै मृत बच्चा जन्मने र अचानक शिशुको मृत्यु हुने (Sudden Infant Death Syndrome) पनि हुन्छ । सुर्तीजन्य पदार्थ सेवन गर्नेको एस्ट्रोजन (Estrogen) नामक हर्मोन निस्कन बाधा पुऱ्याउँदछ जसकारण उमेर नपुगी महिनावारी बन्द हुन सक्छ (Early menopause) ।

१३. मुत्रथैली र मृगौला

सुर्तीजन्य पदार्थले मुत्रथैली, मुत्रनली र मृगौलाको क्यान्सर हुने सम्भावना हुन्छ ।

१४. हात

हातमा रक्तसञ्चार राम्रोसँग नभएर हातहरू चिसो हुने, सुर्तीजन्य पदार्थको धुवाँको कस औँला र नङमा जम्मा हुँदै जान्छ । औँला र नङहरूमा खैरो र पहेँलो दाग बस्छ । त्यसले गर्दा हात पहेँलो देखिने र गन्हाउने हुन्छ ।

१५. छाला

समयअगावै छाला चाउरी पर्ने, फुस्रो भएर खुम्चिने, छालाको रङमा परिवर्तन हुन्छ । यसका

साथै छालाको क्यान्सर र सोरियासिस (psoriasis) हुन सक्छ। सोरियासिस (psoriasis) चिलाउने, राता र सेता कत्ला देखा पर्ने एक किसिमको नसर्ने छालाको रोग हो।

१६. हाडजोर्नी

सुर्तीजन्य पदार्थका अम्मलीको हड्डीको घनत्व (Density) कम गराउँछ र Hip Fracture लगायत अन्य हड्डीहरू भाँचिने सम्भावना हुन्छ। साथै ढाड दुख्ने, Bone marrow क्यान्सर हुने र Rheumatoid Arthritis आदि हुने सम्भावना हुन्छ।

१७. घाउ तथा दुर्घटना

सुर्तीजन्य पदार्थ सेवनकर्ताहरूमा घाउ चाँडो निको नहुने, चुरोट, सिगार बाल्ने क्रममा शरीर पोल्ने वा आगलागी जस्ता दुर्घटना समेत हुने गर्छ।

१८. खुट्टा र पैताला

यसको सेवनले खुट्टा तथा पैतालामा विभिन्न स्वास्थ्य समस्याहरू जस्तै- खुट्टा दुख्ने, औँला र पैतालामा रक्तसञ्चार राम्रोसँग नभएर Gangrene हुने र Peripheral vascular disease र Deep Vein Thrombossis हन्छ।

१९. रक्तसञ्चार

रक्तसञ्चारमा समस्या उत्पन्न भई Buergers's Disease (Inflammation of arteries, vein and nerves in the leg) र Acute Myeloid leukemia हुन्छ।

२०. रोग प्रतिरोधात्मक क्षमता

सुर्तीजन्य पदार्थ सेवन गर्नेहरूमा रोग प्रतिरोधात्मक क्षमता कमजोर हुने र यसकारण सजिलै संक्रमण हुन सक्ने हुन्छ। यसका साथै विभिन्न किसिमका allergy हरू समेत हुन सक्छन्।

२१. अन्य रोग

- मधुमेह
- अचानक मृत्यु हुने

१.९.१.३ सुर्तीजन्य पदार्थको सेवनले उमेरअनुसार गर्ने असरहरू

सुर्तीजन्य पदार्थको सेवनबाट सेवन गर्ने व्यक्ति मात्र नभएर सिङ्गै परिवारलाई समेत असर गर्दछ। सुर्तीजन्य पदार्थ सेवनकर्ताले खाएको धुवाँको असर र उसको नजिकै बसेकाले खाने धुवाँको असर उत्ति नै हुन्छ। त्यस्ता केही असरहरू यस प्रकार छन् :

क. गर्भवती महिला र सुर्तीजन्य पदार्थ

गर्भवतीले आफै वा घरमा अरू कसैले धुम्रपान गरेको धुवाँले गर्भवतीका साथै उनको गर्भमा रहेको शिशुमा निम्न प्रकारका असरहरू गर्न सक्छन् :

- गर्भपतन हुने
- कमतौलको शिशु जन्मने
- समय नपुगी नै शिशु जन्मने
- मरेको बच्चा जन्मने
- शिशुको अकस्मात मृत्यु हुने (Sudden Infant Death Syndrome known as SIDS or crib death)
- गर्भाशयभन्दा बाहिर गर्भधारण (Ectopic pregnancy) हुने र जन्मेपश्चात् पनि अरू विभिन्न स्वास्थ्य समस्या हुन सक्छ।

ख. शिशु र सुर्तीजन्य पदार्थ

सुर्तीजन्य पदार्थ सेवन गर्ने आमाबाट जन्मेका एक वर्षमुनिको शिशुहरूमा सबैभन्दा बढी असर हुने गर्दछ। उनीहरूको फोक्सो कलिलो र सानो हुनुका साथै शरीरमा रोगसँग लड्न सक्ने क्षमता पनि कम हुने भएकाले सुर्तीजन्य पदार्थले त्यस्ता शिशुहरूमा बढी असर गर्छ। यदि शिशुको आमा, बुबा तथा अन्य कुनै व्यक्तिले शिशु बस्ने, सुत्ने कोठामा वा छेउमा बसी सुर्तीजन्य पदार्थ सेवन गरेको खण्डमा शिशुलाई निम्न प्रकारका रोगहरू लाग्न सक्छन् :

- श्वासप्रश्वाससम्बन्धी रोगहरू
- शारीरिक र मानसिक वृद्धि तथा विकासमा असर
- क्यान्सर

ग. बालबालिका र सुर्तीजन्य पदार्थ

बालबालिकाहरूमा First hand र second hand smoking को असरको कारण दम, श्वासप्रश्वाससम्बन्धी रोग, क्यान्सर हुन्छ। साथै उनीहरूको शारीरिक र मानसिक वृद्धि विकासमा पनि असर गर्दछ। बालबालिकाहरूले घरका सदस्यले गरेको धुम्रपान तथा अन्य किसिमका

सुर्तीजन्य पदार्थ सेवन गरेको देखेमा त्यसको देखासिकी गर्छन् । जसले गर्दा सानै उमेरबाट सुर्तीजन्य पदार्थको सेवन शुरु गरी लामो समयसम्म अमल्ली भई उनीहरूको स्वास्थ्यमा गम्भीर असर पर्ने हुन्छ ।

ङ. किशोरावस्था तथा युवावस्था र सुर्तीजन्य पदार्थ

प्रायःजसो सुर्तीजन्य प्रयोगकर्ताहरूले किशोरावस्था तथा युवावस्थामा सुर्तीजन्य पदार्थको सेवन शुरु गर्छन् । दैनिक धुम्रपान गर्नेहरूले पहिलो पटक धुम्रपान औसत रूपमा १७.८ वर्षको उमेरमा शुरु गरेको नेपाल STEPS सर्वेक्षण २०१९ ले देखाएको छ ।

शुरुमा साथीभाइ, परिवारका सदस्यको देखासिकी र सङ्गतले गर्दा सुर्तीजन्य पदार्थको सेवन गर्ने र पछि लत बस्न जान्छ । यसो हुँदा शारीरिक तथा मानसिक विकासमा रोकावट हुन्छ । साथै यो उमेर समूह पनि लामो समयसम्म सुर्तीजन्य पदार्थ सेवन गर्ने जोखिममा हुने भएकोले क्यान्सर, मुटुसम्बन्धी रोग, श्वासप्रश्वाससम्बन्धी रोग, मधुमेह जस्ता रोगहरू छिट्टै देखापर्ने र जसकारण अकालमै मृत्यु हुन्छ । यति मात्र नभएर यो उमेर समूहमा सुर्तीजन्य पदार्थको सेवनले पुरुषहरूमा शुक्रकीटको संख्या र चालमा कमी आउने जसको कारण बाँझोपन हुन सक्छ । साथै प्रतिदिन २० खिल्लीभन्दा बढी चुरोट सेवन गर्ने पुरुषहरूमा नगर्नेको तुलनामा ६०% बढी नपुंसकता हुने सम्भावना हुन्छ । (https://www.webmd.com/erectile-dysfunction/news/20030307/smoking-can-lead-to-erectile-dysfunction) त्यसैगरी गर्भवती महिलाहरूमा गर्भमा रहेको शिशुको वृद्धि तथा विकारमा असर गर्ने जसकारण शिशु समयअगावै जन्मिने, कम तौलको शिशु जन्मने वा गर्भमै शिशुको मृत्यु समेत हुन सक्छ ।

च. ४० देखि ७० वर्षभन्दा माथिका व्यक्ति र सुर्तीजन्य पदार्थ

यो उमेर समूहमा सेवनकर्ताहरूमा सेवन नगर्नेको तुलनामा फोक्सोको क्यान्सर, श्वासप्रश्वाससम्बन्धी तथा मुटुसम्बन्धी रोगहरू बढी हुने गरेको पाइएको छ ।

१.९.२ सुर्तीजन्य पदार्थ र क्यान्सर

क. क्यान्सर (Cancer)

शरीरमा अनियन्त्रित रूपमा कोषहरूको असामान्य वृद्धि हुनुलाई क्यान्सर भनिन्छ । क्यान्सरमा कोषको वृद्धि तथा विभाजन अतिशीघ्र र असीमित रूपमा हुने भएकोले छोटो समयमै डल्लो वा गाँठोको रूपमा परिणत हुन्छ । यस प्रकारका कोषहरू फैलँदै गएर अन्य अङ्ग, रक्तसञ्चार वा मस्तिष्क केन्द्रमा पुग्ने हुँदा रोगीको मृत्यु हुन्छ । कोषको वृद्धिको आधारमा नै बिरामीको छिटो वा ढिलो मृत्यु हुने गर्दछ । क्यान्सर शरीरको कुनै पनि भागमा हुन सक्दछ । प्रायःजसो फोक्सो,

स्तन, रगत, आन्द्रा, मुख, पाठेघर, मूत्रथैली, स्वरयन्त्र, पाठेघर, कलेजो, पित्तथैली आदि अङ्गहरूमा यो रोग लागेको पाइन्छ ।

ख. फोक्सोको क्यान्सर (Lung Cancer)

विश्वमा क्यान्सरबाट मृत्यु हुने तथ्याङ्क केलाउने हो भने फोक्सोको क्यान्सर पहिलो नम्बरमा आउँछ । पुरुषहरूमा लाग्ने क्यान्सरहरूमा फोक्सोको क्यान्सर पहिलो र महिलाहरूमा भने स्तन क्यान्सरपश्चात् फोक्सोको क्यान्सर दोस्रोमा पर्दछ । धुवाँयुक्त सुर्तीजन्य पदार्थ सेवन नगर्ने व्यक्तिको तुलनामा सेवन गर्ने व्यक्तिमा फोक्सोको क्यान्सर हुने सम्भावना १० देखि १५ गुणा बढी भएको पाइएको छ । विभिन्न अध्ययनअनुसार फोक्सोको क्यान्सर भएका ८० देखि ९० प्रतिशत व्यक्तिले धुवाँयुक्त सुर्तीजन्य पदार्थ सेवन गर्ने गरेको देखाएको छ । (CDC, Lung Cancer, 2020)

ख.१ धुवाँयुक्त सुर्तीजन्य पदार्थ र फोक्सोको क्यान्सरको सम्बन्ध

धुवाँयुक्त सुर्तीजन्य पदार्थ सेवनबाट फोक्सोको क्यान्सर हुने निम्नानुसार तथ्यमा भर पर्दछ :

- व्यक्तिले दिनमा कति खिल्लीसम्म चुरोट वा धुवाँयुक्त सुर्तीजन्य पदार्थ सेवन गर्दछ ?
- व्यक्तिले कुन किसिमको चुरोट वा धुवाँयुक्त सुर्तीजन्य पदार्थ सेवन गर्दछ ?
- व्यक्तिले कुन उमेरदेखि धुवाँयुक्त सुर्तीजन्य पदार्थ सेवन गरेको हो ?
- व्यक्तिले धुवाँयुक्त सुर्तीजन्य पदार्थ सेवन गरेको कति वर्ष भयो ?

ख.२ कति खिल्ली चुरोट सेवन गरेमा क्यान्सर हुन्छ ?

एउटा मात्र चुरोट सेवन गर्दा पनि क्यान्सर हुने सम्भावना रहन्छ । तर जति बढी चुरोट सेवन गर्‍यो उती छिटो क्यान्सर हुने सम्भावना बढेर जान्छ । साथै क्यान्सर हुनमा कति लामो समय र दिनको कति पटक सेवन गर्‍यो भन्ने कुरामा समेत भर पर्दछ ।

ख.३ के फिल्टर भएका सुर्ती सेवन गरेमा क्यान्सर हुने सम्भावना कम हुन्छ ?

फिल्टर भएको वा फिल्टर नभएका जुनसुकै खालका सुर्तीजन्य पदार्थ (चुरोट) को सेवन गरे पनि क्यान्सर हुने खतरा उत्तिकै हुन्छ । फिल्टर चुरोट सेवन गर्दा निकोटिन र टारजस्ता हानिकारक तत्वहरू फिल्टर नभएको चुरोटको दाँजोमा कम मात्रामा फोक्सोमा जान्छ भन्ने कुरा सत्य होइन । हाल बजारमा निकोटिन र टार कम मात्रामा फिल्टर भएका वा फिल्टर नभएका सुर्तीजन्य पदार्थहरू र हानिरहित विद्युतीय चुरोट (e-cigarette) भनी बिक्रीमा देखिए तापनि ती सबै चुरोट वा सुर्तीजन्य पदार्थहरू स्वास्थ्यका लागि हानिकारक नै हुन्छन् ।

ख.४ धुवाँयुक्त सुर्तीजन्य पदार्थ सेवनले फोक्सोको क्यान्सर कसरी हुन्छ ?

धुवाँयुक्त सुर्तीजन्य पदार्थको धुवाँले श्वासनली हुँदै फोक्सोभित्र गइसकेपछि धुवाँमा रहेका विभिन्न क्यान्सर गराउने तथा अन्य रासायनिक पदार्थहरूले लामो समयको सम्पर्कपछि फोक्सोका कोषहरूमा असर पुगी कोषहरू अनियन्त्रित रूपमा वृद्धि हुन्छन् जसलाई फोक्सोको क्यान्सर भनिन्छ ।

ग. मुखको क्यान्सर (Oral Cancer)

कोषहरूको वृद्धि र विकासको प्रक्रियालाई प्रत्येक कोषभित्रको केन्द्र (न्युक्लियस) मा हुने वंशाणु कणिका (Chromosome) ले नियन्त्रण गर्दछ । सुर्ती, खैनी, गुट्का जस्ता सुर्तीजन्य पदार्थको सेवन गर्दा त्यसमा भएका क्यान्सरजन्य रासायनिक पदार्थहरूले मुखभित्रको mucus membrane मा inflammation भई मुखको क्यान्सर हुन्छ ।

घ. बर्जर रोग (Buerger's Disease) र सुर्तीजन्य पदार्थको सम्बन्ध

सुर्तीजन्य पदार्थले रक्तनलीहरूलाई लामो समयसम्म सुजनको अवस्थामा पुऱ्याउँछ । यसरी ती सुजन भएका रक्तनलीहरूका कारण हातखुट्टा दुख्ने, झम्झमाउने, घाउ हुने र हिँड्दा गोडा दुख्ने जस्ता लक्षणहरू देखापर्छन् । जसलाई Buerger's disease भनिन्छ । यो रोगका कारण बर्सेनि हजारौँ मानिसहरूको हातखुट्टा काट्नुपर्ने (Amputation) हुन्छ ।

१.९.३ अरूले गरेको धुम्रपानको असर (Effects of Second Hand Smoke)

चुरोट, हुक्का, बिँडी जस्ता सुर्तीजन्य पदार्थ सेवन गर्दा निस्कने धुवाँले सेवन गर्ने व्यक्तिहरूलाई मात्र नभएर नजिकै बसेका अन्य व्यक्तिलाई पनि असर गर्दछ । सुर्तीजन्य पदार्थको धुवाँले सेवन गर्ने व्यक्तिलाई जतिकै सँगै बसेको तर सेवन नगर्ने व्यक्तिलाई समेत असर गर्दछ । यसरी अरूले गरेको धुम्रपानको धुवाँले मुटु, क्यान्सर तथा श्वासप्रश्वाससम्बन्धी रोगहरू लागी बर्सेनि १२ लाखभन्दा बढी मानिसहरूको मृत्यु हुने गर्दछ ।

गर्भवती महिला, गर्भमा रहेको शिशु, नवजात शिशु, बालबालिका सबै उमेर समूहलाई असर गर्दछ । अरूले गरेको धुम्रपानको धुवाँले गर्भपतन हुने, समयअगावै बच्चा जन्मने, कम तौलको बच्चा जन्मने, सुस्तमनस्थितिको हुने, वृद्धि र विकास राम्रोसँग नहुने आदि । अरूले खाएको सुर्तीजन्य पदार्थको धुवाँका कारण लाग्ने रोगका कारण बर्सेनि करिब ६५००० बालबालिकाहरूको मृत्यु हुने गरेको छ । (Tobacco Fact sheet, 2018, WHO)

१.९.४ आर्थिक तथा सामाजिक अवस्थामा असर

सुर्तीजन्य पदार्थको सेवनबाट व्यक्ति वा परिवारको स्वास्थ्यमा नकारात्मक असरको साथै यसले सामाजिक तथा आर्थिक क्षेत्रमा समेत ठूलो असर पारिरहेको हुन्छ । नेपालमा दिनको १० वटा चुरोट किनेर धुम्रपान गर्ने मानिसले आफ्नो आयस्रोतको करिब ३८ प्रतिशत खर्चने गर्दछ । (Nepal Atlas 2018) न्यून तथा मध्यम आयस्रोत भएका व्यक्तिका लागि यसरी फजुल खर्चका कारण आफ्नो परिवारका लागि चाहिने सन्तुलित खाना, शिक्षा र स्वास्थ्यको खर्चमा कटौती हुन्छ । यसका साथै सुर्तीजन्य पदार्थ सेवनका कारण निम्त्याउने रोगमा खर्चले झन थप आर्थिक भार निम्त्याउँछ । नेपालमा बर्सेनि सुर्तीजन्य पदार्थको सेवनले निम्त्याएका रोगहरूको उपचार खर्च, रोगीहरूको उत्पादकत्वमा आएको ह्रास, अकाल मृत्यु र अशक्ततालाई जोड्दा करिब ४७ अर्ब रुपैयाँभन्दा बढी आर्थिक क्षति हुन्छ । यदि परिवारका कोही सदस्य विशेष गरी घरमूली बिरामी भएमा आयआर्जनमा कमी भई आर्थिक समस्या पूरै परिवारले नै भोग्नुपर्ने हुन्छ । त्यसैगरी यदि कुनै परिवारमा सुर्तीजन्य पदार्थको जथाभावी सेवन गरिन्छ भने त्यो परिवारलाई समाजले सभ्य परिवार मान्दैनन् । साथै सामाजिक प्रतिष्ठामा आँच आउने गर्दछ ।

१.९.५ सुर्तीजन्य पदार्थ र वातावरणमा असर

सुर्तीजन्य पदार्थ सेवन गर्दा निस्कने धुवाँ व्यक्ति स्वयंले खाने त भइहाल्यो, त्यसबाट निस्कने धुवाँका कारण अन्य व्यक्ति र वातावरण दुवैलाई असर गर्दछ । यदि बन्द कोठा वा स्थान छ भने त धेरै दिनसम्म पनि विभिन्न साना तत्व र रसायनसहितको धुवाँ त्यस स्थानमा रहेर घरभित्र नै प्रदूषण हुन्छ । घरभित्र हुने यस्तो वायु प्रदूषणले विशेष गरी गर्भवती महिला र बालबालिकालाई असर गर्दछ ।

चुरोटका ठुटाहरू संसारभर नै व्यवस्थापन गर्न कठिन मानिएको फोहोर हो । हरेक वर्ष नेपालमा मात्र ४७३२ टन चुरोटका ठुटाहरू निकै हानिकारक फोहोरको रूपमा जम्मा हुने गर्दछ । (Tobacco Nepal Atlas, 2018) त्यसैगरी सुर्तीजन्य पदार्थका र्‍यापर, प्याकेटका खोल आदिले गर्दा पनि वातावरण प्रदूषण हुने गर्दछ ।

यसका साथै सुर्तीजन्य पदार्थ उत्पादन गर्ने विभिन्न उद्योग, कारखानाहरूबाट निस्कने धुवाँले पनि वायु प्रदूषण हुन्छ ।

त्यसैगरी सुर्ती उत्पादन गर्नको लागि वन जङ्गल फडानी गरेर सुर्ती खेती गरेको समेत पाइन्छ ।

अध्याय-२

सुर्तीजन्य पदार्थ सेवनका जोखिम समूहहरू

सुर्तीजन्य पदार्थको सेवनले मानिसको स्वास्थ्य, आर्थिक, सामाजिक पक्ष, तथा वातावरणीय पक्षमा नकारात्मक असर गर्छ । सुर्तीजन्य पदार्थको सेवनको जोखिममा विशेष समूहहरू पर्दछन् । ती समूहहरू निम्नअनुसार छन् :

२.१ विद्यालय जाने र नजाने किशोरकिशोरीहरू

किशोरावस्था नयाँ कुरा सिक्ने, जान्ने, जिज्ञासु हुने उमेर हो र यही कुरालाई ध्यानमा राखेर सुर्ती उद्योगहरूले किशोरकिशोरी तथा युवाहरू लक्षित गरी विभिन्न नयाँ डिजाइन र मोडलका सुर्तीजन्य पदार्थहरू उत्पादन गरेर यी समूहलाई आर्कषित गर्ने गर्दछन् । किशोरकिशोरीहरूले स्कुलमा वा बाहिर आफ्नो घरपरिवार तथा साथीहरूले सुर्तीजन्य पदार्थ सेवन गरेको देख्छन् र त्यसैको देखासिकी गरी शुरु गर्छन् । प्रायः किशोरकिशोरीहरूले यसलाई फेसन वा परिपक्वता देखाउने माध्यमको रूपमा पनि लिने गरेको देखिन्छ । किशोरावस्थामा शुरु गर्नु भनेको जीवनको धेरै समय सुर्तीजन्य पदार्थको उपभोग गर्नु र विभिन्न रोगहरू निम्त्याउनु हो ।

२.२ सुर्तीजन्य पदार्थ सेवन गर्ने परिवारका सदस्यहरू

सुर्तीजन्य पदार्थ सेवनकर्ताका परिवारका सदस्यहरू पनि सुर्तीजन्य पदार्थको नकारात्मक असरहरूबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा प्रभावित हुन्छन् । परिवारमा कसैले सुर्तीजन्य पदार्थ सेवन गर्छन् भने अन्य सदस्यहरूले सजिलै देखासिकी गर्छन् र सिक्छन् जुन भविष्यमा गएर बानी र लतमा परिणत हुन्छ ।

२.३ औद्योगिक प्रतिष्ठानमा कार्यरत कामदारहरू, मजदुर तथा यातायात व्यवसायी

उद्योग, कलकारखानामा काम गर्ने कामदारहरू, मजदुर तथा यातायात व्यवसायीहरू सुर्तीजन्य पदार्थको सेवनको जोखिममा पर्दछन् । थकाइ मार्ने बहानामा, छोटो समय चिया खाँदै आराम लिने बेलामा सुर्तीजन्य पदार्थ सेवन गर्ने गर्दछन् ।

२.४. रेष्टुरेण्टमा जाने समूहहरू

आजभोलि रेष्टुरेण्टमा गएर खाने र रमाइलो गर्ने प्रचलन बढ्दो छ। मानिसहरू यसरी रेष्टुरेण्ट जाँदा चुरोट, हुक्का, सिसा जस्ता सुर्तीजन्य पदार्थ सेवन गर्ने फेसन र चलनको स्वरूप लिइसकेको छ जसकारण अरूले खाएको देखेर यसलाई सामान्य ठानेर नयाँ सेवनकर्ता लगायत सबैले निधक्र्कका साथ सेवन गर्छन् । यसरी कुनै कोठा वा स्थानभित्र धुवाँयुक्त सुर्तीजन्य पदार्थ सेवन गर्दा धुम्रपान नगर्ने व्यक्तिहरूलाई पनि धुवाँले उत्तिकै असर गर्दछ ।

अध्याय-३

नेपालमा सुर्तीजन्य पदार्थको उत्पादन

३.१. घरायसी खेती

नेपालमा सुर्तीजन्य पदार्थको उत्पादन घरायसी खेतीको रूपमा पनि भएको पाइन्छ। व्यक्तिगत र घरपरिवारका लागि भनेर गरिने सुर्तीजन्य पदार्थको उत्पादन न्यून रूपमा रहे तापनि यसबाट पर्ने असरलाई भने ठूलै रूपमा लिनुपर्ने हुन्छ। जब आफ्नै खेतीमा सुर्तीजन्य पदार्थ उत्पादन हुन्छ भने निश्चित रूपमा त्यस परिवारका व्यक्तिले सुर्तीजन्य पदार्थको उपभोग गर्ने सम्भावना बढ्छ। घर परिवारका एक-दुई जनाका कारणले त्यस परिवारका पूरै सदस्यहरू सुर्तीजन्य पदार्थको भोगी हुन सक्छन्। यसबाट दैनिक सेवन हुने सुर्तीको मात्रा पनि बढ्न जान्छ।

३.२. व्यावसायिक खेती

नेपालमा सन् २०१४ मा २३२९ टन सुर्ती उत्पादन गरेको पाइएको छ। ०.०४ प्रतिशत खेतीयोग्य जमिन मात्र खेती हुने गरेको छ, जुन निकै नै कम मानिन्छ। यसरी व्यावसायिक रूपमा गरिने सुर्तीजन्य पदार्थको उत्पादनलाई निरुत्साहित गर्न सुर्ती खेतीको सट्टा अरू खेतीतर्फ कृषकहरूको ध्यानाकर्षण गर्नुपर्दछ। कृषकहरूलाई सही किसिमको खेतीमा आकर्षण गरी राम्रो आम्दानीतर्फ उत्प्रेरित गर्नुपर्दछ। सुर्तीजन्य पदार्थ नियन्त्रण महासन्धि २०३० रणनीति अनुसार सुर्ती खेतीमा लागेका किसानहरूलाई विस्तारै अन्य खेतीमा रूपान्तरण गर्नुपर्ने छ।

३.३ उद्योगहरूको स्थापना र विस्तार

सुर्तीजन्य पदार्थको उपभोगबाट जनस्वास्थ्यमा पर्न जाने गम्भीर असरहरूलाई नसोची हिजोका दिनहरूमा सरकारले सुर्तीजन्य पदार्थको उत्पादन गर्ने उद्योगहरूको स्थापना र विस्तार गरे तापनि अब ती उद्योगहरूलाई विस्थापित गर्नुपर्ने बेला आएको छ। संसारका धेरै देशहरूले यस्तो कार्यको थालनी गरिसकेका छन्। जनताको स्वास्थ्यभन्दा सुर्तीजन्य पदार्थका उद्योगहरूबाट आउने आम्दानी राष्ट्रका लागि ठूलो हुन सक्दैन भन्ने विश्व जनमतलाई सरकारले स्वीकार गर्नै पर्दछ। चुरोट, बिँडी र खैनीजस्ता सबै सुर्तीजन्य पदार्थको सेवन गर्नाले दम, खोकी, फोक्सोको क्यान्सर र मुटुका रोगहरू लाग्दछन्। अतः सुर्तीजन्य पदार्थ उत्पादन गर्ने कम्पनीहरूलाई निरुत्साहित गर्दै जानुपर्छ।

अध्याय-४

सुर्तीजन्य पदार्थको नियन्त्रण तथा नियमन

४.१ सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमनका उद्देश्यहरू

- सुर्तीजन्य पदार्थ सेवनका कारण मानिसहरूलाई लाग्ने रोग तथा अकाल मृत्यु हुनबाट बचाउने,
- अरूले गरेको धुम्रपानका कारण सेवन नगर्ने व्यक्तिलाई हुने स्वास्थ्य समस्याबाट बचाउने,
- सुर्तीजन्य पदार्थ नगर्ने सम्पूर्ण व्यक्तिहरूको धुवाँरहित वातावरणमा बस्न पाउने नैसर्गिक अधिकारको संरक्षण गर्ने,
- मानिसहरूलाई सुर्तीजन्य पदार्थको सेवन कहिल्यै पनि नगर्न र सेवन गरिरहेकाहरूलाई त्याग गर्न सचेत गर्ने,
- सुर्तीजन्य पदार्थ सेवन गर्ने व्यक्तिहरूमा यसको शारीरिक, मानसिक, सामाजिक र आर्थिक खराबीहरूबारे चेतना जगाउने ।

४.२ सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमनका उपायहरू

धुम्रपान र सुर्तीजन्य पदार्थको सेवनले प्रत्यक्ष रूपमा सेवनकर्ता र अप्रत्यक्ष रूपमा सेवनकर्ताको वरिपरि बस्ने अन्य व्यक्तिहरूलाई समेत असर गर्दछ । त्यसैले सुर्तीजन्य पदार्थको नियन्त्रण तथा नियमन गर्नु अत्यन्तै जरुरी छ । यसका असरबाट बच्न मुख्य उपाय भनेको कुनै पनि किसिमको सुर्तीजन्य पदार्थ सेवन नगर्नु नै हो र यदि कसैले गरिरहेको छ भने तुरुन्तै अठोट गरेर त्याग्नु हो । यसबाहेक निम्न उपायहरूबाट सुर्तीजन्य पदार्थको प्रयोगमा न्यूनीकरण गरी यसबाट हुने असरहरूबाट बच्न सकिन्छ ।

४.२.१ राजनैतिक प्रतिबद्धता

सुर्तीजन्य पदार्थको सेवनले निम्त्याउने समस्यालाई मध्यनजर गरेर यसको नियन्त्रण तथा नियमनलाई प्राथमिकतामा राखेर उच्चस्तरीय राजनैतिक एजेण्डाको रूपमा लिनु जरुरी छ । यसको प्रमुख नेतृत्व स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले लिने छ भने अन्य मन्त्रालय जस्तै- अर्थ, वाणिज्य, वातावरण, कृषि, शिक्षाले पनि आ-आफ्नो स्तरबाट समन्वय गरी पहल गर्नु आवश्यक छ ।

४.२.२ सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमनसम्बन्धी ऐन कानुनको व्यवस्था र प्रभावकारी कार्यन्वयन गर्ने

सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ र यससम्बन्धी नियमावली एवं

निर्देशिका लागु भइसकेको छ। सो ऐन, कानुनबमोजिम तोकिएका सार्वजनिक स्थलहरूमा धुम्रपान नगर्ने, सुर्तीजन्य पदार्थहरूको प्रदर्शनी तथा खुद्रा बिक्री प्रदर्शन र १८ वर्षभन्दा मुनिका बालबालिका र गर्भवती महिलालाई बेच्न नपाइने जस्ता प्रावधानहरू प्रभावकारी रहेका छन् र यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नाले सुर्तीजन्य पदार्थको सेवनमा कमी ल्याउन सकिन्छ।

४.२.३ नयाँ सेवनकर्ताको रोकथाम गर्ने

नयाँ सेवनकर्ताहरू विशेष गरी किशोरकिशोरी वा युवाहरू हुने गर्दछन्। त्यसैले यो उमेर समूहलाई लक्षित गरेर स्कुल, समुदायमा शिक्षक, अभिभावक, समुदायका अगुवाहरूको सहभागितामा कार्यक्रम सञ्चालन गर्ने। साथै युवाहरूको उल्लेखनीय सहभागिता रहने सामाजिक सञ्जालमार्फत पनि सचेत गराउने माध्यमको रूपमा प्रयोग गर्न सकिन्छ। नयाँ सेवनकर्ता हुन सक्ने जोखिम समूहलाई धुम्रपान, धुवाँरहित, विद्युतीय चुरोट, भेप, हुक्का, सिसा जस्तै जुनसुकै प्रकारका सुर्तीजन्य पदार्थ सेवनले पनि आफूलगायत आफ्नो परिवार, नजिकका साथीभाइको स्वास्थ्यमा असर पर्न सक्छ भन्ने कुराबारे सचेत गराउनुपर्दछ। साथै सुर्ती सेवनले दिमाग चनाखो हुने, Concentration हुने जस्ता कुरामा सत्यता नरहेको कुरालाई पनि जोड दिनुपर्दछ।

४.२.४ सचेतना कार्यक्रम सञ्चालन गर्ने

सुर्तीजन्य पदार्थहरूको सेवनबाट जनस्वास्थ्यलगायत सामाजिक, आर्थिक तथा वातावरणीय क्षेत्रमा पर्ने गम्भीर असरहरूका बारेमा जनचेतना अभिवृद्धि गर्ने कार्य विगत केही वर्ष यतादेखि अभियानकै रूपमा अघि बढिरहेको छ। सुर्तीजन्य पदार्थको प्रयोग र यसका असरबारे मानिसहरूलाई जानकारी दिई उनीहरूको ज्ञानको स्तरमा अभिवृद्धि गर्नु आवश्यक छ। यस्ता कार्यक्रमहरू नीतिनियम तर्जुमा गर्ने स्तरदेखि समुदाय स्तरसम्म नै सञ्चालन गर्नुपर्दछ।

यस अन्तर्गत आमसञ्चारका माध्यमहरू रेडियो, टेलिभिजन, पत्रपत्रिका, डिजिटल माध्यमहरूमार्फत बृहत् रूपमा सुर्तीजन्य पदार्थ र यसले निम्त्याउने समस्या, कानुनी प्रावधानहरूबारे प्रचारप्रसार, समुदायमा अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गरी मानिसहरूलाई यसबारे जानकारी गराई सकारात्मक व्यवहार अपनाउन अभिप्रेरित गर्ने।

४.२.५ सामाजिक परिचालन

सुर्तीजन्य पदार्थ सेवनविरुद्ध सामाजिक अभियान सञ्चालन गरी समुदायको ध्यान केन्द्रित गरी अस्वस्थकर व्यवहार परिवर्तनको लागि पहल गर्ने। यसको लागि समुदायका अगुवा, महिला स्वास्थ्य स्वयंसेविका, युवाहरू, क्लबहरू आदिलाई समुदाय, स्कुल आदिमा परिचालन गर्न सकिन्छ।

४.२.६ अन्तरमन्त्रालय र सम्बन्धित सरोकारवालाहरूबीच समन्वयन

सुर्तीजन्य पदार्थको नियन्त्रण र नियमन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पहलमा मात्र हुन सम्भव हुँदैन । यसका लागि अन्य मन्त्रालयहरू जस्तै- गृह मन्त्रालय, वाणिज्य मन्त्रालय, अर्थ मन्त्रालयको सहभागिता र अन्तरमन्त्रालयबीच समन्वय हुन पनि उत्तिकै आवश्यक छ । त्यसपश्चात् मात्र नियन्त्रण तथा नियमनका कार्यहरू जस्तै- कर वृद्धि, कानुनी प्रावधानको अनुगमन प्रभावकारी रूपमा अगाडि बढ्न सक्दछ । त्यसैगरी सुर्तीजन्य पदार्थ नियन्त्रणमा काम गर्ने विभिन्न संघसंस्था तथा निकायहरूबीच समन्वय गरी अगाडि बढ्न आवश्यक छ ।

४.२.७ सुर्तीजन्य पदार्थको प्रयोगसम्बन्धी विभिन्न सर्वेक्षणहरू गर्ने

विभिन्न किसिमका सर्वेक्षण तथा अनुसन्धानले सुर्तीजन्य पदार्थको प्रयोग, यसले स्वास्थ्यलगायत अन्य क्षेत्रमा पारेको प्रभावबारे सत्य तथ्य जानकारी प्रदान गर्दछ । ती तथ्यहरूले समस्याको यथेष्ट विश्लेषण गर्न समेत मद्दत गर्दछ र सोही आधारमा आगामी दिनमा नीति तथा कार्यक्रमको तर्जुमा र योजना गर्न सकिन्छ ।

४.२.८ सुर्तीजन्य पदार्थ त्याग गर्न चाहनेहरूको लागि सेवा प्रदान गर्ने (Cessation Services)

सुर्तीजन्य पदार्थको त्यागसम्बन्धी सेवा प्रदान गर्न सकेमा सेवनकर्ताहरूले समय रहँदै इच्छाएअनुरूप छोड्न सक्छन् । यसको लागि यस्ता कार्यक्रमको विकास र कार्यान्वयनका साथै प्राथमिक स्वास्थ्य पद्धतिमा एकीकरण गर्नु आवश्यक छ । यदि कोही व्यक्तिले सुर्तीजन्य पदार्थ छोड्न खोजेमा यससम्बन्धी सेवा र परामर्श उपलब्ध हुन जरुरी छ । नेपालको सन्दर्भमा हाल यस्ता त्यागसम्बन्धी सेवा केही स्वास्थ्य संस्थाहरूमा मात्र उपलब्ध छ जुन विस्तार गर्नु निकै नै आवश्यक देखिन्छ । त्यसैले यस्ता त्यागसम्बन्धी सेवा तथा परामर्शलगायत Quitline, Mobile application, mHealth प्रदान गर्न स्वास्थ्यकर्मीहरूलाई तालिम र पूर्वाधारको व्यवस्था गर्नुपर्दछ ।

सुर्तीजन्य पदार्थको अम्मल बसिसकेपछि त्यसलाई छोड्न कठिन भए तापनि अठोट गरेमा त्याग्न सकिन्छ ।

सुर्तीजन्य पदार्थ त्याग गर्नको लागि निम्न उपायहरू अपनाउन सकिन्छ :

- परिवार, साथीभाइको सहयोग लिने र
- चिकित्सक र स्वास्थ्यकर्मीको परामर्श लिने
- दैनिक कार्य तालिका परिवर्तन गर्ने, जस्तै- खाना खाइसकेपछि सुर्तीजन्य पदार्थको सेवन गर्ने बानी भए त्यसको सट्टामा केही बेर हिँड्ने वा आराम गर्ने ।
- सर्वप्रथम सुर्तीजन्य पदार्थको सेवन छोड्छु भन्ने सङ्कल्प गर्ने र त्याग गर्ने मिति निर्धारण गर्ने ।

- सुर्तीजन्य पदार्थको सेवन गर्ने व्यक्तिसँग आफू सधैँ टाढा रहने ।
- नियमित व्यायाम गर्ने र काममा व्यस्त भइरहने ।
- तलतल लागेको बेलामा काममा व्यस्त हुने वा लामोलामो सास लिने वा १ देखि ६० सम्म गन्ती गर्ने र सो कार्य पटकपटक दोहोऱ्याउने ।
- जाँड, रक्सी जस्ता मादक तथा नशालु पदार्थहरूको सेवन नगर्ने ।
- सुर्तीजन्य पदार्थरहित वातावरणमा बस्ने ।
- निकोटिनको लतलाई छुटाउन स्वास्थ्यकर्मीहरूको सल्लाह लिई निकोटिनलाई प्रतिस्थापन गर्ने पदार्थको सेवन गर्ने ।
- सुर्तीजन्य पदार्थको सेवन छोडिसकेपछि पनि समयसमयमा स्वास्थ्यकर्मी, परिवारका सदस्यहरू र साथीभाइहरूसँग सरसल्लाह लिने ।

४.३ सुर्तीजन्य पदार्थ छोड्दा हुने फाइदाहरू

सुर्तीजन्य पदार्थको सेवन नै नगर्नु सबैभन्दा राम्रो हो । तर यदि सेवन गर्नुहुन्छ भने पनि जतिसक्दो छिटो छोड्दा धेरै फाइदाहरू हुन्छन् । सुर्तीजन्य पदार्थ छोड्नुका फाइदाहरू निम्नानुसार छन् :

- २० मिनेटभित्र रक्तचाप कम हुन्छ, मुटुको धड्कनमा सुधार आउँछ ।
- १२ घण्टाभित्र रगतमा कार्वनमोनोक्साइडको मात्रा कम भई रक्तचाप सामान्य अवस्थामा फर्किन्छ ।
- २ देखि १२ हप्तामा फोक्सोमा सुधार आई यसले राम्रो काम गर्न थाल्छ ।
- १ देखि ९ महिनापछि खोक्ने र छिटोछिटो सास फेर्नेमा सुधार आउँछ ।
- १ वर्षभित्र मुटुसम्बन्धी रोग लाग्ने सम्भावना सेवन गरिरहेका व्यक्तिहरूको भन्दा घटेर आधा मात्र रहन्छ ।
- ५ वर्षभित्र मस्तिष्कघात हुने सम्भावना आधाले घट्छ ।
- १० वर्षभित्रमा फोक्सोको क्यान्सरका साथै मुख, घाँटी, इसोफेगस, मुत्रथैली, पाठेघर र प्यानक्रियाजको क्यान्सर हुने सम्भावना समेत आधाले घट्छ ।
- १५ वर्षभित्रमा मुटुसम्बन्धी रोग लाग्ने सम्भावना सुर्तीजन्य पदार्थ सेवन नगर्ने व्यक्तिको बराबर हुन्छ ।

साथै :

- दम, खोकी, क्यान्सर, मुटुको रोग, फोक्सोको संक्रमण हुनबाट बच्न सकिन्छ ।
- बालबालिकालाई निमोनिया, श्वासप्रश्वाससम्बन्धी रोग हुनबाट बचाउन सकिन्छ ।

- गर्भपतन हुने, शिशु रोगी तथा अङ्गभङ्ग भएको र कम तौलको बच्चा जन्मनबाट बच्न सकिन्छ।
- बिरामी र रोग लागेमा लाग्ने उपचार खर्च नहुने र आर्थिक भार कम हुन्छ ।
- मानिसहरूलाई 2nd hand, 3rd hand smoking बाट हुने असरबाट बचाउन सकिन्छ ।
- छोराछोरी तथा परिवारका सदस्यले सुर्तीजन्य पदार्थको सेवन गर्न सिक्दैनन् ।
- इज्जत, प्रतिष्ठा बढ्छ ।

सुर्तीजन्य पदार्थ त्यागसम्बन्धी केही थप जानकारी चाहिएमा निम्नलिखित वेबसाइट र अनुसूची २ मा पनि हेर्न सकिन्छ। http://www.quittobacco.org/whyquit/physicalbenefits.html

४.४ सुर्तीजन्य पदार्थ नियन्त्रण गर्नको लागि समुदाय/सङ्गठन/कार्यलयको भूमिका

सुर्तीजन्य पदार्थको रोकथाम र नियन्त्रणमा सबै क्षेत्रको उत्तिकै जिम्मेवारी भएको हुनाले सरोकारवाला सबैले आफ्नो स्तरबाट गर्न जरुरी छ। यसका लागि आ-आफ्नो कार्यक्षेत्रमा सुर्तीजन्य पदार्थ नियन्त्रणसम्बन्धी एजेण्डालाई आफ्नो कार्ययोजनामा समावेश गर्नुपर्दछ। कार्ययोजना निम्न नमुना वा अन्य ढाँचामा बनाउन सकिन्छ :

सुर्तीजन्य पदार्थविरुद्धको कार्ययोजनाको नमुना

सि.नं.	कार्यक्रमको नाम	कार्यक्रम गर्ने समय	जिम्मेवार व्यक्ति वा संस्था
१	सुर्तीजन्य पदार्थबाट हुने असरहरूबारे छलफल गर्ने	विद्यालय सञ्चालन तथा व्यवस्थापन समितिको बैठकमा	विद्यालयका शिक्षक र समितिका सदस्य
२	सुर्तीजन्य पदार्थविरुद्धको गीत बनाएर गाउने	तीजको पर्वको बेला	महिला तथा आमा समूह
३	सुर्तीजन्य पदार्थविरुद्धमा वक्तृत्वकला प्रतियोगिता गर्ने	विद्यालयको वार्षिक उत्सवमा	शिक्षक र विद्यार्थी
४	सुर्तीजन्य पदार्थबारे छलफल कार्यक्रम	मजदुर दिवस (मे.१)	उद्योगका व्यवस्थापक र मजदुर युनियनहरू
५	सुर्तीजन्य पदार्थरहित अभियान (प्रदेश, स्थानीय तह, पालिका, गाउँ)	समुदायले तोकेअनुसारको समयमा	समुदायमा

४.५ सुर्तीजन्य पदार्थविरुद्धका पहलहरू

क) नीतिगत पहलहरू

हालैका वर्षहरूमा नेपाल सरकार, स्वास्थ्य मन्त्रालयले कर र गैरकर सुर्तीजन्य पदार्थ नियन्त्रणका उपायहरूलाई सशक्त बनाउन देहायबमोजिम पहल तथा प्रयासहरू गरिरहेको छ।

- **सुर्तीजन्य पदार्थ प्रयोगको अनुगमन**

  विश्व स्वास्थ्य सङ्गठनको सहयोगद्वारा विश्वव्यापी सुर्तीजन्य पदार्थसम्बन्धी सर्वेक्षण (GYTS, GSPS, GHPSS and GSHS) हरूको सहयोगले निरन्तर रूपमा अनुगमन गर्दै आएको छ। WHO Steps Survey अर्को महत्वपूर्ण अनुगमन सर्वेक्षण हो।

- **सुरक्षा : धुवाँरहित सार्वजनिक स्थलहरू**

  सार्वजनिक स्थलमा, कार्यक्षेत्रमा र सार्वजनिक सवारी साधनहरूमा कानुनले सुर्तीजन्य पदार्थ र धुम्रपान प्रयोग निषेध गरेको छ।

- **सुर्तीजन्य पदार्थ त्याग्न प्रयोगकर्तालाई संक्षिप्त सल्लाह**

  नेपालले सुर्तीजन्य पदार्थ प्रयोगकर्तालाई सुर्तीजन्य पदार्थ त्यागनमा सहयोग गर्नका लागि संक्षिप्त सल्लाह (5As approach) लागु गर्न सम्बन्धित स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धिको तालिम संचालन हुन शुरु भएको छ। साथै २०१७ देखि नसर्ने रोगहरूको अत्यावश्यकीय प्याकेजमा यसलाई समावेश गरिएको छ।

- **सुर्ती प्रयोगका खतरनाक चेतावनीहरू- चित्रात्मक चेतावनी र सन्देशहरू**

  हाल नेपालमा सुर्तीजन्य उत्पादनको प्याकेटमा ९०% चेतावनीमूलक चित्रात्मक सन्देश राख्नुपर्ने प्रावधान १५ मे २०१५ देखि लागु गरिएको छ, जुन विश्वमै दोस्रो ठूलो चेतावनीमूलक चित्रात्मक सन्देश हो र नेपालले यस वापत ग्लोबल अवार्ड पनि पाएको छ।

- **सुर्तीजन्य पदार्थको विज्ञापन, प्रबर्द्धन र प्रायोजन जारी**

  कुनै पनि मिडियामा सुर्तीजन्य पदार्थको कुनै पनि प्रकारको विज्ञापन, प्रबर्द्धन र प्रायोजन गर्न कानुनले बञ्चित गरेको छ र राम्रोसँग कार्यान्वयन भइरहेको छ।

- **सुर्तीजन्य पदार्थमा कर**

  नेपालमा विभिन्न किसिमका प्रचलित चुरोट उत्पादनहरूको खुद्रा मूल्यमा ३० प्रतिशत कर लगाउँदै आएकोमा नेपाल सरकारले उक्त करमा हालै वृद्धि गरी ३९ देखि ४० प्रतिशत पुऱ्याएको छ।

- **जनचेतना बढाउनको लागि सुर्तीजन्य नियन्त्रण अभियान**

  सुर्तीजन्य पदार्थ प्रयोगको खतराहरूबारे जनतालाई जागरुक बनाउन नियमित

अन्तरालमा मिडिया अभियान सञ्चालन गरेको छ। जस्तै- रेडियो, टेलिभिजन, छापा, डिजिटल सञ्चार माध्यमबाट सूचनामूलक सन्देशहरू उत्पादन, प्रशारण, प्रदर्शन गर्दछ।

- **सुर्तीजन्य पदार्थ विक्रिवितरणमा नियमन**

  २०१७ मार्च १५ देखि नेपाल सरकारले सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्नका निमित्त पसलहरूको लाइसेन्स प्राप्त गर्नुपर्ने प्रावधान लागु गरेको छ।

नेपालमा लागु भएको सुर्तीजन्य पदार्थ नियन्त्रण कार्यान्वयनका प्रयासहरूले WHO FCTC को पूर्णरूपमा कार्यान्वयनमा योगदानका साथै SDG को लक्ष्य 3a प्राप्तिमा पनि योगदान पुऱ्याउँछ। उच्चस्तरीय राजनीतिक प्रतिबद्धता, स्वास्थ्य मन्त्रालय अन्तर्गत सुर्तीजन्य नियन्त्रण फोकल बिन्दु र सर्वसाधारणमा सुर्तीजन्य पदार्थ प्रयोगको असरबारे उच्च जनचेतना, सक्रिय जनसमाज र बलियो कानुनी प्रावधान नेपालका लागि अवसर हुन् तर WHO FCTC कार्यान्वयनको आवश्यकता पहिचानको परिणामले नेपालले सुर्तीजन्य पदार्थ नियन्त्रण गतिविधिलाई अझ सुदृढ बनाउन हालको नीति, रणनिति र योजनाहरूको तर्जुमा तथा कार्यान्वयन उचित रूपमा हुनु आवश्यक रहेको कुरा इङ्गित गरेको छ।

ख) सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमनका लागि गर्नुपर्ने पहलहरू

संघीय स्तरमा : सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमनसम्बन्धी कानुन, रणनीति, निर्देशिका, नीतिको विकास गर्ने। साथै हाल विद्यमान विभिन्न कानुन, नीतिको आवश्यकताबमोजिम परिमार्जन र कार्यान्वयन गर्ने।

प्रादेशिक स्तर : प्रादेशिक स्तरमा सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमनसम्बन्धी संघीय कानुन, रणनीति, निर्देशिका तथा नीतिबमोजिम आफ्नो प्रदेशको अवस्था र परिप्रेक्ष्यबमोजिम विकास तथा परिमार्जन गरी कार्यान्वयन गर्ने।

समुदाय स्तर : सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमनसम्बन्धी विद्यमान ऐन, कानुन र निर्देशिकाबमोजिम समुदायका विभिन्न स्तर जस्तै- स्कुल, आमा समूह, सामुदायिक परिचालन र धुम्रपान तथा सुर्तीजन्य पदार्थविरुद्ध कार्यक्रमहरू सञ्चालन गरी सुर्तीजन्य पदार्थको सेवनलाई निरुत्साहित गर्ने र समुदायलाई सुर्तीजन्य पदार्थरहित समुदाय बनाउने।

- **संघीय, प्रादेशिक र समुदायस्तरमा गर्न सकिने केही क्रियाकलापहरू**

  सुर्तीजन्य पदार्थ नियन्त्रण गर्ने अभियानमा सरकारी, गैरसरकारी, सामाजिक तथा राजनैतिक संस्थाहरूको संयुक्त प्रयासको अत्यन्त खाँचो छ। यसै सम्बन्धमा केही उदाहरणहरू निम्नानुसार प्रस्तुत गरिएका छन् :

- सुर्तीजन्य पदार्थ, यसका नकारात्मक प्रभावबारे स्कुलतहको पाठ्यक्रममा नै समावेश गरिनुपर्दछ ।
- सुर्तीजन्य पदार्थको सेवनको शुरुआत किशोरावस्थामा हुने र सोही उमेरदेखि नै त्यसको लत बस्ने र अधिकांश किशोरकिशोरीहरू स्कुल/कलेजमा अध्ययन गर्ने हुँदा विद्यालयदेखि नै सुर्तीजन्य पदार्थविरुद्धका कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ ।
- हरेक संघसस्थालाई वर्सेनि कम्तीमा एकपटक सुर्तीजन्य पदार्थविरुद्ध कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गर्नुपर्दछ र यस विषयलाई हरेक कार्यक्रममा Cross Cutting विषयको रूपमा समावेश गर्नुपर्छ ।
- विश्व सुर्तीजन्य पदार्थरहित दिवस संघ र प्रदेशस्तरका साथै पालिका/समुदायमा सञ्चालन गर्न प्रोत्साहन गर्नुपर्दछ ।
- सुर्तीजन्य पदार्थ सेवन नियन्त्रण/निषेधसम्बन्धी ऐन कानुनलाई कडाइँका साथ कार्यान्वयन गरिनुपर्दछ ।
- विभिन्न संघसंस्थामा जनशक्ति भर्ना गर्ने क्रममा सुर्तीजन्य पदार्थ सेवन नगर्ने व्यक्तिलाई विशेष प्राथमिकता दिने व्यवस्था हुनुपर्दछ ।
- सुर्तीजन्य पदार्थमा लगाउँदै आएको कर निकै न्यून भएकोले यसलाई बढाउन पहलहरू गनुपर्दछ ।

अध्याय-५

स्वास्थ्य कर र सुर्तीजन्य पदार्थमा कर

५.१ स्वास्थ्य कर सङ्कलन

सुर्तीजन्य पदार्थ बेचविखनमा विभिन्न देशहरूमा स्वास्थ्य कर सङ्कलन गरिन्छ। जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने सुर्तीजन्य पदार्थविरुद्धका राष्ट्रिय कार्यक्रमहरूलाई प्रभावकारी बनाउन नेपाल सरकारले सुर्तीजन्य पदार्थको रूपमा सेवन हुने चुरोटमा अतिरिक्त स्वास्थ्य कर लगाउने प्रचलन सन् १९९३ अर्थात् वि.सं. २०५० सालबाट शुरु भएको हो। यसरी उठेको कर मुख्य रूपमा जनस्वास्थ्य प्रबर्द्धनका लागि सरकारले खर्च गर्ने गरेको पाइन्छ। तर सबै देशमा उही अनुपातमा सो करबाट सङ्कलन भएको रकम स्वास्थ्य प्रबर्द्धनमा खर्च भएको पाइँदैन। जस्तै- थाइल्यान्डको कुरा गर्ने हो भने स्वास्थ्य करबाट सङ्कलन भएको अधिकांश रकम स्वास्थ्य प्रबर्द्धनमा खर्च भएको पाइन्छ भने नेपालमा करकोषको अधिकांश रकम स्वास्थ्य प्रबर्द्धन बाहेकका अन्य स्वास्थ्य क्षेत्रमा खर्च गरिएको देखिन्छ।

५.२ नेपालमा स्वास्थ्य कर सङ्कलन र उपयोग

नेपालमा आर्थिक ऐन अध्यादेश २०७८ अनुसार स्वास्थ्य जोखिम करको हकमा विदेशबाट पैठारी हुने र स्वदेशमा उत्पादित बिँडीमा प्रतिखिल्ली पच्चीस पैसा, चुरोट र सिगारमा प्रतिखिल्ली पचास पैसा र खाने सुर्ती, खैनी, गुट्का, पान मसलामा प्रतिकिलोग्राम चालीस रुपैयाँको दरले समदरमा स्वास्थ्य जोखिम कर लगाई असुल गरिन्छ।

नेपाल सरकारले आर्थिक ऐनद्वारा लगाएको धुम्रपान तथा सुर्तीजन्य पदार्थको अन्तःशुल्क करबाट उठेको कुल रकमको कम्तीमा पच्चीस प्रतिशत रकम स्वास्थ्य कर कोषमा जम्मा गरिने प्रावधान रहेको छ। सो स्वास्थ्यकर कोषमा जम्मा भएको रकमबाट धुम्रपान तथा सुर्तीको उपभोगबाट उत्पन्न रोगको रोकथाम, नियन्त्रण, निदान, उपचार तथा अनुसन्धान गर्नको लागि सरकारी स्वामित्वका अस्पतालहरूलाई ७५% रकम, धुम्रपान तथा सुर्तीजन्य पदार्थको रोकथाम र नियन्त्रणका लागि स्वास्थ्य, शिक्षा, जनचेतनामूलक र सेवामूलक कार्यक्रम सञ्चालन गर्न मन्त्रालय अन्तर्गतका केन्द्र वा महाशाखाहरूलाई १५% र धुम्रपान तथा सुर्तीजन्य पदार्थको उपभोगबाट उत्पन्न रोगको रोकथाम, नियन्त्रण, निदान र उपचारसम्बन्धी कार्यक्रम सञ्चालन गर्नको लागि सामाजिक संस्था वा गैरसरकारी अस्पताललाई १०% रकम बाँडफाँड गरको छ।

५.३ सुर्तीजन्य पदार्थमा कर

सुर्तीजन्य पदार्थमा कर बढाउनाले यस्ता पदार्थहरू महँगो हुने र यसकारण यसको सेवनमा कमी आउने विभिन्न अध्ययनहरूले प्रमाणित गरिसकेको छ। औसतमा सुर्तीजन्य पदार्थको मूल्यमा १०% वृद्धि गर्नाले यसको सेवनमा न्यून र मध्यम आयस्रोत भएका देशहरूमा ५% ले र उच्च आयस्रोत भएका देशहरूमा ४% ले सेवनमा कमी आउने अध्ययनले देखाएको छ। सुर्तीजन्य पदार्थमा कर वृद्धिले मानिसहरूको जनस्वास्थ्यमा सुधार ल्याउने, राजस्व बढाउने र सुर्तीजन्य पदार्थको सेवनका कारण हुने रोग तथा मृत्युका कारण निम्त्याउने आर्थिक भारलाई समेत कम गर्दछ। (The World Bank 2017)

त्यसैले स्वास्थ्य करको दरलाई अझ वृद्धि गरी सुर्तीजन्य पदार्थको मुल्य बढाई सुर्तीजन्य पदार्थको सेवनलाई निरुत्साहित गर्न जरुरी छ।

अध्याय-६

सुर्तीजन्य पदार्थसम्बन्धी ऐन, नियमनसम्बन्धी प्रावधानहरू

६.१ सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन २०६८

नेपाल सरकारले विभिन्न समयमा विभिन्न निर्णयहरू गरी सुर्तीजन्य पदार्थको सेवनमा कमी ल्याउन कदम चालेको छ । यसै सन्दर्भमा सरकारी, गैरसरकारी, नागरिक समाज, राष्ट्रिय, अन्तर्राष्ट्रिय संघसंस्था तथा व्यक्तिहरूको अथक प्रयासपछि हालै सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन २०६८ संविधान सभाबाट पारित भइ राष्ट्रपतिबाट मिति २०६८।१।२६ मा प्रमाणीकर कार्यान्वयन भएको छ । उक्त ऐन अनुसूची १ मा समावेश गरिएको छ । यस ऐनले गरेका मुख्यमुख्य व्यवस्था निम्नबमोजिम छन् ।

दफा ३. <u>सार्वजनिक स्थल मानिने :</u> (१) देहायको स्थललाई सार्वजनिक स्थल मानिने छ :-

(क) राज्य तथा सरकारी निकाय, संस्था वा कार्यालय,

(ख) शिक्षण संस्था, पुस्तकालय, तालिम तथा स्वास्थ्यसम्बन्धी संस्था,

(ग) विमानस्थल, वायुसेवा तथा सार्वजनिक सवारीका साधन,

(घ) बालकल्याण गृह, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, अनाथालय, बालउद्यान तथा क्लब,

(ङ) सार्वजनिक शौचालय,

(च) उद्योग तथा कलकारखानाका कार्यस्थल,

स्पष्टीकरण : यस खण्डको प्रयोजनको लागि “कार्यस्थल” भन्नाले उद्योग तथा कलकारखानाले काम गर्न छुट्याएको कार्यालय वा स्थल सम्झनुपर्छ ।

(छ) चलचित्र घर, सांस्कृतिक केन्द्र तथा नाट्यशाला,

(ज) होटल, मोटल, रिसोर्ट, रेष्टुरेण्ट, बार, भोजनालय, चमेनागृह, लज, छात्र वा छात्रावास तथा अतिथि गृह,

(झ) रङ्गशाला, कभर्डहल, शारीरिक सुगठन व्यायाम केन्द्र, पौडीपोखरी तथा पुल हाउस,

(ञ) डिपार्टमेन्टल स्टोर तथा मिनी मार्केट,

(ट) धर्मशाला तथा धार्मिक स्थल,

(ठ) सार्वजनिक सवारीका प्रतीक्षालय तथा टिकट काउण्टर ।

(२) उपदफा (१) मा उल्लिखित स्थलको अतिरिक्त कुनै ठाउँको महत्व र सम्वेदनशीलतालाई विचार गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अन्य स्थल समेत सार्वजनिक स्थल मानिने छ ।

दफा ४. <u>सार्वजनिक स्थलमा धुम्रपान तथा सुर्ती सेवन गर्न नहुने :</u> (१) कसैले पनि सार्वजनिक स्थलमा धुम्रपान तथा सुर्ती सेवन गर्न पाइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यवस्थापकले कारागार, विमानस्थल, वा पर्यटकीय स्तरको होटलको कुनै खास ठाउँमा अन्य व्यक्तिलाई प्रतिकूल असर नपर्ने गरी धुम्रपान तथा सुर्तीजन्य पदार्थ सेवन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सक्ने छ ।

(३) उपदफा (२) बमोजिम धुम्रपान तथा सुर्ती सेवनको लागि छुट्याइएको ठाउँमा कायम गर्नुपर्ने आधारभूत कुराहरू तोकिएबमोजिम हुने छन् ।

दफा ५. <u>सूचना टाँस गर्नुपर्ने :</u> व्यवस्थापकले आफूसँग सम्बन्धित सार्वजनिक स्थलको आवश्यकताअनुसार विभिन्न ठाउँमा धुम्रपान तथा सुर्ती सेवन गर्न नपाउने व्यहोराको सूचना सबैले देख्ने र पढ्न सक्ने गरी टाँस गर्नुपर्ने छ ।

दफा ६. <u>घर तथा निजी सवारीसाधनभित्र धुम्रपान गर्न नहुने :</u> कसैले पनि अन्य व्यक्तिलाई असर पर्ने गरी घर तथा निजी सवारीसाधनभित्र धुम्रपान गर्नु हुँदैन ।

परिच्छेद - ३

सुर्तीजन्य पदार्थको उत्पादन तथा बिक्री वितरण

दफा ७. <u>लेबुल, ट्रेडमार्क, ऱ्यापर्स तथा प्याकिङ्ग :</u> (१) उत्पादकले सुर्तीजन्य पदार्थको प्याकेट तथा ऱ्यापर्समा देहायको विवरण उल्लेख गर्नुपर्ने छ :-

(क) प्रचलित कानुनबमोजिम दर्ता गराइएको लेबुल तथा ट्रेडमार्क चिन्ह,

(ख) उत्पादकको नाम, ठेगाना र सुर्तीजन्य पदार्थमा रहेको निकोटिनको मात्रा,

(ग) तोकिएका अन्य हानिकारक तत्व एवं आवश्यक कुराहरू ।

(२) उत्पादकले सुर्तीजन्य पदार्थको प्याकेट तथा ऱ्यापर्समा नाबालकलाई आकर्षण गर्ने किसिमको लोगो, चिन्ह, शब्द र चित्र राख्न पाउने छैन ।

(३) कसैले पनि अन्य उद्योग तथा उत्पादनको ब्राण्ड तथा ट्रेड नाम राखी सुर्तीजन्य पदार्थ उत्पादन गर्न पाउने छैन ।

(४) कुनै उद्योगले चुरोट, बिँडी वा सिगारको आकारमा कुनै पनि वस्तु उत्पादन गर्न पाउने छैन ।

दफा ८. <u>विवरण पेश गर्नुपर्ने :</u> (१) उत्पादकले सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्नुअघि त्यस्तो पदार्थमा भएको निकोटिनको मात्रा, हानिकारक तत्व लगायत अन्य आवश्यक कुराहरूको विवरण मन्त्रालयसमक्ष पेश गर्नुपर्ने छ ।

(२) सुर्तीजन्य पदार्थको उत्पादन तथा निकासी पैठारी गर्ने व्यक्तिले प्रत्येक वर्ष आफूले गरेको उत्पादन तथा निकासी पैठारीको विवरण मन्त्रालयसमक्ष पेश गर्नुपर्ने छ ।

दफा ९. <u>चेतावनीमूलक सन्देश तथा चित्र उल्लेख गर्नुपर्ने :</u> (१) उत्पादकले सुर्तीजन्य पदार्थको बट्टा, र्‍यापर्स, प्याकेट तथा पार्सलको प्याकेजिङ्ग र लेबुलको बाहिरी कुल भागमध्ये कम्तीमा पचहत्तर प्रतिशत भागमा सुर्तीजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ भन्ने जस्ता व्यहोराको मन्त्रालयले तोकेबमोजिम चेतावनीमूलक सन्देश र सुर्तीजन्य पदार्थको सेवनको असरबाट भएको घातक, रङ्गीन चित्र प्रष्ट रूपमा बुझ्ने र देख्ने गरी नेपाली भाषामा छाप्नु तथा अङ्कित गर्नुपर्ने छ ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिमको चेतावनीमूलक सन्देश तथा सङ्केत चिन्ह समय समयमा थप गर्न सक्नेछ ।

(३) आयातकर्ताले उपदफा (१) बमोजिमको मापदण्ड पूरा नभएको सुर्तीजन्य पदार्थ आयात गर्न पाउने छैन ।

दफा १०. <u>विज्ञापन तथा प्रायोजन गर्न नपाइने :</u> उत्पादकलगायत कसैले पनि पत्रपत्रिका तथा रेडियो, टेलिभिजन, एफएम, इन्टरनेट, ई-मेल जस्ता विद्युतीय सञ्चारमाध्यम, अन्तरक्रिया कार्यक्रम, होर्डिङ बोर्ड, भित्तेलेखन, लोगो, सङ्केत, लेख, दृश्य, आवाज, चिन्ह, व्यक्ति वा अन्य कुनै पनि माध्यमबाट सुर्तीजन्य पदार्थको विज्ञापन वा प्रबर्द्धन गर्न वा कुनै कार्यक्रम, समाचार वा सूचना सम्प्रेषण वा प्रायोजन गर्न पाउने छैन ।

दफा ११. <u>बिक्री वितरण तथा प्रदर्शनमा बन्देज :</u> (१) कसैले पनि अठार वर्ष नपुगेका व्यक्ति र गर्भवती महिलालाई सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्न वा गर्न लगाउन वा निःशुल्क

उपलब्ध गराउन पाउने छैन ।

(२) उपदफा (१) बमोजिमको प्रयोजनको लागि सुर्तीजन्य पदार्थको बिक्रेताले कुनै क्रेताको उमेरको बारेमा यकिन हुन चाहेमा निजसँग आवश्यक प्रमाण माग गर्न सक्ने छ र बिक्रेताले माग गरेको प्रमाण पेश गर्नु सम्बन्धित क्रेताको कर्तव्य हुने छ ।

(३) कसैले पनि शिक्षण तथा स्वास्थ्य संस्था, बालकल्याण गृह, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, अनाथालय र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको सार्वजनिक स्थलबाट कम्तीमा एक सय मिटरभित्रको घर, पसलबाट सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्न गराउन पाउने छैन ।

(४) कसैले पनि फुटकर रूपमा चुरोट, बिँडी वा सिगारको खिल्ली बिक्री वितरण गर्न नपाउने गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी व्यवस्था गर्न सक्ने छ ।

(५) कसैले पनि निःशुल्क रूपमा सुर्तीजन्य पदार्थ वितरण गर्न वा उपहार दिन पाउने छैन ।

(६) नेपाल सरकारले चाहेमा सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्न इजाजतपत्र लिनुपर्ने व्यवस्था गर्न सक्ने छ ।

(७) कसैले पनि सुर्तीजन्य पदार्थप्रति आकर्षण हुने गरी बिक्रीस्थल सजावट गर्न तथा त्यस्तो पदार्थको प्रदर्शन गर्न पाउने छैन ।

दफा १७. सजाय : (१) कसैले यस ऐन विपरीत सार्वजनिक स्थलमा धुम्रपान वा सुर्ती सेवन गरेमा व्यवस्थापकले देहायबमोजिम सजाय गर्नुपर्ने छ :-

(क) धुम्रपान तथा सुर्ती सेवन गर्न तुरुन्त रोक लगाउने र त्यसरी रोक लगाउँदा नमानेमा वा पटकपटक धुम्रपान वा सुर्ती सेवन गरेमा निजलाई त्यस्तो सार्वजनिक स्थलबाट बाहिर निकाल्ने वा एक सय रुपैयाँ जरिवाना वा दुवै सजाय गर्नुपर्ने,

(ख) धुम्रपान वा सुर्ती सेवन गर्ने व्यक्ति सार्वजनिक स्थलसँग सम्बन्धित व्यक्ति वा कर्मचारी भएमा धुम्रपान वा सुर्ती सेवन गर्न तुरुन्त रोक लगाउने र पटकपटक धुम्रपान वा सुर्ती सेवन गरेमा अनुशासनमा नरहेको सरह मानी निजको सेवा शर्तसम्बन्धी कानुनबमोजिम सचेत गराउने वा अन्य विभागीय कारबाही गर्नुपर्ने ।

(२) व्यवस्थापकले यस ऐन विपरीत सार्वजनिक स्थलमा धुम्रपान वा सुर्ती सेवन गरेमा अनुशासनमा नरहेको सरह मानी निजलाई कानुनबमोजिम अधिकारप्राप्त अधिकारीले सचेत वा विभागीय कारबाही गर्नुपर्ने छ ।

(३) व्यवस्थापकले उपदफा (१) को खण्ड (क) बमोजिम जरिवानावापत लिएको रकम राजस्व खातामा जम्मा गर्नुपर्ने छ ।

(४) उपदफा (१) वा (२) बमोजिम व्यवस्थापक वा अधिकारप्राप्त अधिकारीले गरेको निर्णय अन्तिम हुने छ ।

(५) देहायको अवस्थामा मुद्दा हेर्ने अधिकारीले सम्बन्धित व्यक्तिलाई देहायबमोजिम सजाय गर्नुपर्ने छ :-

(क) दफा ५ बमोजिम सूचना टाँस नगरेमा पाँच हजार रुपैयाँसम्म जरिवाना,

(ख) दफा ७, ८ र ९ बमोजिमको कुनै काम नगरेमा त्यस्तो सुर्तीजन्य पदार्थ जफत गरी पचास हजार रुपैयाँसम्म जरिवाना,

(ग) दफा १० विपरीत कुनै काम गरेमा एक लाख रुपैयाँसम्म जरिवाना,

(घ) दफा ११ विपरीत कुनै काम गरेमा दश हजार रुपैयाँसम्म जरिवाना,

(ङ) दफा (क), (ख), (ग) र (घ) मा लेखिएदेखि बाहेक यस ऐन विपरीत अन्य कुनै काम गरेमा पाँच हजार रुपैयाँसम्म जरिवाना ।

६.२ सुर्ती नियन्त्रणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि

सुर्ती नियन्त्रण विषयक संरचना नीति महासन्धि (FCTC) सुर्तीजन्य पदार्थको नियन्त्रणमा अन्तर्राष्ट्रिय कदमको रूपमा रहेको महत्वपूर्ण दस्तावेज र सन्धि पनि हो । चार वर्षको लगातार र अथक प्रयासपछि विश्व स्वास्थ्य सङ्गठनले आफ्ना १६८ सदस्य राष्ट्रहरूलाई संलग्न गराई 'सुर्ती नियन्त्रणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि वा अनुबन्धन' (Framework Convention on Tobacco Control-FCTC) सन् २००३ को मे ३१ तारिखका दिनमा पारित गर्न सफल भयो, जसलाई जनस्वास्थ्यको क्षेत्रमा एउटा ऐतिहासिक पहल र सफलताको रूपमा लिइएको छ । विश्व स्वास्थ्य सङ्गठनले यस महासन्धि (FCTC) लाई प्रमाणमा आधारित (Evidence Based) डकुमेन्टको रूपमा पनि लिएको छ । विश्व स्वास्थ्य सङ्गठनले June 29, 2004 सम्म उक्त महासन्धिमा हस्ताक्षर गरिसक्न सबै सदस्य राष्ट्रहरूलाई आह्वान गरेको थियो । हालसम्म यस महासन्धिमा हस्ताक्षर गर्ने जम्मा राष्ट्रहरू १६९ छन् भने यस अवधिभित्र १८१ राष्ट्रहरूले अनुमोदन गरेका छन् । यस महासन्धिमा हालसम्म दक्षिण एसियाका ११ राष्ट्रमध्ये १० वटाले हस्ताक्षर गरी १० वटै राष्ट्रहरूले अनुमोदन पनि गरिसकेका छन् । नेपालले पनि यस महासन्धिमा सन् ३ डिसेम्बर २००३ मा हस्ताक्षर गरेको छ र ७ नोभेम्बर २००६ मा संसद्बाट अनुमोदन गरेको छ । तत्पश्चात् अर्थात् ५ फेब्रुअरी २००७ यस महासन्धि (FCTC) मा सहभागी अङ्ग भएको हो । यसमा समेटिएका कुराहरू अनुसूची २ मा उल्लेख गरिएका छन् ।

अध्याय-७

स्वास्थ्यसम्बन्धी नीतिहरू

सुर्तीजन्य पदार्थ सेवनका कारण स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल असरलाई रोक्न सुर्तीजन्य पदार्थको नियन्त्रण तथा नियमनसम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न यी सूचनाहरू सञ्चारमाध्यम, सामुदायिक परिचालनमार्फत जनस्तरसम्म पु¥याउन नेपाल सरकारको फोकल निकाय (Focal Point) को भूमिका राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रले निर्वाह गर्दछ । तदनुरूप यस केन्द्रको यथाशक्य प्रयासमा अधिकतम जनसंख्यालाई सुर्तीजन्य पदार्थविरुद्धका चेतनामूलक सामग्रीहरू विद्युतीय सञ्चारमाध्यममार्फत प्रचारप्रसार गर्दछ । सरकार, अन्य राजनीतिक व्यक्तिहरू, शिक्षकहरू, विद्यार्थीहरू, कर्मचारीहरू, विभिन्न दातृसंस्थाहरू, पत्रकारजगत्, गैरसरकारी संस्थाहरू आदि सबैको सक्रिय सहयोगको अपेक्षा गर्दै राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रले सुर्तीजन्य पदार्थविरुद्ध राष्ट्रिय कार्यक्रमको मुख्य संयोजकको रूपमा कार्य गर्दछ । साथै शैक्षिक सामग्रीहरूको विकास, उत्पादन र वितरण गर्ने तथा विभिन्न सञ्चारमाध्यमहरूमा प्रसारण र प्रकाशन हुने सन्देशहरू विकास, पुनरावलोकन, परिमार्जन र अन्तिम रूप दिने उत्तरदायित्व पनि यस केन्द्रको हो ।

७.१ सुर्तीजन्य पदार्थ नियन्त्रणसम्बन्धी राष्ट्रिय नीति

७.१.१ प्रथम (सन् १९५६-१९६१) देखि सातौँ (सन् १९८५-१९९०) पञ्चवर्षीय योजना

नेपाल सरकारले सुर्तीजन्य पदार्थको उत्पादन वृद्धि गरी राष्ट्रिय मागलाई परिपूर्ति गर्ने नीति अवलम्बन गरेको पाइन्छ । यसै नीतिअनुरूप जनकपुर चुरोट कारखाना लिमिटेडको स्थापना सन् १९५९ मा भएको थियो । यस्तै गरी राष्ट्रिय स्तरको एउटा सुर्ती विकास बोर्डको पनि स्थापना गरियो, जसले गर्दा स्थानीय स्तरमा उत्पादन हुने सुर्तीको पातमा वृद्धि ल्याई चुरोट कारखानाको मागलाई पूर्ति हुने व्यवस्थामा सहयोग पुग्न गयो । यस अवधिमा प्रतिहेक्टर जमिनमा उत्पादन हुने सुर्तीलाई वृद्धि गर्नका लागि विभिन्न अभियानहरूको थालनी भयो । यसपछिको आवधिक योजनाहरूमा सुर्तीजन्य पदार्थ नियन्त्रणतर्फ प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा केही पहलहरू भएको पाइन्छ ।

७.१.२ राष्ट्रिय स्वास्थ्य नीति

राष्ट्रिय स्वास्थ्य नीति, २०७६ ले पनि सुर्तीजन्य पदार्थविरुद्धका कार्यक्रमलाई प्राथमिकता दिएको पाइन्छ । सोही नीतिको ६.१२ मा नसर्ने रोगहरूको रोकथाम तथा व्यक्ति, परिवार, समाज

तथा सम्बन्धित निकायलाई जिम्मेवार बनाउँदै एकीकृत स्वास्थ्य प्रणालीको विकास तथा विस्तार गरिने भनी उल्लेख छ । यसबाट सुर्तीजन्य पदार्थको प्रतिकूल असरका कारण निम्तिने सरुवा तथा नसर्ने रोगको रोकथाम तथा नियन्त्रणमा कदम चालिने आशय पाइन्छ ।

त्यसैगरी प्रत्येक नीतिका प्रमुख रणनीतिको ६.१२.६ मा बहुक्षेत्रीय समन्वयमार्फत लागुपदार्थको नियन्त्रण तथा सुर्तीजन्य पदार्थको बिक्री, वितरण तथा प्रयोगको प्रभावकारी नियमन गरिने भनी उल्लेख गरिएको छ । यसबाट सरकारले नेपालमा सुर्तीजन्य पदार्थ नियन्त्रणमा सक्रिय भूमिका निर्वाह गरेको पाइन्छ ।

७.१.३ प्रथम र दोस्रो दीर्घकालीन योजना

प्रथम दीर्घकालीन योजनाले सुर्तीजन्य पदार्थको प्रयोग र यसबाट उत्पन्न हुने रोगहरू र समस्याहरूको रोकथाम तथा नियन्त्रणका लागि खासै पहल गरेको देखिँदैन । दोस्रो दीर्घकालीन योजनामा भने क्यान्सर र श्वासप्रश्वास रोगहरूको मुख्य कारण सुर्तीजन्य पदार्थहरूको प्रयोग नै भएकोले सुर्तीजन्य पदार्थको प्रयोग र यसबाट उत्पन्न हुने स्वास्थ्य समस्याहरूको रोकथाम तथा नियन्त्रणका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने कुराहरू उल्लेख गरिएको छ । Essential Health Care Services Package का Component मध्ये सुर्तीजन्य पदार्थ नियन्त्रण एक देखिन्छ ।

७.१.४ स्वास्थ्य क्षेत्र रणनीति र नेपाल स्वास्थ्य क्षेत्र कार्यक्रम कार्यान्वयन योजना

स्वास्थ्य क्षेत्र रणनीति र नेपाल स्वास्थ्य क्षेत्र कार्यक्रम कार्यान्वयन योजनाले सुर्तीजन्य पदार्थको प्रयोगबाट उत्पन्न हुने रोगहरूलाई एक प्रमुख समस्याको रूपमा औंल्याएको छ । सुर्तीजन्य पदार्थको प्रयोग र यसबाट उत्पन्न हुने सम्भाव्य रोगहरूको रोकथाम र नियन्त्रणका लागि प्रभावकारी व्यवहार परिवर्तन कार्यक्रम, कर तथा यसको नियन्त्रण गर्न आवश्यक कानुनहरूको व्यवस्था गर्नुपर्ने भनी दर्शाइएको छ ।

७.१.५ राष्ट्रिय स्वास्थ्य सञ्चार नीति, २०६९

यस नीतिले सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन गर्न स्पष्ट व्यवस्था गरेको छ । यसका लागि सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन, २०६८ र यससम्बन्धी नियम र निर्देशिकाहरूको प्रभावकारी कार्यान्वयनलाई जोड दिएको छ ।

७.१.६ सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन सञ्चार रणनीति, २०७८

सुर्तीजन्य पदार्थविरुद्धको स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रमहरूलाई प्रभावकारी

बनाई ग्रामीण स्तरसम्म सुर्तीजन्य पदार्थविरुद्ध जनचेतना जगाउनका लागि राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रले रणनीतिको मस्यौदा तयार गरेको छ। सो रणनीतिको मस्यौदामा मुख्यतः निम्नलिखित कुराहरू उल्लेख गरिएका छन् :-

- नीति निर्माणको तहमा वचनबद्धता हुनुपर्ने
- सूचना, शिक्षा र सञ्चार कार्यक्रमहरूलाई प्रभावकारी बनाएर सुर्तीको मागलाई घटाउनुपर्ने
- समाजका सबै व्यक्तिहरूबीच सुर्तीजन्य पदार्थ सेवन नगर्ने खालका जीवनपद्धतिको विकास र अनुसरण गर्ने भावना जगाउनुपर्ने
- सुर्तीजन्य पदार्थ सेवन गर्ने घरपरिवारका मूली र परिवारका अन्य सदस्यहरूबीच सुर्तीजन्य पदार्थ त्याग गर्नेबारेमा छलफल भएको अनुभूति हुनुपर्ने
- सुर्तीजन्य पदार्थरहित जीवनपद्धति अपनाउनका लागि उत्प्रेरणा जगाउने
- सुर्तीजन्य पदार्थविरुद्धका विभिन्न संघसंस्थाहरूबीच संस्थागत र कार्यगत एकता वृद्धि गर्ने गराउने रहेको छ।

मूलतः सुर्तीजन्य पदार्थको सेवनलाई घटाई आम नागरिकलाई स्वस्थ जीवनयापन गर्न अभिप्रेरित गर्ने आधारशीलाको रूपमा सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन सञ्चार रणनीति र कार्यनीति यस क्षेत्रका निम्ति कोशेढुङ्गा साबित हुने छ भन्ने विश्वास छ।

क. राष्ट्रिय लक्ष्य

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सुर्तीजन्य पदार्थको प्रयोगमा निषेध, रोकथाम र नियन्त्रण गरी यस्ता पदार्थको सेवनको कारणबाट हुने विभिन्न रोगहरू तथा त्यस्ता रोगबाट हुने मृत्युदर कम गराउने लक्ष्य राखेको छ। खासगरी यो सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन सञ्चार रणनीतिले निम्नलिखित लक्ष्य राखेको छ :

- सुर्तीजन्य पदार्थको खपत (उपयोग) मा कमी ल्याउने
- सुर्तीजन्य पदार्थको सेवनको कारणबाट लाग्ने रोगमा कमी ल्याई मृत्युदर घटाउने

ख. राष्ट्रिय उद्देश्यहरू

- सुर्तीजन्य पदार्थविरुद्धको नीति निर्माण गरी कार्यान्वयन गर्ने।
- सुर्तीजन्य पदार्थको सेवन दर घटाउन यस्ता पदार्थविरुद्धको सामुदायिक शिक्षाको ढाँचा तयार गरी विद्यालय, कार्यस्थलमा कार्यान्वयन गर्ने।
- जनचेतनाका कार्यक्रमहरू सञ्चालनार्थ सुर्तीजन्य पदार्थविरोधी सूचनाहरूको अवधारणा

विकास र उत्पादन गरी रेडियो, टेलिभिजन र छापामाध्यम मार्फत प्रचारप्रसार गर्ने ।

ग. प्राथमिकता

सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन सञ्चार रणनीति कार्यान्वयनका लागि तलका क्षेत्रहरूलाई प्राथमिकतामा राखिएको छ ।

- सुर्तीजन्य पदार्थहरूमा लगाइने वार्षिक कर वृद्धि, स्वास्थ्य कर तथा सुर्तीजन्य पदार्थहरूको अवैध व्यापारसम्बन्धी विषयहरूमा पनि वकालत (Advocacy) गर्ने ।
- विभिन्न पत्रकारहरूलाई सुर्तीजन्य पदार्थविरुद्धको अभियानमा सामेल गराउने ।
- सुर्तीजन्य पदार्थबाट हुने असरहरूबारे समुदाय स्तरसम्म जानकारी गराउने ।
- गरिब, अशिक्षित तथा पिछडिएका वर्गहरूलाई सुर्तीजन्य पदार्थको सेवनबाट हुने हानिका बारेमा शिक्षा दिने, जसले गर्दा गरिबहरूले आफ्नो कडा मेहनतको कमाइ सुर्तीजन्य पदार्थको सेवनमा खर्च गरेर दुरूपयोग गर्नुको सट्टा आफ्नो कमाइको उचित तरिकाले सदुपयोग गर्न सक्छन् ।
- सुर्तीजन्य पदार्थ सेवन गर्ने गर्भवतीलाई सुर्तीजन्य पदार्थ सेवन गरेमा आफूलाई मात्र नभई गर्भको बच्चालाई समेत असर पुग्छ भन्ने जानकारी दिने ।
- सुर्तीजन्य पदार्थका अम्मलीहरूलाई पनि उनीहरूमा लागेको लत बन्द गर्न सकिन्छ भनी जानकारी गराउने ।
- सुर्तीरहित जीवन स्वस्थ, फूर्तिलो र उत्पादक हुन्छ भनी अभियान सञ्चालन गर्ने ।
- सुर्तीजन्य पदार्थ नियन्त्रणमा सरकारी, गैरसरकारी, निजी तथा स्थानीय संघसंस्थाहरूको परिचालनका लागि समन्वय गर्ने ।
- सुर्तीजन्य पदार्थसम्बन्धी अध्ययन तथा अनुसन्धान :
  - संख्यात्मक र गुणात्मक अध्ययन
  - अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कन
  - सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन सञ्चार कार्यक्रमको अध्ययन

७.१.७ सुर्तीजन्य पदार्थविरुद्धका कार्यक्रमहरू

राष्ट्रिय नीति र रणनीतिलाई विचार गरी सुर्तीजन्य पदार्थविरुद्धका कार्यक्रमहरू संघदेखि प्रदेश तथा स्थानीयतह र समुदाय स्तरसम्म लागु गरिएका छन् । नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सम्पर्क सङ्गठन (Focal organization) को रूपमा रहेको राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रमार्फत एकीकृत रूपमा कार्यक्रमहरूको योजना तर्जुमा तथा

सञ्चालन गर्ने नीति भएकोले यसैअनुरूप सुर्तीजन्य पदार्थ विरुद्धका सचेतनामूलक कार्यक्रमहरू संचालन हुँदै आएको छ ।

क. उद्देश्यहरू

सुर्तीजन्य पदार्थविरुद्धका कार्यक्रमहरूको मुख्य उद्देश्य सुर्तीजन्य पदार्थको असरबारे जनसमुदायलाई जानकारी गराई यसको प्रयोग दरमा कमी ल्याउनु हो। जसले गर्दा मानिसको स्वास्थ्य, आर्थिक तथा सामाजिकलगायत वातावरणीय पक्षमा पार्ने असरलाई समेत न्यूनीकरण गर्न सकिन्छ ।

ख. क्रियाकलापहरू

सुर्तीजन्य पदार्थविरुद्ध हाल सञ्चालन भइरहेका कार्यक्रमहरू :

- सुर्तीजन्य पदार्थमाथि लगाइने करमा वृद्धि गर्न सम्बन्धित निकायलाई वकालत गर्ने जसले गर्दा राजस्व बढ्न मद्दत गर्छ भने अर्कोतिर सुर्तीको खपतमा पनि कम हुन जान्छ ।
- सुर्तीजन्य पदाथको बट्टा, डिब्बा, र्‍यापरमा चेतावनीमूलक चित्र र सन्देश छाप्ने ।
- सुर्तीजन्य पदार्थविरुद्ध सूचना आदानप्रदान तथा जनचेतनाका कार्यक्रमहरू सञ्चालन गर्ने।
- सुर्तीजन्य पदार्थ नियन्त्रणसम्बन्धी ऐन तथा कानुन कार्यान्वयनको लागि यसबारे जनचेतना फैलाउने ।
- हरेक वर्ष मे ३१ तारिखका दिन **सुर्तीजन्य पदार्थरहित दिवस** मनाउने ।

ग. सुर्तीजन्य पदार्थ नियन्त्रणमा स्वास्थ्यकर्मीका विभिन्न संघ संगठनहरूका लागि आचारसंहिताको पालना सुनिश्चितता गर्ने/गराउने

स्वास्थ्यकर्मीहरू भनेका "चिकित्सक, नर्स, दन्तसेवाकर्मी, मनोचिकित्सक, औषधीविज्ञ र जनस्वास्थ्यसँग सम्बन्धित पेसामा संलग्न अन्य सदस्यहरू हुन्" । सुर्तीजन्य पदार्थरहित जीवनशैली र संस्कारहरू प्रबर्द्धन गर्ने काममा स्वास्थ्यकर्मीहरूको भूमिका, जीवनशैली र संस्कार प्रबर्द्धन गर्ने कामको आवश्यकता छ। पेसागत क्रियाकलापहरूमार्फत स्वास्थ्यकर्मीहरूले नागरिकलाई सुर्तीजन्य पदार्थरहित जीवनशैली अपनाउने काममा ठूलो भूमिका निर्वाह गर्न सक्दछन् र सुर्तीजन्य पदार्थका नकारात्मक स्वास्थ्य असरहरूसँग सम्बन्धित प्रश्नोत्तर, सल्लाह र निर्देशनमार्फत सहयोग गर्न सक्छन् ।

त्यसकारण स्वास्थ्यकर्मीका संघ संगठनहरूका लागि सुर्तीजन्य पदार्थ नियन्त्रणसम्बन्धी

आचारसंहिताको विकास विश्वभरका अन्तर्राष्ट्रिय स्वास्थ्यकर्मी संघ संगठनका सदस्यहरूको एउटा समूहद्वारा भएको हो । यो १४ वटा कार्य बुँदाहरूमा सूचिबद्ध छ- जसले सुर्तीजन्य पदार्थको नियन्त्रण र जनस्वास्थ्यका लक्ष्यहरूसम्बन्धी साथै विश्व स्वास्थ्य सङ्गठनको सुर्तीजन्य पदार्थ नियन्त्रणका लागि अन्तर्राष्ट्रिय महासन्धि (WHOFCTC) लाई सहयोग गर्नका लागि स्वास्थ्यकर्मीहरू र उनीहरूका संघ संगठनहरूको सम्भावित भूमिकाको खाका प्रस्तुत गर्दछ ।

सुर्तीजन्य पदार्थको खपत र सेवन न्यूनीकरण गर्नका लागि सक्रिय योगदान पुऱ्याउन र राष्ट्रिय, क्षेत्रीय तथा विश्वव्यापी रूपमा सुर्तीजन्य पदार्थको नियन्त्रण गर्न जनस्वास्थ्य प्रबर्द्धनमा स्वास्थ्यकर्मी संघ संगठनहरूले तपसिलका कुराहरूमा मञ्जुर गरेका छन् ।

१. **Be a Role Model :** सुर्तीजन्य पदार्थ सेवन नगरेर तथा सुर्तीजन्य पदार्थरहित संस्कृतिको प्रबर्द्धन गरेर उदाहरणीय व्यक्ति बन्न आफ्ना सदस्यहरूलाई प्रेरित र सहयोग गर्ने ।

२. **Assess and Address Tobacco :** सर्वेक्षण/अध्ययनहरू तथा अन्य उपयुक्त नीतिहरू पहिचान गरी आफ्ना सदस्यहरूको सुर्तीजन्य पदार्थ सेवनका तरिका तथा यसको नियन्त्रणबारेको मनोकाङ्क्षाको मूल्याङ्कन गर्ने र सम्बोधन गर्ने ।

३. **Support Tobacco Free Events :** आफ्नो कार्यालय परिसरभित्र र सभा-समारोहहरूलाई सुर्तीजन्य पदार्थरहित क्षेत्र बनाउन र आफ्ना सदस्यहरूलाई पनि अनुशरण गर्न प्रेरणा दिने ।

४. **Discuss Tobacco Too :** आगामी दिनहरूमा आयोजना हुने स्वास्थ्य सम्मेलन/सभामा सुर्तीजन्य पदार्थ नियन्त्रण विषयलाई पनि प्रस्तावमा समावेश गर्ने ।

५. **Advice on Tobacco Cessation :** बिरामी र सेवाग्राहीलाई सुर्तीजन्य पदार्थका बारेमा र त्यसबाट हुने हानिबारे तथ्यमा आधारित उपाय र उत्कृष्ट व्यवहारहरू अवलम्बन गर्नका लागि नियमित सल्लाह दिनुपर्ने, सुर्तीजन्य पदार्थ त्याग गर्ने तरिकाबारे सल्लाह दिनुपर्ने र सुर्तीजन्य पदार्थ त्याग गर्ने लक्ष्य प्राप्त गर्नका लागि निश्चित गर्नुपर्ने व्यवहारका बारेमा उनीहरूलाई सल्लाह दिने ।

६. **Educate about Tobacco Control :** नियमित शैक्षिक पाठ्यक्रम र अन्य तालिम कार्यक्रमहरूमार्फत सुर्तीजन्य पदार्थ नियन्त्रण सम्बन्धी विषयमा शिक्षा प्रदान गर्ने ।

७. **Participate in World No Tobacco Day :** हरेक वर्ष ३१ मे मा आयोजना गरिने सुर्तीजन्य पदार्थरहित दिवसमा विभिन्न क्षेत्रबाट बढी सक्रियतापूर्वक सहभागी हुने/गराउने ।

८. **Reject Tobacco Money :** सुर्तीजन्य पदार्थ उत्पादन गर्ने उद्योगहरू र ती उद्योगहरूबाट लगानी भएका उद्योगको कुनै पनि आर्थिक वा अन्य प्रकारका सहयोग अस्वीकार गर्ने र आफ्ना सदस्यहरूलाई पनि कुनै पनि प्रकारको सहयोग अस्वीकार गर्न प्रेरित गर्ने ।

९. **Encourage Partners to be Transparent** : सुर्तीजन्य पदार्थका उद्योगसँग सम्बन्ध राख्न इच्छुक कुनै पनि सहयोगी/साझेदारहरूसँग व्यापारिक वा अन्य प्रकारका सम्बन्ध राख्ने बारेमा पनि स्वास्थ्यकर्मीका संघ संगठनहरूको स्पष्ट नीति र पारदर्शी भएको सुनिश्चित गर्ने ।

१०. **Ban Tobacco Promotion** : आफ्ना कार्यालय, उद्योग, संघसंस्था परिसरमा सुर्तीजन्य पदार्थको बिक्री वितरण या त्यस्ता पदार्थको प्रबर्द्धन कार्यमा प्रतिबन्ध लगाउने र उनीहरूका सदस्यहरूलाई पनि सुर्तीजन्य पदार्थमा प्रतिबन्ध लगाउन प्रोत्साहन गर्ने ।

११. **Support the WHOFCTC** : विश्व स्वास्थ्य सङ्गठनको सुर्तीजन्य पदार्थ नियन्त्रणका लागि अन्तर्राष्ट्रिय महासन्धि (FCTC) मा हस्ताक्षर गर्ने, अनुमोदन गर्ने र कार्यान्वयन गर्ने प्रक्रियामा सक्रिय सरोकारवालाहरूलाई कटिबद्ध भई सहयोग गर्ने ।

१२. **Invest in Tobacco Control** : यस आचारसंहिताअनुसार सुर्तीजन्य पदार्थ नियन्त्रण गर्न सघाउने क्रियाकलापमा लगानी बढाउने । लगानीको माध्यमबाट सुर्तीजन्य पदार्थ नियन्त्रणका लागि आवश्यक आर्थिक तथा अन्य स्रोत उपलब्ध गराउने ।

१३. **Be Active on Tobacco Control** : स्वास्थ्यकर्मीका सञ्जालहरूमार्फत सुर्तीजन्य पदार्थ नियन्त्रण गर्ने कार्यमा सक्रियताका साथ विभिन्न क्रियाकलापहरूमा सहभागी हुने ।

१४. **Support Tobacco-free Public Places** : सार्वजनिक स्थललाई सुर्तीजन्य पदार्थरहित क्षेत्र बनाउने अभियानहरूको समर्थन र त्यस्ता अभियानमा सहयोग गर्ने ।

सुर्तीजन्य पदार्थ नियन्त्रण गर्नका लागि स्वास्थ्यकर्मीहरूको महत्वपूर्ण भूमिका रहेको हुन्छ । उनीहरूलाई सर्वसाधारण नागरिक, सञ्चारकर्मीहरू, स्थानीय नेताहरूले विश्वास गर्दछन् । उनीहरूको आवाजलाई सामाजिक, आर्थिक, राजनैतिक क्षेत्रका विज्ञहरूले समेत सुन्दछन् । व्यक्तिगत तहमा उनीहरूले जनसमुदायलाई सुर्तीजन्य पदार्थको हानिको सम्बन्धमा र अप्रत्यक्ष धुवाँयुक्त सुर्तीजन्य पदार्थ (Second Hand Smoke) का बारेमा सही शिक्षा सन्देश प्रवाह गर्न सक्दछन् । स्वास्थ्यकर्मीहरूले सुर्तीजन्य पदार्थका अम्मलीहरूलाई यसका दुर्व्यसनका बारेमा सहयोग गर्न सक्छन् । स्थानीय स्तरमा स्वास्थ्यकर्मीहरूले माथि वर्णन गरिएका विभिन्न नीतिनियमहरू शुरुआत र पालना गर्नु गराउनुपर्छ र सक्दछन् पनि । समुदाय स्तरमा उनीहरूले विभिन्न किसिमका राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा सुर्तीजन्य पदार्थ नियन्त्रणका लागि अन्तर्राष्ट्रिय महासन्धि (FCTC) जस्ता अभियानहरूका बारेमा आवाज बुलन्द गर्न सक्छन् र भाग लिन समेत सक्दछन् । स्वास्थ्यकर्मी तथा उनीहरूका संघ संगठनहरूले 'धुम्रपान नियन्त्रणमा स्वास्थ्यकर्मीका संघ संगठनहरूका लागि आचारसंहिता' को पालना गरी गराई समाजमा उदाहरणीय व्यक्तिका

रूपमा नेतृत्वदायी भूमिका खेल्न सक्छन्, फलस्वरूप सुर्तीजन्य पदार्थरहित समाज बन्न सक्छ ।

७.१.८ विभिन्न निकायहरूको सुर्तीजन्य पदार्थ नियन्त्रण तथा रोकथाममा भूमिका र गरिएका पहलहरू

क. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

सुर्तीजन्य पदार्थको सेवन निषेध तथा नियन्त्रणमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ। सुर्तीजन्य पदार्थको सेवन निषेध तथा नियन्त्रणका लागि नीति निर्माण तथा कार्यक्रमहरू तय गर्ने काम स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गर्दै आएको छ। यसका लागि विश्व स्वास्थ्य सङ्गठन जस्ता अन्तर्राष्ट्रिय संघ सङ्गठनसँग समन्वय गर्ने कामसमेत मन्त्रालयले गर्दै आएको छ।

- सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने ऐन २०६८ संविधान सभाबाट पारित भई राष्ट्रपतिबाट मिति २०६८।१।२६ मा प्रमाणित भएको मितिले ९१ औँ दिनपछि कार्यान्वयन भइसकेको छ।
- सुर्तीजन्य पदार्थ नियन्त्रणका लागि विश्व स्वास्थ्य सङ्गठन महासन्धि (WHOFCTC) मा हस्ताक्षर र अनुमोदन गरी सुर्तीजन्य पदार्थविरुद्ध अभियान सञ्चालन गर्न अन्तर्राष्ट्रिय प्रतिबद्धता व्यक्त गरिएको छ।
- सुर्तीजन्य पदार्थसम्बन्धी विभिन्न अध्ययन तथा अनुसन्धान गरिएको छ।
- सुर्तीजन्य पदार्थविरुद्धको अभियान सञ्चालन गर्न सुर्तीजन्य पदार्थविरुद्ध रणनीतिबारे सरोकारवालाहरूलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ।
- सार्वजनिक स्थानमा सुर्तीजन्य पदार्थ सेवन गर्न प्रतिबन्ध लगाइएको छ।
- विद्युतीय सञ्चारमाध्यमहरूबाट सुर्तीजन्य पदार्थ प्रबर्द्धनसम्बन्धी विज्ञापन गर्न निषेध गरिएको छ।
- सुर्तीजन्य पदार्थविरुद्धका सन्देशहरू टेलिभिजन, रेडियो तथा पत्रपत्रिका लगायतका सञ्चारमाध्यममार्फत प्रचारप्रसार भइरहेका छन्।
- विद्यालयका शिक्षक, विद्यार्थी, सामाजिक कार्यकर्ता, सरकारी तथा गैरसरकारी संस्थाहरू सहभागी गराई सुर्तीजन्य पदार्थविरुद्ध संघ, प्रदेश र स्थानीय तहमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ।
- सुर्तीजन्य पदार्थविरुद्धका सूचना, शिक्षा र सञ्चारसामाग्री (पोष्टर, पाम्प्लेटहरू र पुस्तिका आदि) छपाई गरी अधिराज्यव्यापी वितरण र प्रयोग गरिएको छ।
- सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन ऐन २०६८ को प्रभावकारी कार्यान्वयनका निम्ति प्रमुख प्रशासकीय अधिकृत र जनस्वास्थ्य अधिकृतहरूलाई जिम्मेवारी सुम्पिएको छ।

ती पदाधिकारीहरूको निर्देशन र व्यवस्थापनमा सुर्तीजन्य पदार्थविरुद्ध अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था गरिएको छ ।

ख. राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र

सुर्तीजन्य पदार्थको नियन्त्रण तथा नियमनका लागि राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रले फोकल प्वाइन्ट (Focal Point) को रूपमा विभिन्न कार्यक्रमहरू गर्दै आइरहेको छ । यस केन्द्रले सुर्तीजन्य पदार्थ नियन्त्रणसम्बन्धी कानुनी प्रावधानको खाका तयार गर्ने, सुर्तीजन्य पदार्थ नियन्त्रणसम्बन्धी रणनीतिको विकास, कार्य योजना तथा कार्यक्रमहरू निर्माण तथा कार्यान्वयन, नीति निर्माणकर्ताहरूलाई पैरवी गर्ने गर्दछ । यस केन्द्रले सञ्चारका विभिन्न माध्यमहरू जस्तै- रेडियो, टेलिभिजन, सिनेमा हल, पत्रपत्रिका, पोष्टर, पाम्प्लेट, पर्चा, होर्डिङबोर्डमार्फत आम जनसमुदायमा सुर्तीजन्य पदार्थको सेवनबाट जनस्वास्थ्यलगायत सामाजिक, आर्थिक तथा वातावरणीय क्षेत्रमा पर्ने गम्भीर असरहरूको बारेमा जनचेतना अभिवृद्धि गर्ने कार्य गर्दछ । यसका साथै अभिमुखीकरण, कार्यशाला गोष्ठी, सचेतना कार्यक्रम, अन्तरक्रिया कार्यक्रम प्रदेश स्तरदेखि समुदाय स्तरसम्म विभिन्न निकाय तथा सरोकारवालाहरूसँग समन्वय गरी अभियानकै रूपमा अगाडि बढाइरहेको छ । यसै अन्तर्गत हाल यस केन्द्रबाट स्वास्थ्य प्रबर्द्धन तथा सुर्तीजन्य पदार्थ नियमन शाखा मार्फत सुर्तीजन्य पदार्थ तथा नसर्ने रोग नियन्त्रणका कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । यस केन्द्रले हरेक वर्ष मे ३१ तारिखका दिन **विश्व सुर्तीजन्य पदार्थरहित दिवस** (World No Tobacco Day) विभिन्न नाराका साथ मनाउँदै आइरहेको छ । जसअनुसार यस वर्ष "**सुर्तीजन्य कुलत छोड्ने प्रतिज्ञा गर्नुहोस् : कुलत त्यागनेहरू नै वास्तविक विजेता हुन् (**Commit to Quit Tobacco: Quitters are Real Winners**)**" भन्ने नाराका साथै World No Tobacco Day 2021 मनाइएको थियो । यो नाराले अठोट गरेमा सुर्तीजन्य पदार्थ त्याग गर्न सम्भव छ र बेलैमा छोडेमा यसले भविष्यमा निम्त्याउने शारीरिक, सामाजिक, आर्थिक समस्यालाई रोक्न सकिन्छ भन्ने कुरामा जोड दिएको छ ।

ग. अर्थ मन्त्रालय

अर्थ मन्त्रालयले प्रत्येक वर्ष सुर्तीजन्य पदार्थमा कर वृद्धि गरी यसको सेवनलाई निरुत्साहित गर्दै आएको छ । साथै सुर्तीजन्य पदार्थको सेवनमा लगाइएको करबाट स्वास्थ्य कर कोष स्थापना गरी सो कोषको रकमबाट क्यान्सर रोग रोकथाम, नियन्त्रण, उपचार तथा सुर्तीजन्य पदार्थविरुद्धका अन्य स्वास्थ्यसम्बन्धी कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् ।

घ. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सुर्तीजन्य पदार्थका बट्टा, र्‍यापर्स, प्याकेटहरूमा स्वास्थ्यका लागि हानिकारक छ भन्ने सन्देशका साथ चेतावनीमूलक चित्र राख्ने जिम्मा लिएको आधिकारिक निकाय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय हो ।

ङ. शिक्षा मन्त्रालय

कक्षा ९ र १० को पाठ्यक्रममा सुर्तीजन्य पदार्थविरुद्धका विषयहरू समावेश गरी अध्ययन अध्यापन गराइएको छ ।

च. World Health Organization

सुर्तीजन्य पदार्थ नियन्त्रणमा नेपाल सरकारलाई प्राविधिक, आर्थिक सहयोग गर्दै आइरहेको छ ।

छ. विपी कोइराला क्यान्सर अस्पताल, चितवन, भरतपुर

यस अस्पतालले क्यान्सरका बिरामीहरूको उपचार र सुर्तीजन्य पदार्थबाट हुने हानिकारक असरहरूबारे परामर्श कार्यक्रम सञ्चालन गर्ने गर्दछ ।

ज. क्यान्सर अस्पताल, भक्तपुर

क्यान्सरका बिरामीहरूलाई सुर्तीजन्य पदार्थबाट हुने हानिकारक असरहरूबारे परामर्श कार्यक्रम सञ्चालन गरेको छ ।

झ. सुशील कोइराला प्रखर क्यान्सर अस्पताल, नेपालगञ्ज, बाँके

क्यान्सरका बिरामीहरूलाई सुर्तीजन्य पदार्थबाट हुने हानिकारक जोखिम न्यूनीकरणबारे परामर्श तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको छ ।

ञ. मृगेन्द्र सम्झना चिकित्सा गुठी

सुर्तीजन्य पदार्थविरुद्ध अनुसन्धनात्मक र शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने गरेको छ ।

ट. नेपाल क्यान्सर रिलिफ सोसाइटी

सूतिजन्य पदार्थविरुद्ध विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने गरेको छ ।

ठ. प्राथमिक स्वास्थ्य सेवा स्रोत केन्द्र

सुर्तीजन्य पदार्थबारे अनुसन्धनात्मक र सुर्तीजन्य पदार्थविरुद्ध शैक्षिक तथा वकालत (Advocacy) कार्यक्रम सञ्चालन गरेको छ ।

ड. International Union Against Tuberculosis and Lung Disease (The Union)

सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमनको लागि नेपाल लगायत विश्वका विभिन्न देशहरुमा पैरवी गर्ने, क्षमता अभिवृद्धि गर्ने र स्वास्थ्य संरचना सुदृढीकरण गर्ने काम गर्दै आएको छ ।

ढ. Action Nepal

यस संस्थाले पनि सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमनसम्बन्धी सरोकारवाला निकायहरूलाई वकालत, पैरवी गर्ने र प्रदेशदेखि समुदाय स्तरसम्म विभिन्न सचेतना तथा अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गर्ने गरेको छ ।

ण. व्यक्ति र समुदाय

सुर्तीजन्य पदार्थको सेवन निषेध तथा नियन्त्रणमा व्यक्ति स्वयंको विशेष भूमिका हुन्छ । सुर्तीजन्य पदार्थरहित जीवनशैली अवलम्बन गर्ने व्यक्तिले आफू स्वस्थ रही सुर्तीजन्य पदार्थले गर्ने हानिका बारेमा अरूलाई सन्देश दिई परिवार तथा समुदायका अरू सदस्यलाई समेत सुर्तीजन्य पदार्थरहित जीवनशैली अवलम्बन गर्न प्रेरित गर्न सक्दछ । यसका साथै समुदायका अगुवाहरू क्रियाशील भएर सुर्तीजन्य पदार्थको नियन्त्रणमा लाग्ने हो भने समाजलाई सुर्तीजन्य पदार्थरहित बनाउन सकिन्छ ।

अध्याय-८

दिगो विकास लक्ष्य र सुर्तीजन्य पदार्थ

८.१ परिचय

दिगो विकास लक्ष्य संयुक्त राष्ट्र संघको पहल हो, जुन सन् २०१५, सेप्टेम्बर २५ तारिखका दिन संयुक्त राष्ट्र संघको साधारणसभाले **दिगो विकासको २०३० को एजेण्डा विश्वलाई परिवर्तन गर्ने** भन्ने शीर्षकका साथ औपचारिक रूपमा पारित गऱ्यो । यसमा जम्मा १७ लक्ष्य र १६९ टार्गेटहरू रहेका छन् जुन सन् २०३० सम्म हासिल गर्नुपर्ने छ । यी १७ वटा विकास लक्ष्यहरूले सहस्राब्दी विकास लक्ष्यहरूको उपलब्धिमा टेकेर त्यसबाट हासिल हुन नसकेका कुराहरूलाई प्राप्त गर्ने छन् । दिगो विकास लक्ष्यको मुख्य उद्देश्य गरिबीको अन्त्य, पृथ्वीको संरक्षण र सबैको समृद्धिलाई सुनिश्चित गर्नु हो ।

८.२ दिगो विकास लक्ष्य र सुर्तीजन्य पदार्थ

दिगो विकास लक्ष्यका १७ वटा लक्ष्यहरूमध्ये प्रायःजसो लक्ष्यहरू सुर्तीजन्य पदार्थसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धित रहेका छन् । सुर्तीजन्य पदार्थको सेवनमा कमी ल्याउनाले दिगो विकास लक्ष्यअर्न्तगत नसर्ने रोगका कारण हुने अकाल मृत्युलाई सन् २०३० सम्ममा एक तिहाईलाई घटाउने उद्देश्य हासिल गर्न महत्वपूर्ण भूमिका खेल्ने छ ।

दिगो विकासका लक्ष्यहरूमध्ये सुर्तीजन्य पदार्थसँग सम्बन्धित लक्ष्यहरू निम्नानुसार छन् :

लक्ष्य १ : सबै किसिमका गरिबी सबै ठाउँबाट अन्त्य गर्ने,

लक्ष्य २ : शून्य भोकमरी : भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा राम्रो पोषण हासिल गर्ने र दिगो कृषिको प्रबर्द्धन गर्ने,

लक्ष्य ३ : सबै उमेर समूहका सबै मानिसहरूको स्वस्थ जीवन सुनिश्चित गर्ने र स्वस्थताको प्रबर्द्धन गर्ने,

लक्ष्य ५ : लैङ्गिक समानता हासिल गर्ने र सबै महिला र किशोरीहरूलाई सशक्त बनाउने,

लक्ष्य १०: देशभित्र र देशहरूबिच रहेको असमानतालाई कम गर्ने,

लक्ष्य १२: दिगो उत्पादन र उपभोगको तरिकालाई सुनिश्चित गर्ने,

लक्ष्य १७: दिगो विकासका लागि कार्यान्वयनका माध्यम र विश्वव्यापी साझेदारीलाई पुनर्जीवन दिने ।

लक्ष्य १ : सबै किसिमका गरिबी सबै ठाउँबाट अन्त्य गर्ने

सुर्तीजन्य पदार्थले विशेष गरी विकासोन्मुख देशहरूमा गरिबीलाई बढावा दिइरहेको अवस्था छ । सुर्ती उद्योगहरूले विशेष गरी पिछडिएका देश र समुदायलाई लक्षित गर्ने गरेको र जसको कारणले मानिसहरूले विभिन्न स्वास्थ्य समस्या र विभेद भोग्नुपरेको अवस्था छ । (WHO & SDG, SEARO EUROPE)

सुर्तीजन्य पदार्थको नियन्त्रणले गरिबी अन्त्य गर्ने प्रयासहरूमा सहयोग गर्दछ । सुर्तीजन्य पदार्थको सेवनले अकालमै मृत्यु हुने र अशक्तता हुने जसले गर्दा जीवनको उत्पादनशील समयलाई असर पर्ने, काममा जान सम्भव नहुने हुन्छ । सुर्तीजन्य पदार्थका कारण लाग्ने विभिन्न रोगहरूको उपचार खर्च पनि अत्यधिक हुने हुनाले यसको उपचार गर्ने क्रममा मानिसहरू गरिबीको चपेटामा पर्न सक्छन् । विश्वको तथ्याङ्कले पनि सुर्तीजन्य पदार्थको सेवन न्यून वर्गीय मानिसहरूले बढी गर्ने र उनीहरू नै स्वास्थ्य सेवाको पहुँच, स्वास्थ्यसम्बन्धी सन्देश र सूचनाबाट बढी बञ्चित हुने गर्दछन् जसकारण स्थिति भयावह हुने गर्दछ । त्यही कारणले सुर्तीजन्य पदार्थ नियन्त्रण गर्नु भनेको न्यून वर्गीय मानिसहरूको जीवनस्तर, शिक्षाको स्तर, स्वास्थ्य सेवा र समष्टिगतरूपमा उत्पादकत्वमा समेत उल्लेखनीय रूपमा सुधार ल्याउनु हो । (United Nations Development Programme; WHO FCTC Secretariat, "The WHO Framework Convention on Tobacco Control an accelerator for sustainable development," New York, 2015)

नेपालमा न्यून आयस्रोत भएकाहरूले आफ्नो सम्पूर्ण खर्चको करिब ५% सुर्तीजन्य पदार्थमा खर्चिने गरेको पाइन्छ भने धनीवर्गहरूले २% खर्च गर्ने गर्दछन् । (A nationally representative study on socio-demographic and geographic correlates, and trends in tobacco use in Nepal) । सुर्तीजन्य पदार्थका कारण हुने मृत्युमध्ये करिब एक तिहाई मृत्यु न्यून आयस्रोत भएका समूहमा भएको देखिन्छ । [Factors associated with tobacco use among Nepalese men aged 15-49 years: Data from Nepal Demographic and Health Survey 2016]

लक्ष्य २ : शून्य भोकमरी : भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा राम्रो पोषण हासिल गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने

सुर्तीजन्य पदार्थको सेवन नगर्नेहरूको तुलनामा सेवनकर्ताहरूले बढी खाद्य सुरक्षाको समस्या भोगिहेका हुन्छन् । यसो हुनुमा आफ्नो आम्दानीको धेरैजसो रकम सुर्तीजन्य पदार्थमा खर्चिनु र यसको सेवनका कारण लाग्ने विभिन्न रोगको उपचार खर्च हो । यसैगरी कृषियोग्य जमिनमा सुर्ती उत्पादन गर्दा यसले खाद्य समस्या समेत निम्त्याएको छ। करिब ९०% सुर्तीको पातको खेती विश्वको दक्षिणी क्षेत्रमा हुने गर्दछ जहाँ भोकमरी, कुपोषण र बालश्रम जस्ता समस्याहरू चुनौतीको रूपमा रहेका छन् । W. Leppan, N. Lecours, and D. Buckles,

Tobacco Control and Tobacco Farming: Separating Myth from Reality. Anthem Press, IDRC, 2014.

नेपालमा घरपरिवारले औसतमा आफ्नो वार्षिक खर्चको ५% सुर्तीजन्य पदार्थमा खर्च गर्ने गरेको पाइएको छ। अझ न्यून आयस्रोत भएकाहरूले १०% सम्म खर्च गर्ने गरेको देखिन्छ। [A Study on the Economics of Tobacco in Nepal," World Bank, Washington, DC, 2003] नेपालमा ०.०४% कृषियोग्य जमिनमा मात्र सुर्ती उत्पादन हुने गरेको छ। [Tobacco Atlas, Nepal]. मानिसहरू सुर्तीभन्दा अन्न, मकै र अन्य तरकारी खेती गर्नेतर्फ बढी आर्कषित देखिन्छन् र यसले देशमा भोकमरीसँग जुध्न खाद्य सुरक्षाको सुनिश्चितता गर्न सहयोग गरेको छ [WHO, "Brief Profile on Tobacco Control in Nepal ," 2012] भने अर्कोतर्फ सुर्तीजन्य पदार्थको सेवन दरमा भइरहेको वृद्धिले भने यसले निम्त्याउने रोग, उत्पादनशील जीवनमा पुऱ्याउने हानिले आर्थिक भार बढ्न गइ गरिबीतिर धकेल्ने चिन्ता पनि यथावत नै देखिन्छ। त्यसैले आगामी दिनमा सुर्ती खेतीमा लागेका किसानहरूलाई वैकल्पिक खाद्यपदार्थहरूको उब्जनी गर्न प्रोत्साहन र आवश्यक सहयोग प्रदान गर्न आवश्यक छ।

लक्ष्य ३ : सबै उमेर समूहका सबै मानिसहरूको स्वस्थ जीवन सुनिश्चित गर्ने र आरोग्यताको प्रबर्द्धन गर्ने

दिगो विकास लक्ष्य ३ ले मातृ तथा बाल स्वास्थ्य, सरुवा तथा नसर्ने रोग, लागुपदार्थको दुर्व्यसन, सडक दुर्घटना, यौन तथा प्रजनन स्वास्थ्य, स्वास्थ्य सेवामा पुहँच, वातावरण प्रदूषणका कारण हुने स्वास्थ्य समस्या, **सुर्तीजन्य पदार्थ नियन्त्रण**, भ्याक्सिन र औषधीको अनुसन्धान तथा विकास, स्वास्थ्यका जनशक्ति र जोखिम कम गर्न पूर्वचेतावनी प्रणालीको विकास जस्ता मुद्दाहरूलाई समेटेको छ। [UN 2015].

यस लक्ष्यअर्न्तगत **३ (क) ले सबै देशहरूमा आवश्यकताअनुसार सुर्तीजन्य पदार्थको नियन्त्रण गर्नको लागि विश्व स्वास्थ्य सङ्गठनको सुर्तीजन्य नियन्त्रण विषयक संरचना नीति महासन्धि (WHO FCTC) को कार्यान्वयनलाई सुदृढ गर्ने** उल्लेख गरेको छ। सुर्तीजन्य पदार्थ नियन्त्रण र FCTC कार्यान्वयनलाई मुख्य उद्देश्यका रूपमा लिनुले नै सुर्तीजन्य पदार्थको सेवनले निम्त्याइरहेको महामारीको गम्भीर्यतालाई दर्शाउँछ। यसले सबै देशहरूले सुर्तीजन्य पदार्थ नियन्त्रणलाई प्राथमिकतामा राख्नुपर्ने, FCTC ले गरेका सिफारिसहरूलाई आधार बनाएर तथ्यमा आधारित कार्यक्रमहरूको आवश्यकता सुनिश्चित गर्नुपर्ने र सुर्तीजन्य पदार्थ नियन्त्रणमा दृढ प्रतिबद्धताविना लक्ष्य ३ कार्यान्वयन हुन नसक्ने तथ्यलाई जोड दिन्छ।

क्यान्सर, मुटुसम्बन्धी रोग, श्वासप्रश्वाससम्बन्धी रोग र मधुमेह जस्ता प्रमुख ४ किसिमका नसर्ने रोग लाग्नुको मुख्य कारण सुर्तीजन्य पदार्थको सेवन नै हो। त्यसैगरी यसले क्षयरोग

संक्रमणको जोखिम बढाउने, रोग प्रतिरोधात्मक क्षमतालाई कमजोर बनाएर क्षयरोग र एच.आई.भी. लागेका व्यक्तिहरूको अवस्था अझ गम्भीर बनाउन सक्छ । त्यसैगरी गर्भावस्थाका बेला धुम्रपान गर्नाले कम तौलको बच्चा जन्मिने, समयअगावै जन्मने तथा अचानक बच्चाको मृत्यु हुन सक्छ । यसका साथै सुर्तीजन्य पदार्थको उत्पादनका दौरान निस्कने फोहोर र यसका ठुटाहरूका कारण हुने फोहोरले गर्दा वातावरण समेत प्रदूषित हुने र धुम्रपानका कारण वायु प्रदूषण हुन्छ । यसले विभिन्न स्वास्थ्य समस्याहरू निम्त्याउन सक्छ । सुर्तीजन्य पदार्थको नियन्त्रणले यी सबै असर हरूलाई कम गर्नुका साथै राजस्व संकलनमा टेवा पुऱ्याएर जनताको स्वास्थ्यको स्तर उकास्न समेत मद्दत गर्दछ ।

लक्ष्य ५ : लैङ्गिक समानता हासिल गर्ने र सबै महिला र किशोरीहरूलाई सशक्त बनाउने

महिलाले सुर्तीजन्य पदार्थ सेवन गर्नाले उनको स्वास्थ्यलगायत यदि उनी गर्भवती भएको अवस्थामा उनको गर्भको बच्चालाई समेत असर गर्दछ। जसकारण गर्भपतन हुने, शिशु समयअगावै जन्मने, वृद्धि र विकास राम्रोसँग नहुने हुन्छ। आफू मात्र नभई अरूले गरेको धुम्रपानको धुवाँ (second hand smoking) को बढी जोखिममा पनि विशेष गरी महिलाहरू नै पर्दछन् । यो अवस्थालाई परिवर्तन गर्न महिलाहरूलाई समाज, घर वा कार्यस्थलमा पुरुषसरह समान व्यवहार, अधिकार र सशक्त बनाउन जरुरी छ। विश्वभर सुर्तीजन्य पदार्थको सेवनका कारण नसर्ने लागेर मृत्यु हुनेमा करिब आधा संख्या महिलाको रहेको पाइएको छ । तर नसर्ने रोग भन्नेवित्तिकै पुरुषसँग बढी सम्बन्धित रोगको रूपमा लिने गरेको जसकारण महिलाहरूको रोग पत्ता लाग्न, रोकथाम गर्न र उपचारमा समेत ढिला हुने गरेको देखिन्छ। त्यसकारण सुर्तीजन्य पदार्थको नियन्त्रणले यी लिङ्गमा आधारित नीति, कार्यक्रम र अनुसन्धानमा रहेका अन्तरलाई समेत न्यूनीकरण गर्न सघाउ पुऱ्याउने छ। [World Health Organization, “Ten Facts about Tobacco and Gender,” 2010].

सन् २०१९ को NCD STEPS Survey अनुसार नेपालमा १५ देखि ६९ वर्षका करिब ११.६% महिलाहरूले सुर्तीजन्य पदार्थ सेवन गर्ने गर्दछन् । त्यसैगरी करिब ७.५% महिलाहरूले धुम्रपान गर्दछन् भने करिब ५% ले धुवाँरहित सुर्तीजन्य पदार्थ सेवन गर्दछन् । आजभोलि सुर्ती उद्योगहरूको मुख्य लक्षित वर्ग नै महिला तथा बालबालिकाहरू रहेको देखिन्छ। [Tobacco Atlas, “Nepal] नेपालमा सुर्तीजन्य पदार्थको सेवन विपन्न र पिछडिएका महिलाहरूमा बढी देखिन्छ । न्यून आय भएका समूहअन्तर्गत हेर्ने हो भने महिला (४४%) ले पुरुष (२५%) भन्दा बढी सुर्तीजन्य पदार्थ सेवन गरेको पाइन्छ। [Investment Case for Tobacco Control in Nepal: The Case for Investing in WHO FCTC Implementation, UNDP, RTI, MoHP, 2019]. त्यसैगरी हिमाली भागमा पनि धुम्रपान गर्नेको संख्या महिलाहरूको नै बढी छ । [B.

Bajracharya, "Smoking and smokeless tobacco use among urban women and men in Nepal," Tob. Induc. Dis., Vol. 16, No. 1, Mar. 2018] नेपालमा किशोरीहरूभन्दा ४० वर्ष वा सो भन्दा बढी उमेर समूहका महिलाहरूले सुर्तीजन्य पदार्थ सेवन बढी गरेको पाइन्छ । [S. Pandey and Y. Lin, "Tobacco use among married women in Nepal: The role of women's empowerment," Matern. Child Health J].

अन्य देशमा जस्तै नेपालमा पनि सुर्ती खेती र उत्पादन गर्ने कार्यमा संलग्न महिला तथा उनका बच्चाहरूमा विभिन्न किसिमको स्वास्थ्य समस्या हुने गर्दछ जस्तै- छाती दुख्ने, दम, खोकी आदि । साथै नेपालमा अरूले गरेको धुम्रपानको धुवाँले करिब ५० % गर्भवती महिला प्रभावित भएको देखिन्छ जसकारण गर्भवती महिला र बच्चा दुवै लाई विभिन्न स्वास्थ्य समस्या हुन्छ । [S. Reece, C. Morgan, M. Parascandola, and K. Siddiqi, "Secondhand smoke exposure during pregnancy: A cross-sectional analysis of data from Demographic and Health Survey from 30 low-income and middle-income countries," T]

त्यसैले लैङ्गिक पक्षसँग सम्बन्धित विभिन्न जोखिमको लेखाजोखा तथा सोहीअनुरूप कार्यक्रम, रणनीति बनाउनुपर्दछ ।

लक्ष्य १० : देशभित्र र देशहरूबीच रहेको असमानतालाई कम गर्ने

सुर्ती सेवनले देशभित्र तथा अन्य देशहरूबीच समेत असामनता ल्याउँछ । यसले आर्थिक क्षेत्र मात्र नभई सामाजिक क्षेत्रलाई पनि उत्तिकै असर गर्दछ ।

नसर्ने रोगका कारण हुने मृत्युमध्ये करिब ८७% मृत्यु न्यून आयस्रोत भएका देशहरूमा हुने गरेको छ । जसकारण गरिब र सीमान्तकृत समूह बढी मर्कामा पर्ने गर्दछन् । विभिन्न किसिमका सामाजिक समस्या तथा अभाव जस्तै- तनाव, एक्लोपन, असुरक्षितता र सुखदायी जीवन जिउन नपाउनाले मानिसहरू समानताबाट बञ्चित हुन्छन् । [M. Eriksen, J. Mackay, N. S. Farhad, I. Gomeshtapeh, and J. Drope, The Tobacco Atlas, 5th Edition. 2015].

नेपालको सन्दर्भमा पनि न्यून आयस्रोत भएकाहरूले बढी सुर्तीजन्य पदार्थ सेवन गरेको पाइन्छ । जसकारण उनीहरू अरू सुविधा र सुखबाट बञ्चित हुन्छन्, त्यसैले देशको परिवेशअनुसार कर बढाउने जस्ता उपायहरूमार्फत यी समूहलाई विशेष रूपमा लक्षित गरी कार्यक्रम ल्याउन अन्यन्त जरुरी छ ।

लक्ष्य १२ : दिगो उत्पादन र उपभोगको तरिकालाई सुनिश्चित गर्ने

सुर्ती खेती निकै नै जटिल प्रक्रिया हो जस दौरान किट्नाशक औषधी र रासायनिक मलहरू

बढी मात्रामा प्रयोग गर्ने गरिन्छ। यसले विभिन्न वातावरणीय र स्वास्थ्य समस्या निम्त्याउन सक्छ। यति मात्र नभई सुर्ती उत्पादन हुने माटोको उर्बराशक्ति घट्दै जाने हुनाले त्यस माटोमा अन्य खाद्य पदार्थ उत्पादन गर्न समेत समस्या हुन सक्छ।

सुर्ती उत्पादन हुने विकासोन्मुख देशमा करिब ५% वनजङ्गलको फडानी सुर्ती उत्पादनका कारणले हुने गरेको छ। [M. Zafeiridou, N. S. Hopkinson, and N. Voulvoulis, Cigarette smoking: an assessment of tobacco's global environmental footprint across its entire supply chain, and policy strategies to reduce it. 2018] त्यसैले सुर्ती उत्पादनलाई निरुत्साहित गर्न विभिन्न किसिमका कानुनको व्यवस्था गर्न आवश्यक छ र यसको खेती गर्ने किसानहरूलाई विकल्प दिन पनि जरुरी छ।

लक्ष्य १७ : दिगो विकासका लागि कार्यान्वयनका माध्यम र विश्वव्यापी साझेदारीलाई पुनर्जीवन दिने

यो दिगो विकास लक्ष्य हासिल गर्न विभिन्न क्षेत्रबीच आपसी समझदारी तथा केही देशहरूमा क्षमता वृद्धि र विशेष किसिमको कार्यक्रम कार्यान्वयन गर्न अन्तर्राष्ट्रिय सहयोग सुनिश्चित गर्न जरुरी छ। सुर्तीजन्य पदार्थको नियन्त्रणका गतिविधिहरूको इतिहास हेर्ने हो भने स्वास्थ्यलगायत अन्य सम्बन्धित सरकारी तथा गैरसरकारी निकायबिच समन्वयन हुँदै आइरहेको छ र आगामी दिनहरूमा पनि प्रगति हासिल गर्न विकसित र विकासोन्मुख देशहरूका विभिन्न निकायबिचको समन्वयलाई प्राथमिकताका साथ अगाडि बढाउन आवश्यक छ। [SDG and Tobacco Control, WHO, EUROPE]

सुर्तीजन्य पदार्थको व्यापार सम्झौताले राष्ट्रिय नीति अन्तर्गतको सुर्तीजन्य पदार्थ नियन्त्रणका उपायहरूको प्रभावकारी कार्यान्वयनसम्बन्धी विषयलाई समेट्नुपर्छ। जस्तै- Plain packaging, Nicotine Replacement Therpary, Cessation services आदि। साथै सुर्तीजन्य पदार्थमा करसम्बन्धी एजेण्डामा अन्तरक्षेत्रीय समन्वयनले देशहरूको कर वृद्धि गर्ने क्षमता र राजस्व संकलनमा समेत टेवा पुर्‍याउँछ। [SDG and Policy Brief, Nepal, 2019]

नेपालको The Framework Convention on Tobacco Control Strategy-2030 ले पनि सुर्ती नियन्त्रणका लागि अन्तरक्षेत्रीय नीति, रणनीति, योजना र समन्वय संयन्त्रलाई सुदृढ गर्न विशेष जोड दिएको छ। सुर्तीजन्य पदार्थ नियन्त्रणलाई नेपाल सरकारले प्राथमिकतामा राखेको भए तापनि अझै विभिन्न मन्त्रालय तथा क्षेत्रबिचको समन्वयनलाई अझै सुदृढ गर्दै लानुपर्ने आवश्यक देखिन्छ।

८.३ दिगो विकास लक्ष्यहरू

अनुसूची-१

सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना :

धुम्रपान तथा सुर्ती सेवन मानव स्वास्थ्यको लागि अत्यन्त हानिकारक भएको र धुम्रपान तथा सुर्ती सेवनले मानव जीवनको आर्थिक, सामाजिक र सांस्कृतिक क्रियाकलापमा समेत नकारात्मक असर पार्ने भएकोले सो कार्यलाई नियन्त्रण गरी सर्वसाधारण जनताको स्वास्थ्य सुविधा र आर्थिक हितको अभिवृद्धि गर्न सुर्तीजन्य पदार्थको आयात, उत्पादन, बिक्री, वितरण तथा सेवन गर्ने कार्यलाई न्यूनीकरण, नियन्त्रण तथा नियमन गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधान सभाले यो ऐन बनाएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने ऐन) २०६८" रहेको छ ।

(२) यो ऐनको दफा ९ प्रमाणीकरण भएको मितिले एक सय असिऔँ दिन र अन्य दफाहरू एकानब्बेऔँ दिनदेखि प्रारम्भ हुने छ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "सुर्तीजन्य पदार्थ" भन्नाले धुम्रपान वा सुर्ती सेवनको निमित्त बनाइएको वा उत्पादन गरिएको चुरोट, बिँडी, सिगार, तमाखु, सुल्फा, कक्कड, कच्चा सुर्ती, खैनी, गुट्खा, सुर्ती वा यस्तै प्रकारका अन्य सुर्तीजन्य पदार्थ सम्झनुपर्छ ।

(ख) "धुम्रपान" भन्नाले चुरोट, बिँडी, सिगार, तमाखु, सुल्फा, कक्कड, सुर्ती वा यस्तै प्रकारका अन्य सेवन गर्ने काम सम्झनुपर्छ ।

(ग) "सुर्ती सेवन" भन्नाले खैनी, गुट्खा, सुर्ती वा यस्तै प्रकारका अन्य पदार्थ मुखमा राख्ने, त्यस्तो पदार्थको नस लिने वा सेवन गर्ने काम सम्झनुपर्छ ।

(घ) "सार्वजनिक स्थल" भन्नाले दफा ३ मा तोकिएबमोजिमको स्थल सम्झनुपर्छ ।

(ङ) "व्यवस्थापक" भन्नाले सार्वजनिक स्थलको काम कारबाहीको सम्बन्धमा अन्तिम निर्णय गर्न अधिकारप्राप्त व्यक्ति सम्झनुपर्छ र सो शब्दले सार्वजनिक

सवारीको हकमा त्यस्तो सवारीको चालक समेतलाई जनाउँछ ।

(च) “उत्पादक” भन्नाले सुर्तीजन्य पदार्थको उत्पादन सम्झनुपर्छ ।

(छ) “निरीक्षक” भन्नाले दफा ११ बमोजिम तोकिएको व्यक्ति सम्झनुपर्छ ।

(ज) “मन्त्रालय” भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनुपर्छ ।

(झ) “समिति” भन्नाले दफा १८ बमोजिम गठित सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन तथा नियमन समिति सम्झनुपर्छ ।

(ञ) “तोकिएको” वा “तोकिएबमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

परिच्छेद-२

सुर्तीजन्य पदार्थको नियन्त्रण

३. **सार्वजनिक स्थल मानिने :** (१) देहायको स्थललाई सार्वजनिक स्थल मानिने छ :-

(क) राज्य तथा सरकारी निकाय, संस्था वा कार्यालय,

(ख) शिक्षण संस्था, पुस्तकालय, तालिम तथा स्वास्थ्यसम्बन्धी संस्था,

(ग) विमानस्थल, वायुसेवा तथा सार्वजनिक सवारीका साधन,

(घ) बालकल्याण गृह, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, अनाथालय, बाल उद्यान तथा क्लब,

(ङ) सार्वजनिक शौचालय,

(च) उद्योग तथा कल कारखानाका कार्यस्थल,

स्पष्टीकरण : यस खण्डको प्रयोजनको लागि “कार्यस्थल” भन्नाले उद्योग तथा कल कारखानाले काम गर्न छुट्याएको कार्यालय वा स्थल सम्झनुपर्छ ।

(छ) चलचित्र घर, सांस्कृतिक केन्द्र तथा नाट्यशाला,

(ज) होटल, मोटल, रिसोर्ट, रेष्टुरेण्ट, बार, भोजनालय, चमेनागृह, लज, छात्र वा छात्रावास तथा अतिथी गृह,

(झ) रङ्गशाला, कभर्डहल, शारीरिक सुगठन व्यायाम केन्द्र, पौडीपोखरी तथा पुल हाउस,

(ञ) डिपार्टमेन्टल स्टोर तथा मिनी मार्केट,

(ट) धर्मशाला तथा धार्मिक स्थल,

(ठ) सार्वजनिक सवारीका प्रतीक्षालय तथा टिकट काउण्टर ।

(२) उपदफा (१) मा उल्लिखित स्थलको अतिरिक्त कुनै ठाउँको महत्व र संवेदनशीलतालाई विचार गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अन्य स्थल

समेत सार्वजनिक स्थल मानिने छ ।

४. **सार्वजनिक स्थलमा धुम्रपान तथा सुर्ती सेवन गर्न नहुने** : (१) कसैले पनि सार्वजनिक स्थलमा धुम्रपान तथा सुर्ती सेवन गर्न पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यवस्थापकले कारागार, विमानस्थल वा पर्यटकीय स्तरको होटलको कुनै खास ठाउँमा अन्य व्यक्तिलाई प्रतिकूल असर नपर्ने गरी धुम्रपान तथा सुर्ती जन्य पदार्थ सेवन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सक्ने छ ।

(३) उपदफा (२) बमोजिम धुम्रपान तथा सुर्ती सेवनको लागि छुट्याइएको ठाउँमा कायम गर्नुपर्ने आधारभूत कुराहरू तोकिएबमोजिम हुने छन् ।

५. **सूचना टाँस गर्नुपर्ने** : व्यवस्थापकले आफूसँग सम्बन्धित सार्वजनिक स्थलको आवश्यकताअनुसार विभिन्न ठाउँमा धुम्रपान तथा सुर्ती सेवन गर्न नपाउने व्यहोराको सूचना सबैले देख्ने र पढ्न सक्ने गरी टाँस गर्नुपर्ने छ ।

६. **घर तथा सवारीसाधनभित्र धुम्रपान गर्न नहुने** : कसैले पनि अन्य व्यक्तिलाई असर गर्ने गरी घर तथा निजी सवारीसाधनभित्र धुम्रपान गर्न हुँदैन ।

परिच्छेद-३

सुर्तीजन्य पदार्थको उत्पादन तथा बिक्री वितरण

७. **लेबुल, ट्रेडमार्क, र्‍यापर्स तथा प्याकिङ्ग** : (१) उत्पादकले सुर्तीजन्य पदार्थको प्याकेट तथा र्‍यापर्समा देहायको विवरण उल्लेख गर्नुपर्ने छ :-

(क) प्रचलित कानुनबमोजिम दर्ता गराइएको लेबुल तथा ट्रेडमार्क चिन्ह,

(ख) उत्पादकको नाम, ठेगाना र सुर्तीजन्य पदार्थमा रहेको निकोटिनको मात्रा,

(ग) तोकिएका अन्य हानिकारक तत्व एवं आवश्यक कुराहरू ।

(२) उत्पादकले सुर्तीजन्य पदार्थको प्याकेट तथा र्‍यापर्समा नाबालकलाई आकर्षण गर्ने कुनै किसिमको लोगो, चिन्ह, शब्द र चित्र राख्न पाउने छैन ।

(३) कसैले पनि अन्य उद्योग तथा उत्पादनको ब्राण्ड तथा ट्रेड नाम राखी सुर्तीजन्य पदार्थ उत्पादन गर्न पाउने छैन ।

(४) कुनै उद्योगले चुरोट, बिँडी, वा सिगारको आकारमा कुनै पनि वस्तु उत्पादन गर्न पाउने छैन ।

८. **विवरण पेश गर्नुपर्ने** : (१) उत्पादकले सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्नुअघि त्यस्तो पदार्थमा भएको निकोटिनको मात्रा, हानिकारक तत्व लगायत अन्य आवश्यक कुराहरूको

विवरण मन्त्रालय समक्ष पेश गर्नुपर्ने छ ।)

(२) सुर्तीजन्य पदार्थको उत्पादन तथा निकासी पैठारी गर्ने व्यक्तिले प्रत्येक वर्ष आफूले गरेको उत्पादन तथा निकासी पैठारीको विवरण मन्त्रालय समक्ष पेश गर्नुपर्ने छ ।

९. <u>**चेतावनीमूलक सन्देश तथा चित्र उल्लेख गर्नुपर्ने**</u> : (१) उत्पादकले सुर्तीजन्य पदार्थको बट्टा, र्‍यापर्स, प्याकेट तथा पार्सलको प्याकेजिङ्ग र लेबुलको बाहिरी कुल भागमध्ये कम्तीमा पचहत्तर प्रतिशत भागमा सुर्तीजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ भन्ने जस्ता व्यहोराको मन्त्रालयले तोकेबमोजिम चेतावनीमूलक सन्देश र सुर्तीजन्य पदार्थको सेवनको असरबाट भएको घातक, रङ्गीन चित्र प्रष्ट रूपमा बुझ्ने र देख्ने गरी नेपाली भाषामा छाप्नु तथा अङ्कित गर्नुपर्ने छ ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिमको चेतावनीमूलक सन्देश तथा सङ्केत चिन्ह समय समयमा थप गर्न सक्ने छ ।

(३) आयातकर्ताले उपदफा (१) बमोजिमको मापदण्ड पूरा नभएको सुर्तीजन्य पदार्थ

आयात गर्न पाउने छैन ।

१०. **विज्ञापन तथा प्रायोजन गर्न नपाइने** : उत्पादक लगायत कसैले पनि पत्रपत्रिका तथा रेडियो, टेलिभिजन, एफ.एम., इन्टरनेट, ई-मेल जस्ता विद्युतीय सञ्चारमाध्यम, अन्तर्क्रिया कार्यक्रम, होर्डिङ्गबोर्ड, भित्तेलेखन, लोगो, सङ्केत, लेख, दृश्य, आवाज, चिन्ह, व्यक्ति वा अन्य कुनै पनि माध्यमबाट सुर्तीजन्य पदार्थको विज्ञापन वा प्रबर्द्धन गर्न वा कुनै कार्यक्रम, समाचार वा सूचना सम्प्रेषण वा प्रायोजन गर्न पाउने छैन ।

११. **बिक्री वितरण तथा प्रदर्शनमा बन्देज** : (१) कसैले पनि अठार वर्ष नपुगेका व्यक्ति र गर्भवती महिलालाई सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्न लगाउन वा निःशुल्क उपलब्ध गराउन पाउने छैन ।

(२) उपदफा (१) बमोजिमको प्रयोजनको लागि सुर्तीजन्य पदार्थको बिक्रेताले कुनै क्रेताको उमेरको बारेमा यकिन हुन चाहेमा निजसँग आवश्यक प्रमाण माग गर्न सक्ने छ र बिक्रेताले माग गरेको प्रमाण पेश गर्नु सम्बन्धित क्रेताको कर्तव्य हुने छ ।

(३) कसैले पनि शिक्षण तथा स्वास्थ्य संस्था, बालकल्याण गृह, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, अनाथालय र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको सार्वजनिक स्थलबाट कम्तीमा एक सय मिटरभित्रको घर, पसलबाट सुर्तीजन्य पदार्थ बिक्री वितरण गराउन पाउने छैन ।

(४) कसैले पनि फुटकर रूपमा चुरोट, बिँडी वा सिगारको खिल्ली बिक्री वितरण गर्न नपाउने गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी व्यवस्था गर्न सक्ने छ ।

(५) कसैले पनि निःशुल्क रूपमा सुर्तीजन्य पदार्थ वितरण गर्न वा उपहार दिन पाउने छैन ।

(६) नेपाल सरकारले चाहेमा सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्न इजाजतपत्र लिनुपर्ने व्यवस्था गर्न सक्ने छ ।

(७) कसैले पनि सुर्तीजन्य पदार्थप्रति आकर्षण हुने गरी बिक्रीस्थल सजावट गर्न तथा त्यस्तो पदार्थको प्रदर्शन गर्न पाउने छैन ।

परिच्छेद-४

निरीक्षण, अनुसन्धान तथा मुद्दा दायरी

१२. **निरीक्षकसम्बन्धी व्यवस्था** : (१) कसैले पनि ऐन विपरीत सार्वजनिक स्थलमा धुम्रपान वा सुर्ती सेवन गरे वा नगरेको वा उत्पादक वा व्यवस्थापकले यस ऐनबमोजिम गर्नुपर्ने कुराहरू

पूरा गरे वा नगरेको सम्बन्धमा निरीक्षण गर्ने काम समेतको लागि नेपाल सरकारले नेपाल सरकारको कुनै अधिकृत कर्मचारीलाई निरीक्षकको रूपमा तोक्न सक्ने छ।

(२) निरीक्षकले वर्षभरिमा आफूद्वारा गरिएको कामको विवरण मन्त्रालय समक्ष पेश गर्नुपर्ने छ।

(३) यस ऐनमा लेखिएदेखि बाहेक निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुने छ।

१३. **निरीक्षण गर्न सक्ने** : (१) कसैले पनि ऐन विपरीत सार्वजनिक स्थलमा धुम्रपान वा सुर्ती सेवन गरे वा नगरेको वा उत्पादक वा व्यवस्थापकले यस ऐनबमोजिम गर्नुपर्ने कुराहरू पूरा गरे वा नगरेको सम्बन्धमा निरीक्षकले आफ्नो क्षेत्राधिकारभित्रको जुनसुकै सार्वजनिक स्थलको निरीक्षण गर्न सक्ने छ।

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्दा कसैले सार्वजनिक स्थलमा धुम्रपान वा सुर्ती सेवन गरेको वा उत्पादक वा व्यवस्थापकले यस ऐनबमोजिम गर्नुपर्ने कुराहरू पूरा गरेको नदेखिएमा निरीक्षकले त्यस्तो ठाउँमा धुम्रपान वा सुर्ती सेवन गर्न रोक लगाउन वा यस ऐन बमोजिम गर्नुपर्ने कुराहरू पूरा गर्न सम्बन्धित उत्पादक वा व्यवस्थापकलाई निर्देशन दिन वा ध्यानाकर्षण गराउन सक्ने छ।

(३) उपदफा (२) बमोजिम निरीक्षकले दिएको निर्देशन तथा गराएको ध्यानाकर्षणको पालना गर्नु सम्बन्धित उत्पादक वा व्यवस्थापकको कर्तव्य हुने छ।

१४. **व्यवस्थापकले निरीक्षण गर्नुपर्ने** : (१) व्यवस्थापकले आफूसँग सम्बन्धित सार्वजनिक स्थलमा कसैले धुम्रपान वा सुर्ती सेवन गरे वा नगरेको सम्बन्धमा समय समयमा निरीक्षण गर्नु गराउनुपर्ने छ।

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्दा कसैले धुम्रपान वा सुर्तीसेवन गरेको देखिएमा व्यवस्थापकले धुम्रपान वा सुर्तीसेवन गर्न तुरुन्त रोक लगाउनुपर्ने छ।

(३) कुनै व्यवस्थापकले सार्वजनिक स्थलमा धुम्रपान वा सुर्तीसेवन गरेमा सो स्थलसँग सम्बन्धित व्यक्ति वा कर्मचारीले र सार्वजनिक सवारीका हकमा त्यस्तो सवारीका यात्रीले व्यवस्थापकलाई धुम्रपान वा सुर्तीसेवन गर्नबाट तुरुन्त रोक लगाउनुपर्ने छ।

(४) उपदफा (३) बमोजिम व्यवस्थापकले धुम्रपान वा सुर्तीसेवन गरेमा सो थाहा पाउने वा देख्ने व्यक्तिले निरीक्षक समक्ष उजुरी गर्न सक्ने छ।

१५. **अनुसन्धान तथा तहकिकात** : व्यवस्थापकले सार्वजनिक स्थलमा धुम्रपान वा सुर्तीसेवन गरेको वा उत्पालदक वा व्यवस्थापकले यस ऐनबमोजिम गर्नु पर्ने कुराहरू पूरा नगरेको सम्बन्धमा कसैको उजुरी परेमा वा निरीक्षकलाई कुनै स्रोतबाट सो कुराको जानकारी

हुन आएमा निरीक्षकले सो सम्बन्धमा आवश्यक अनुसन्धान तथा तहकिकात गर्नुपर्ने छ ।

१६. **मुद्दा दायर गर्ने :** (१) दफा १५ बमोजिम गरिएको अनुसन्धान तथा तहकिकातबाट उत्पादक वा व्यवस्थापक उपर मुद्दा चलाउनु पर्ने देखिएमा निरीक्षकले त्यसरी अनुसन्धान तथा तहकिकात समाप्त भएको मितिले पच्चीस दिनभित्र मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम मुद्दा दायर गर्दा निरीक्षकले सम्बन्धित सरकारी वकीलको राय लिनुपर्ने छ ।

परिच्छेद-५

सजाय तथा पुनरावेदन

१७. **सजाय :** (१) कसैले यस ऐन विपरीत सार्वजनिक स्थलमा धुम्रपान वा सुर्तीसेवन गरेमा व्यवस्थापकले देहायबमोजिम सजाय गर्नु पर्नेछ :-

(क) धुम्रपान वा सुर्तीसेवन गर्न तुरुन्त रोक लगाउने र त्यसरी रोक लगाउँदा नमानेमा वा पटक पटक धुम्रपान वा सुर्तीसेवन गरेमा निजलाई त्यस्तो सार्वजनिक स्थलबाट बाहिर निकाल्ने वा एक सय रुपैयाँ जरिवाना वा दुवै सजाय गर्नुपर्ने,

(ख) धुम्रपान वा सुर्ती सेवन गर्ने व्यक्ति सार्वजनिक स्थलसँग सम्बन्धित व्यक्ति वा कर्मचारी भएमा धुम्रपान वा सुर्तीसेवन गर्न तुरुन्त रोक लगाउने र पटक पटक धुम्रपान वा सुर्तीसेवन गरेमा अनुशासनमा नरहेको सरह मानी निजको सेवा शर्तसम्बन्धी कानुनबमोजिम सचेत गराउने वा अन्य विभागीय कारबाही गर्नुपर्ने ।

(२) व्यवस्थापकले यस ऐन विपरीत सार्वजनिक स्थलमा धुम्रपान वा सुर्तीसेवन गरेमा अनुशासनमा नरहेको सरह मानी निजलाई कानुनबमोजिम अधिकारप्राप्त अधिकारीले सचेत वा विभागीय कारबाही गर्नुपर्ने छ ।

(३) व्यवस्थापकले उपदफा (१) को खण्ड (क) बमोजिम जरिवाना वापत लिएको रकम राजश्व खातामा जम्मा गर्नुपर्ने छ ।

(४) उपदफा (१) वा (२) बमोजिम व्यवस्थापक वा अधिकारप्राप्त अधिकारीले गरेको निर्णय अन्तिम हुने छ ।

(५) देहायको अवस्थामा मुद्दा हेर्ने अधिकारीले सम्बन्धित व्यक्तिलाई देहायबमोजिम सजाय गर्नुपर्ने छ :-

(क) दफा (५) बमोजिम सूचना टाँस नगरेमा पाँच हजार रुपैयाँसम्म जरिवाना,

(ख) दफा ७, ८ र ९ बमोजिमको कुनै काम नगरेमा त्यस्तो सुर्तीजन्य पदार्थ जफत गरी पचास हजार रुपैयाँसम्म जरिवाना,

(ग) दफा (१०) विपरीत कुनै काम गरेमा १ लाख रुपैयाँसम्म जरिवाना,

(घ) दफा (११) विपरीत कुनै काम गरेमा दश हजार रुपैयाँसम्म जरिवाना,

(ङ) खण्ड (क), (ख), (ग) र (घ) मा लेखिएदेखि बाहेक यस ऐन विपरीत अन्य कुनै काम पाँच हजार रुपैयाँसम्म जरिवाना ।

१८. <u>पुनरावेदन</u> : दफा १७ को उपदफा (५) बमोजिम मुद्दा हेर्ने अधिकारीले गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले सो निर्णय भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्ने छ ।

परिच्छेद-६

विविध

१९. <u>समितिको गठन</u> : (१) सुर्तीजन्य पदार्थको नियन्त्रण तथा नियमन सम्बन्धमा नीति निर्धारण गर्ने काम समेतको लागि देहायबमोजिमका सदस्यहरू रहेको सुर्तीजन्य पदार्थको नियन्त्रण तथा नियमन समिति गठन हुने छ :-

(क) सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय -अध्यक्ष

(ख) निर्देशक, राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र -उपाध्यक्ष

(ग) क्यान्सर, फोक्सो वा मुटुसम्बन्धी रोगको रोकथाम वा उपचारमा संलग्न सरकारी स्वास्थ्य संस्थाका व्यक्तिहरूमध्येबाट मन्त्रालयले मनोनीत गरेको एकजना -सदस्य

(घ) धुम्रपान वा सुर्ती सेवनको नियन्त्रण गर्ने उद्देश्यले स्थापित गैरसरकारी संस्था तथा निजी क्षेत्रको स्वास्थ्य संस्थामा काम गरेका व्यक्तिहरूमध्येबाट एकजना महिलासहित मन्त्रालयले मनोनीत गरेको दुईजना -सदस्य

(ङ) सामाजिक क्षेत्रमा काम गरेका व्यक्तिहरूमध्येबाट मन्त्रालयले मनोनीत गरेको एकजना -सदस्य

(च) कानुन अधिकृत, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिम मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुने छ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएका आधारमा मनोनीत सदस्यलाई पदबाट हटाउन सकिने छ ।

(४) समितिको सचिवालयको काम मन्त्रालयले गर्ने छ ।

(५) समितिको बैठकसम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरेबमोजिम हुने छ ।

(६) समितिलाई आवश्यक लागेमा सम्बन्धित क्षेत्रका विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्ने छ ।

२०. **<u>समितिको काम, कर्तव्य र अधिकार</u>** : समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :-

(क) सुर्तीजन्य पदार्थको नियन्त्रण तथा नियमनका लागि अपनाउनुपर्ने नीति तथा सुधार गर्नुपर्ने कानुनको सम्बन्धमा मन्त्रालय समक्ष सुझाव पेश गर्ने,

(ख) धुम्रपान तथा सुर्ती सेवनलाई निरुत्साहित गर्न यसबाट पर्ने नकारात्मक असरका सम्बन्धमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ग) धुम्रपान तथा सुर्ती सेवनको लतमा लागेकालाई सोबाट छुटकारा दिलाई स्वस्थ जीवनयापनको लागि आवश्यक उपाय अवलम्बन गर्ने,

(घ) निरीक्षकको काम कारबाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ङ) निरीक्षकको काम कारबाहीको सम्बन्धमा निरीक्षकलाई आवश्यक निर्देशन दिने,

(च) सुर्तीजन्य पदार्थबाट स्वास्थ्यलाई हानि-नोक्सानी पुऱ्याउने विषय पाठ्यपुस्तकमा समावेश गराउन सम्बन्धित निकायसँग समन्वय गर्ने,

(छ) सूतिजन्य पदार्थको आयात, उत्पादन, बिक्री, वितरण र उपभोगमा न्यूनीकरणको लागि आवश्यक काम गर्ने,

(ज) सुर्तीजन्य पदार्थको आयात, उत्पादन, बिक्री, वितरण र उपभोगको नियन्त्रण गर्न तथा सुर्तीजन्य पदार्थको उपभोगबाट उत्पन्न रोगको रोकथाम र उपचारको लागि आवश्यक स्रोत जुटाई परिचालन गर्ने,

(झ) तोकिएबमोजिमको काम गर्ने गराउने ।

२१. **<u>जफत गरेको सुर्तीजन्य पदार्थ नष्ट गर्नुपर्ने</u>** : (१) मुद्दा हेर्ने अधिकारीले यस ऐनबमोजिम जफत गरेको सुर्तीजन्य पदार्थ नष्ट गर्नुपर्ने छ ।

(२) मुद्दा हेर्ने अधिकारीले उपदफा (१) बमोजिम सुर्तीजन्य पदार्थ नष्ट गर्दा मानव स्वास्थ्य तथा वातावरणमा प्रतिकूल प्रभाव नपर्ने गरी नष्ट गर्नुपर्ने छ ।

२२. **<u>स्वास्थ्य कर कोष</u>** : नेपाल सरकारले धुम्रपान तथा सुर्तीजन्य पदार्थ नियन्त्रण तथा यसको उपभोगबाट उत्पन्न रोगको रोकथाम र उपचारको लागि स्वास्थ्य कर कोषको स्थापना गर्ने छ ।

(२) उपदफा (१) बमोजिमको कोषमा नेपाल सरकारले वार्षिक रूपमा विनियोजन गरेको रकमको अतिरिक्त तोकिएबमोजिमको रकम जम्मा गरिने छ।

(३) उपदफा (२) बमोजिम विनियोजित रकम अघिल्लो आर्थिक वर्षमा विनियोजन गरिएको रकम भन्दा कम हुने छैन।

(४) यस दफाबमोजिमको कोषमा जम्मा भएको रकम तोकिएबमोजिम खर्च गरिने छ।

२३. **सरकारवादी हुने** : यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकारवादी हुने छ।

२४. **संक्षिप्त कार्यविधि अपनाउनु पर्ने** : यस ऐनबमोजिम मुद्दाको कारबाही र किनारा गर्दा मुद्दा हेर्ने अधिकारीले संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनुपर्ने छ।

२५. **मुद्दा हेर्ने अधिकारी** : यस ऐनअन्तर्गतको मुद्दाको शुरु कारबाही र किनारा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले गर्ने छ।

२६. **सहयोग गर्नुपर्ने** : यस ऐनबमोजिमको कुनै काम कारबाही सम्पादन गर्ने सिलसिलामा व्यवस्थापक वा निरीक्षकले स्थानीय प्रशासनको सहयोगको माग गर्न सक्ने छ। त्यसरी सहयोग माग भएमा आवश्यक सहयोग गर्नु स्थानीय प्रशासनको कर्तव्य हुने छ।

२७. **नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्ने छ।

प्रमाणीकरण मिति : २०६८/१/२६

अनुसूची-२

सुर्ती नियन्त्रण विषयक संरचना नीति महासन्धि

धुम्रपान सेवनका कारणले सिर्जना गर्ने व्यक्तिगत, पारिवारिक, सामाजिक, वातावरणीय एवं आर्थिक समस्याहरूलाई समाधान गर्नका लागि नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सुर्तीजन्य पदार्थको उत्पादन, आयात, निर्यात, बिक्री वितरण र उपभोगमा रोकथाम, नियन्त्रण र नियमन गर्ने नीति लिएको छ। सो नीतिलाई कार्यान्वयन गर्नका लागि नेपाल सरकारका तर्फबाट विभिन्न कदमहरू चालिएका छन्। त्यस्ता कदमहरूमा विद्युतीय सञ्चारमाध्यमबाट सुर्तीजन्य पदार्थको प्रबर्द्धन गर्ने विज्ञापनहरूमा रोक लगाइएको छ। सन् २००३ को डिसेम्बरमा विश्व स्वास्थ्य सङ्गठनको सुर्ती नियन्त्रण विषयक महासन्धि (WHO Framework Convention on Tobacco Control – WHOFCTC) मा हस्ताक्षर गरिसकेको छ।

सो महासन्धिलाई संसद्ले ७ नोभेम्बर २००७ मा अनुमोदन पनि गरिसकेको छ। विश्व स्वास्थ्य सङ्गठन सुर्ती नियन्त्रण विषयक महासन्धि (WHO Framework Convention on Tobacco Control – WHOFCTC) देहायबमोजिम प्रस्तुत गरिएको छ।

प्रस्तावना

यस महासन्धिका सहभागीहरूले,

आफ्नो अधिकारलाई जनस्वास्थ्य संरक्षणमा प्राथमिकता दिने निश्चय गरेर,

सुर्तीजन्य महामारी फैलिनाले जनस्वास्थ्यमा गम्भीर परिणामका साथै विश्वव्यापी समस्या उत्पन्न भएको, त्यसले यथासम्भव व्यापक अन्तर्राष्ट्रिय सहयोग वाञ्छनीय बनाएको र यसका निम्ति सम्पूर्ण मुलुकहरूको प्रभावकारी, उपयुक्त र बृहत् सहभागिताको आवश्यकतालाई बोध गर्दै,

सुर्ती वा सो जन्य पदार्थको सेवन वा धुम्रपानको धुवाँबाट जनस्वास्थ्य लगायत सामाजिक, आर्थिक, तथा वातावरणीय क्षेत्रमा विश्वव्यापी विनाशकारी परिणाम उत्पन्न भएको प्रति अन्तर र्राष्ट्रिय समुदायको चिन्तालाई प्रतिबिम्बित गर्दै,

चुरोट तथा अन्य सुर्तीजन्य उत्पादनको साथै विश्वव्यापी रूपमा खासगरी विकासोन्मुख देशमा बढ्दो उपभोग, विपन्न समुदाय वा परिवार एवं राष्ट्रिय स्वास्थ्य व्यवस्थामा यसबाट थपिएको भारप्रति गम्भीरताका साथ चिन्ता लिएर,

सुर्ती सेवन तथा धुम्रपानले मृत्यु, रोग एवं अशक्तता उत्पन्न गर्छ, साथै धुम्रपानको धुवाँ उपभोग एवं अन्य सुर्तीजन्य पदार्थको उपयोग तथा सुर्तीसम्बन्धी रोगले आक्रमण गर्ने समयको अन्तरालबारे स्थापित निर्विवाद वैज्ञानिक प्रमाणलाई मान्यता दिँदै,

चुरोट तथा सुर्ती समाविष्ट अन्य उत्पादनमा अम्मल एवं त्यसको निरन्तरताको लागि सुनियोजित रूपमा उपाय अपनाइएको हुने, त्यस्ता उत्पादित कतिपय वस्तु तथा धुम्रपान सामग्री औषधत्वको रूपमा नशालु, आनुवंशिक (Mutagenic) क्यान्सरजन्य (Carcinogenic) असर हुने र प्रमुख रोगहरूको अन्तर्राष्ट्रिय वर्गीकरणझैँ सुर्ती अम्मललाई अलग्गै बिमारको रूपमा वर्गीकरण गर्नुपर्ने वाञ्छनीयतालाई पनि स्वीकार्दै,

गर्भवती अवस्थामा सुर्ती सेवन तथा धुम्रपानको धुवाँबाट स्वास्थ्य एवं गर्भमा रहेको शिशुको विकासमा प्रतिकूल असर उत्पन्न गर्ने स्पष्ट वैज्ञानिक प्रमाणलाई आत्मसात गर्दै,

विश्वव्यापी रूपमा बालबालिका र किशोरकिशोरीहरूबीच धुम्रपानका वा अन्य सुर्ती सेवनको विस्तार, विशेषतः बढ्दो उमेरमा हुने गरेको धुम्रपानबारे गहिरो चिन्ता लिँदै,

महिला तथा युवतीहरूमा धुम्रपान तथा सुर्तीजन्य पदार्थको अन्य रूपमा विश्वव्यापी बढ्दो उपभोगबाट सचेत हुँदै, नीति निर्माण तथा कार्यान्वयनका सबै तहमा महिलावर्गको पूर्ण सहभागिता एवं सुर्ती नियन्त्रणबारे लैङ्गिक विशेष रणनीतिको आवश्यकताका लागि आत्मसात गर्दै,

आदिवासी जनतामा उच्चदरको धुम्रपान तथा अन्य प्रकारको सुर्ती उपभोगबारे गहिरो चिन्ता लिँदै,

सुर्तीजन्य उत्पादनहरूको उपभोगलाई प्रोत्साहित गर्ने उद्देश्यले गरिएको विज्ञापन, प्रबर्द्धन र प्रायोजन सबै प्रकारका साथै यसको प्रभावबारे गम्भीर चिन्ता लिँदै,

चुरोट तथा सुर्तीजन्य उत्पादनमा हुने तस्करी व्यापार, अवैध तथा नक्कली उत्पादन जस्ता अवैध व्यापारलाई रोक्न संयुक्त कारबाहीको आवश्यकता बोध गर्दै,

सबै तहमा सुर्ती नियन्त्रण, विशेषतः विकासोन्मुख देश र संक्रमणकालीन अर्थतन्त्रका मुलुकहरूलाई नियन्त्रण गतिविधिका निम्ति चालु तथा आयोजनागत आवश्यकताको समानुपातमा पर्याप्त वित्तीय तथा प्राविधिक स्रोतको आवश्यकता पर्ने यथार्थलाई आत्मसात गर्दै,

सुर्ती नियन्त्रण कार्यक्रमहरूबाट विकासोन्मुख तथा संक्रमणकालीन अर्थतन्त्रका मुलुकहरूमा पर्न जाने दीर्घकालीन र मध्यकालीन आर्थिक तथा सामाजिक कठिनाइप्रति सावधानी लिनुका साथै दिगो विकासका निम्ति ती देशहरूले अपनाएको रणनीतिका सन्दर्भमा उनीहरूलाई प्राविधिक तथा आर्थिक सहयोगको आवश्यकता पर्ने तथ्यलाई स्वीकार गर्दै,

सुर्ती नियन्त्रणका लागि धेरैवटा मुलुकले मूल्यवान् कार्य सञ्चालन गरेको र संयुक्त राष्ट्र संघको प्रणालीअन्तर्गतका एजेन्सी तथा निकायहरूले गरेका प्रयासहरू र अन्य अन्तर्राष्ट्रिय र क्षेत्रीय अन्तरसरकारी सङ्गठनहरूले सुर्ती नियन्त्रणका लागि विकसित गरेका उपायहरूलगायत विश्व स्वास्थ्य सङ्गठनको नेतृत्वको सराहना गर्दै,

गैरसरकारी संस्थाहरू तथा सुर्ती उद्योगसँग सम्बद्ध नरहेका नागरिक समाजका सदस्यहरू लगायत स्वास्थ्य व्यावसायी निकायहरू, महिला, युवा, वातावरणीय तथा उपभोक्ता समुदायहरू,

प्राज्ञिक तथा स्वास्थ्य सेवाका संस्थाहरूमा राष्ट्रिय र अन्तर्राष्ट्रिय सुर्ती नियन्त्रण प्रयास एवं राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा सुर्ती नियन्त्रण प्रयासमा महत्वपूर्ण सहभागिताका साथै उनीहरूका विशेष योगदानलाई जोड दिँदै,

सुर्तीजन्य उद्योगहरूबाट सुर्ती नियन्त्रणसम्बन्धी प्रयासहरूलाई बिथोल्न सक्ने वा उल्लङ्घन गर्न सक्ने त्यस्ता उद्योगहरूबाट सुर्ती नियन्त्रणसम्बन्धी प्रयासहरूलाई नकारात्मक प्रभाव पार्ने सम्भाव्य गतिविधिबारे जानकारी राख्न चनाखो रहनुपर्ने आवश्यकतालाई स्वीकार्दै,

सन् १९६६ डिसेम्बर १६ मा संयुक्त राष्ट्र संघ महासभाले पारित गरेको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा १२, जसमा उल्लेख छ, सर्वोत्कृष्ट स्तरको शारीरिक र मानसिक स्वास्थ्य हासिल गर्न पाउनु प्रत्येक व्यक्तिको अधिकार हो, लाई स्मरण गर्दै,

विश्व स्वास्थ्य सङ्गठनको प्रस्तावना, जसमा उल्लेख छ, प्रत्येक व्यक्तिलाई जाति, धर्म राजनीतिक आस्था, आर्थिक तथा सामाजिक अवस्थाको भेदभावविना, सुलभ सर्वोत्कृष्ट स्वास्थ्य हैसियत उपभोग गर्न पाउनु उसको मौलिक अधिकार हो भन्ने प्रावधानलाई पनि स्मरण गर्दै,

समसामयिक एवं सान्दर्भिक वैज्ञानिक, प्राविधिक र आर्थिक अवधारणामा आधारित सुर्ती नियन्त्रणसम्बन्धी उपाय प्रबर्द्धन गर्नुपर्ने बारे निश्चय गरी,

संयुक्त राष्ट्र संघको साधारणसभा, सन् १९७९ डिसेम्बर १८ ले अपनाएको महिलाविरुद्धका सबै किसिमका भेदभाव उन्मुलनसम्बन्धी महासन्धि, जसले स्वास्थ्य सेवाको क्षेत्रमा महिलाविरुद्धको हुने सम्पूर्ण किसिमका भेदभावलाई महासन्धिका सहभागी राज्यहरूले उन्मुलन गर्ने उपाय अपनाउने छन् भन्ने प्रावधानलाई स्मरण गर्दै,

संयुक्त राष्ट्रसंघ महासभा, सन् १९८९ नोभेम्बर २० ले अपनाएको बालअधिकार महासन्धि, जसले सुलभ सर्वोत्कृष्ट स्वास्थ्य हैसियत उपभोग गर्न पाउनु बालबालिकाको अधिकार हो भन्ने प्रावधानलाई अझ स्मरण गर्दै,

निम्नअनुसारको सहमति गरेका छन् :

भाग १ : परिचय

धारा-१

शब्दावलीको चयन

यस महासन्धिको प्रयोजनको लागि :

(क) अवैध व्यापार भन्नाले कानुनद्वारा वर्जित कुनै पनि अभ्यास वा प्रचलन, जो उत्पादन, खेप चलानी, दाखिला, संवहन, वितरण, क्रय वा बिक्रयलगायत यस्ता गतिविधिहरूलाई सहज बनाउने नियतले सक्रिय जुनसुकै अभ्यास वा प्रचलन हो ।

(ख) क्षेत्रीय आर्थिक सम्मिलन सङ्गठन भन्नाले त्यस्तो सङ्गठन, जो धेरै वटा सार्वभौम राज्यहरू मिलेर बनेको हुन्छ, जसलाई आफ्ना सदस्य मुलुकहरूले सम्बन्धित क्षेत्रको विषयबारे निर्णय गर्ने हैसियतलगायतको सामर्थ्य हस्तान्तरण गरेका हुन्छन् । साथै ती कुराहरूको हकमा सदस्य राष्ट्रहरूले निर्णय लिने अधिकार सन्निहित हुन्छ ।

(ग) सुर्ती विज्ञापन तथा प्रबर्द्धन भन्नाले सुर्तीजन्य उत्पादन वा यसको उपभोगलाई प्रत्यक्ष वा अप्रत्यक्ष ढङ्गले प्रबर्द्धन गर्ने कार्यमा प्रभाव पार्ने वा पार्न सक्ने उद्देश्यले गरिने कुनै पनि व्यापारिक सञ्चार, प्रशंसा वा कार्य हो ।

(घ) सुर्ती नियन्त्रण भन्नाले आपूर्ति, माग र हानिमा ह्रास ल्याउने रणनीति, जसमा सुर्ती उपभोगमा लागेको जनसंख्यामा स्वास्थ्यको विकास गर्ने उद्देश्यले सुर्तीजन्य उत्पादनको उपभोग वा धुम्रपानको लत हटाउनु वा घटाउनु हो ।

(ङ) 'सुर्तीजन्य उद्योग' भन्नाले सुर्तीजन्य सामग्री निर्माता, थोक बिक्रेता तथा सुर्तीजन्य उत्पादनको थोक आयातकर्ता हो ।

(च) 'सुर्तीजन्य उत्पादन' भन्नाले सुर्तीका पात कच्चा पदार्थको रूपमा पूर्णतः वा आंशिक उपयोग गरी धुम्रपान चुस्ने, चपाउने वा नस लिने सामग्री उत्पादन हो ।

(छ) 'सुर्तीजन्य प्रायोजन' भन्नाले सुर्तीजन्य वा उपभोगलाई प्रत्यक्ष वा अप्रत्यक्ष ढङ्गले प्रभाव पार्न सक्ने किसिमबाट कुनै घटना, गतिविधि वा वैयक्तिक रूपमा कुनै पनि प्रकारको योगदान पुर्‍याउनु हो ।

धारा-२

यो महासन्धि र अन्य सम्झौता वा कानुनीपत्रका बीच सम्बन्ध

(१) मानव स्वास्थ्यको अझ प्रभावकारी संरक्षणका हेतुले यस महासन्धिका सहभागी पक्षहरूलाई यस महासन्धि तथा यसका लिखित वा सन्धिपत्र बाहेकका अन्य उपायहरू कार्यान्वयन गर्नका लागि उत्साहित गरिन्छ । यी दस्ताबेजका कुनै पनि प्रावधानले कुनै पनि सहभागी पक्षहरूलाई निजका स्थापित प्रावधानसँग मेल हुने र अन्तर्राष्ट्रिय कानुनअनुरूपका अझ जरुरी आवश्यकताका प्रावधान लागू गर्न कुनै प्रतिबन्ध लाग्ने छैन ।

(२) महासन्धि र यसका सन्धिपत्र सहभागी पक्षहरूको दुई पक्षीय साथै महासन्धि तथा यसका लगायत क्षेत्रीय वा उपक्षेत्रीय सम्झौतामा सन्धिपत्रबाहेक वा अतिरिक्त कुनै सान्दर्भिक मामिला, महासन्धि र यसका सन्धिपत्र र यसका सन्धिपत्र एवं कर्तव्यसँग मेल खाने अतिरिक्त सम्झौता सरिक हुने अधिकारलाई असर गर्ने छैन । त्यस्तो सम्झौताबारे सम्बन्धित सहभागी पक्षले सचिवालयमार्फत सहभागी सम्मेलनलाई जानकारी गराउने छन् ।

भाग २ : उद्देश्य, मार्गदर्शक सिद्धान्त र सामान्य कर्तव्य

धारा-३

उद्देश्य

सुर्तीको प्रचलन तथा धुम्रपानको धुवाँबाट हुने असरलाई निरन्तर तथा गहन रूपमा घटाउन, सहभागी पार्टीहरूले राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा कार्यान्वयन गर्ने सुर्ती नियन्त्रणका उपायका लागि एउटा आधारभूत नीति तयार पार्न, सुर्ती उपभोग तथा धुम्रपानको धुवाँबाट उत्पन्न हुने सामाजिक, वातावरणीय र आर्थिक परिणाम र विकासोन्मुख स्वास्थ्य अवस्थाबाट वर्तमान तथा भावी पुस्तालाई बचाउनु यो महासन्धि एवं यसका सन्धिपत्रहरूको उद्देश्य हो ।

धारा-४

मार्गदर्शक सिद्धान्त

यस महासन्धि तथा यसका सन्धिपत्रको उद्देश्य प्राप्तिको लागि, यसका प्रावधानहरूको कार्यान्वयनमा सहभागीहरू अन्य कुराका अतिरिक्त निम्नबमोजिमका सिद्धान्तबाट निर्देशित हुने छन् :

(१) प्रत्येक व्यक्तिलाई सुर्ती उपभोग तथा धुम्रपानको धुवाँबाट उत्पन्न हुने नशालु असर, घातक खतरा र स्वास्थ्यमा देखिने परिणामबारे जानकारी दिनुपर्छ, सबै मानिसलाई धुम्रपानको धुवाँबाट बचाउने सिलसिलामा उपयुक्त सरकारी तहबाट प्रभावकारी कानुन, कार्यकारिणी, प्रशासनिक तथा अन्य माध्यमबारे गम्भीरतापूर्वक ध्यान दिनुपर्दछ ।

(२) राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय तहमा बृहत् बहुपक्षीय उपाय तथा समन्वयात्मक उत्तरदायित्व विकास तथा समर्थनका लागि सबल राजनीतिक प्रतिबद्धताका साथ निम्न आवश्यकतालाई ध्यान दिइन्छ ।

(क) धुम्रपानको धुवाँबाट सबै मानिसलाई बचाउन उपायहरूको आवश्यकता छ ।

(ख) जुनसुकै रूपमा सुर्तीजन्य उत्पादनको उपभोग घटाउन र यसको अन्त्यको लागि स्वस्थ्य प्रबर्द्धन गर्ने उपायको आवश्यकता छ ।

(ग) सुर्ती नियन्त्रण कार्यक्रमको विकास, कार्यान्वयन र मूल्याङ्कन प्रक्रियामा आदिवासी व्यक्तिहरूको सहभागितालाई प्रबर्द्धन गर्ने उपाय आवश्यक छ, जो सामाजिक तथा सांस्कृतिक दृष्टिमा उनीहरूको आवश्यकता र परिप्रेक्ष्यमा उपयुक्त छ । र,

(घ) सुर्ती नियन्त्रण रणनीतिको विकास गर्दा लैङ्गिक विशेषका जोखिमहरूलाई समेट्ने उपाय अपनाउनु आवश्यक छ ।

(३) सामाजिक, आर्थिक, राजनीतिक र कानुनी पक्षहरूजस्तै स्थानीय संस्कृतिलाई पनि ध्यानमा राख्दै सुर्ती नियन्त्रण विषयक प्रभावकारी कार्यक्रमको योजना तथा कार्यान्वयनमा

अन्तर्राष्ट्रिय सहयोग विशेषतः प्रविधि हस्तान्तरण, ज्ञान तथा वित्तीय सहायता र सम्बन्धित विशेषज्ञहरूको प्रबन्ध, महासन्धिको एउटा महत्वपूर्ण भाग हो ।

(४) राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय तहबाट सबै प्रकारका सुर्तीजन्य उत्पादनको उपभोग घटाउनुका साथै जनस्वास्थ्यका सिद्धान्तअनुरूप सुर्ती उपभोग तथा धुम्रपानको धुवाँका कारणले हुने रोग, अशक्तता र असामयिक मृत्युदर हटाउन बृहत् बहुपक्षीय उपाय र उत्तरदायित्वको आवश्यकता पर्दछ ।

(५) हरेक पक्ष राष्ट्रले आफ्नो अधिकार क्षेत्रभित्र रहि निर्धारण गरेका दायित्व सम्बन्धी विषयहरु सुर्तीजन्य पदार्थ नियन्त्रणका महत्वपूर्ण भाग हुनेछन् ।

(६) विकासोन्मुख मुलुकमा सुर्ती नियन्त्रण कार्यक्रम सञ्चालनको परिणामस्वरूप सुर्ती उत्पादक तथा श्रमिकहरूको जनजीविकामा पर्न सक्ने गम्भीर असरप्रति दिगो विकासका परिप्रेक्ष्यमा राष्ट्रिय स्तरमा विकास गरिरहेका रणनीतिले उनीहरूलाई आवश्यक पर्ने वित्तीय तथा प्राविधिक सहायताको महत्वलाई ध्यान दिनुपर्छ ।

(७) यो महासन्धि एवं यसका सन्धिपत्रले निर्धारित गरेको लक्ष्य हासिल गर्न नागरिक समाजको सहभागिता आवश्यक हुन्छ ।

धारा-५
सामान्य कर्तव्य

(१) प्रत्येक सहभागीले यो महासन्धिअनुरूप तथा यसका सन्धिपत्रहरूको सहभागीका हैसियतले राष्ट्रिय सुर्ती नियन्त्रणका बृहत् बहुपक्षीय रणनीतिहरू, योजना र कार्यक्रमहरूको विकास, कार्यान्वयन, अद्यावधिक र मूल्याङ्कन गर्ने छ ।

(२) यस दिशामा प्रत्येक सहभागीले आफ्नो सामर्थ्यअनुरूप :

(क) सुर्ती नियन्त्रणका लागि राष्ट्रिय समन्वयकारी संयन्त्र वा केन्द्र बिन्दुहरू स्थापना गर्ने वा सबल बनाउने र वित्तीय सहायता दिने छ ।

(ख) सुर्ती उपभोग, निकोटिनको लत र धुम्रपानको धुवाँको प्रकोप घटाउनमा प्रभावकारी कानुनी, कार्यकारी, प्रशासनिक वा अन्य उपायहरू वरण गर्ने वा कार्यान्वयन गर्ने ।

(३) सुर्ती नियन्त्रणको हकमा सहभागीहरूले जनस्वास्थ्य नीति तर्जुमा र कार्यान्वयन गर्दा व्यापारिक वा उद्योगका अन्य निहित स्वार्थबाट, राष्ट्रिय कानुनअनुरूप ती नीतिहरूको संरक्षण गर्ने छन् ।

(४) महासन्धि तथा यसका सन्धिपत्रहरूका उद्देश्यहरू हासिल गर्न सहभागी पक्षहरूले प्रस्तावित उपायहरू, प्रक्रियाहरू तथा मार्गदर्शनहरू तर्जुमा गर्न सहयोग गर्ने छन् ।

(५) महासन्धि तथा यसका सन्धिपत्रहरूको उद्देश्यहरू हासिल गर्न सहभागीहरूले यथासम्भव रूपमा उपयुक्त राष्ट्रिय तथा अन्तरसरकारी सङ्गठन एवं अन्य निकायहरूलाई सहयोग गर्ने छन् ।

(६) सहभागीहरू आफ्नो स्रोतसाधनबीच आफ्नै हैसियतबाट दुई पक्षीय तथा बहुपक्षीय वित्तीय संयन्त्रहरूद्वारा महासन्धिको प्रभावकारी कार्यान्वयनका लागि वित्तीय स्रोत जुटाउन सहयोग गर्ने छन् ।

भाग ३ : सुर्तीको माग घटाउनेसम्बन्धी उपायहरू

धारा-६

सुर्तीको माग घटाउने मूल्य र करको उपायहरू

(१) जनसंख्याको धेरैजसो पक्ष खासगरी युवा समुदायहरूबीच सुर्ती उपभोग घटाउन मूल्य तथा करको उपाय प्रभावकारी तथा महत्वपूर्ण माध्यम हो भन्ने कुरामा सहभागीहरू स्वीकार गर्दछन् ।

(२) कर नीतिहरूको निर्धारण र स्थापनाबारे सहभागीहरूले आफ्नो सार्वभौम अधिकारप्रति पूर्वाग्रह नराखी सुर्ती नियन्त्रणसँग सम्बन्धित यथासम्भव उपायहरू अपनाउने, कायम राख्नेबारे प्रत्येक सहभागीले राज्यव्यापी स्वास्थ्य सेवाका लक्ष्यहरूको विवरण लिनुपर्छ, जसमा निम्न बुँदाहरू समाविष्ट हुन सक्ने छन् ।

   (क) सुर्ती उपभोग घटाउँदै लैजाने उद्देश्यले स्वास्थ्य सेवाको लक्ष्यमा योगदान पुऱ्याउन सुर्तीजन्य उत्पादनमा सकेसम्म मूल्य नीतिका साथै कर नीतिहरू लागु गर्ने, र

   (ख) अन्तर्राष्ट्रिय यात्रीहरूका लागि सुर्तीजन्य उत्पादनमा कर वा शुल्क मिनाहासहितको बिक्री र वा आयात सुविधामा निषेध वा नियन्त्रण गर्ने छन् ।

(३) पक्ष राष्ट्रले सुर्तीजन्य पदार्थमा लगाएको कर तथा यसको उपभोग प्रवृत्तिबारे धारा २१ अनुसार सहभागी सम्मेलनमा आवधिक विवरण प्रस्तुत गर्ने छन् ।

धारा-७

सुर्तीको माग घटाउने गैरमूल्य उपायहरू

सुर्ती उपभोग घटाउन सहभागीहरूले विस्तृत गैरमूल्य उपाय एउटा प्रभावकारी एवं महत्वपूर्ण माध्यम हो भन्ने मानेका छन् । धारा ८ देखि १३ सम्मका प्रावधानहरूमा निहित अभिभारालाई कार्यान्वयन गर्ने आवश्यकता सन्दर्भमा प्रत्येक सहभागीले प्रभावकारी वैधानिक, कार्यकारी, प्रशासनिक वा यस्तै अन्य उपाय तर्जुमा र कार्यान्वयन गर्ने छन् । साथै यथोचित

रूपमा प्रत्यक्ष वा यी बाध्यात्मक प्रावधान लागु गर्ने अभिप्रायले उचित अन्तर्राष्ट्रिय निकायको माध्यमद्वारा एकअर्काका बीच सहयोग पुऱ्याउने छन् । सहभागी सम्मेलनले यी धाराद्वारा तय गरिएका प्रावधानलाई कार्यान्वयन गर्न समुचित मार्गदर्शन प्रस्तावित गर्ने छ ।

धारा-८

धुम्रपानको धुवाँबाट बचावट

(१) धुम्रपानको धुवाँले मृत्यु, रोग र अशक्तता उत्पन्न गर्छ भन्ने वैज्ञानिक प्रमाणले निर्विवाद सिद्ध गरेको यथार्थलाई मान्दछन् ।

(२) प्रत्येक सहभागीले, घरभित्रका कार्यस्थल, सार्वजनिक यातायात, घरभित्रका सार्वजनिक स्थलहरू र यथासम्भव अन्य सार्वजनिक स्थलहरूमा हुनसक्ने धुम्रपानको धुवाँबाट बच्ने व्यवस्थाका लागि राष्ट्रिय कानुनद्वारा निर्धारित विद्यमान न्यायिक क्षेत्राधिकारभित्र लागु हुने गरी प्रभावकारी कानुनी, कार्यकारी, प्रशासनिक र वा अन्य उपायहरूको तर्जुमा र कार्यान्वयन गर्ने छन् । साथै अन्य न्यायिक क्षेत्राधिकारका तहमा पनि यस्तै व्यवस्था लागु गर्न सक्रिय ढङ्गले प्रोत्साहित गर्ने छन् ।

धारा-९

सुर्तीजन्य उत्पादनमा हुने तत्वबारे नियमन

सहभागी सम्मेलनले, उपयुक्त अन्तर्राष्ट्रिय निकायहरूको रायसल्लाहका साथ सल्लाहका साथ सुर्तीजन्य उत्पादनमा हालिएका तत्व र प्रदूषक तत्वको जाँच तथा नाप गर्न यस्ता तत्वका लागि नियम तर्जुमा गर्न मार्गदर्शक प्रस्ताव तय गर्ने छ । प्रत्येक सहभागीले उपयुक्त राष्ट्रिय आधिकारिक रूपमा सदर गरेअनुरूप उपरोक्त जाँच तथा नाप गर्न यस्तो नियमका लागि प्रभावकारी कानुनी, कार्यकारी तथा प्रशासनिक वा अन्य उपाय तर्जुमा गरी कार्यान्वयन गर्ने छन् ।

धारा-१०

सुर्तीजन्य पदार्थको हानिकारक कुराको खुलासा सम्बन्धी

प्रत्येक सहभागीले आफ्नो राष्ट्रिय कानुनअनुरूप, सुर्तीजन्य उत्पादनका उद्यमी वा आयातकर्ताबाट निजका उक्त उत्पादनमा हालिएका तत्वहरू वा प्रदूषक तत्वबारे सरकारी निकायलाई जानकारी गराउनुपर्ने आवश्यकताको प्रयोजनमा प्रभावकारी कानुनी, कार्यकारी, प्रशासनिक वा अन्य उपाय पारित गरी कार्यान्वयन गर्ने छन् । प्रत्येक सहभागीले, सुर्तीजन्य

उत्पादनमा भएका नशालु घटक तथा तिनीहरूले पैदा गर्न सक्ने घातक तत्वबारे सार्वजनिक जानकारीका लागि प्रभावकारी उपाय तर्जुमा गरी कार्यान्वयन गर्ने छन् ।

धारा-११
सुर्तीजन्य पदार्थको प्याकेजिङ तथा लेवलिङ

(१) प्रत्येक सहभागीले, यस महासन्धिको हैसियतमा प्रवेश गरेको तीन वर्षभित्रमा निज सहभागीको प्रयोजनका लागि, आफ्नो राष्ट्रिय कानुनअनुरूप देहायबमोजिमको वास्तविकतालाई विश्वस्त बनाउने प्रभावकारी उपाय पारित तथा कार्यान्वयन गर्ने छन् ।

(क) सुर्तीजन्य पदार्थ उत्पादनको डिब्बाबन्दी तथा चिन्हपुर्जाले कुनै पनि सुर्तीजन्य पदार्थ उत्पादनलाई प्रोत्साहन गर्दैन भन्नु वास्तवमा झुटो बनाउने, धोकापूर्ण, यसका विशेषताबारे भ्रामक प्रभाव उत्पन्न गर्ने खालको, स्वास्थ्यमा प्रभाव पार्ने, खतरा वा प्रदूषकलगायत कुनै पनि शब्द, विवरण, ट्रेडमार्क, लाक्षणिक, अथवा कुनै अन्य चिन्ह जसले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा झुटो प्रभाव पार्दछ, जस्तो कि खास सुर्तीजन्य उत्पादन विशेष यस्तै अन्यभन्दा कम हानिकारक छ । यिनीहरूले 'अल्प-टार', 'हल्का', 'अति-हल्का', अथवा 'नरम' शब्द प्रयोग गर्दछन् ।

(ख) सुर्तीजन्य उत्पादनको डिब्बाका प्रत्येक इकाई प्याकेट तथा यसका डिब्बाबन्दी र यस्तै बाहिरी डिब्बाबन्दी एवं लेबलिङमा सुर्ती उपयोगको हानिकारक प्रभावबारे स्वास्थ्य चेतावनीलगायत अन्य उपयुक्त सन्देशहरू पनि समावेश गर्न सकिन्छ । यस्तो चेतावनी वा सन्देश :

(अ) उपयुक्त राष्ट्रिय आधिकारिक निकायबाट स्वीकृत गरिने छ,

(आ) पालैपालो हुने छ ।

(इ) ठूलो, स्पष्ट, दृश्य तथा सुव्यक्त हुने छ,

(ई) मुख्य प्रदर्शित क्षेत्रको ५० प्रतिशत वा सोभन्दा बढी क्षेत्र हुनुपर्छ तर मुख्य प्रदर्शित क्षेत्रको ३० प्रतिशतभन्दा कम हुनु हुँदैन,

(उ) चित्र वा चित्राङ्कनरूपमा वा सो पनि समावेश गरिएको हुने छ ।

(२) सुर्तीजन्य उत्पादनका प्याकेट वा डिब्बाबन्दी तथा बाहिरै डिब्बाबन्दी वा चिन्हपूर्जा अङ्कित (लेबलिङ) मा, यसै धाराको दफा १ (क) ले निर्दिष्ट गरेभन्दा बाहेक राष्ट्रिय आधिकारिक निकायले परिभाषित गरेमुताविक, सुर्तीजन्य उत्पादनमा समाविष्ट सान्दर्भिक मात्रा तथा घातक तत्वबारे जानकारी राखिने छ ।

(३) यस धाराको दफा १ (ख) र दफा २ मा निर्दिष्ट गरिएको चेतावनी वा अन्य आधिकारिक सूचना सुर्तीजन्य उत्पादनमा प्रत्येक इकाई वा डिब्बाबन्दी तथा यस्ता उत्पादनका बाहिरै डिब्बाबन्दी वा चिन्हपूर्जामा मुख्य भाषा वा भाषाहरूमा लेखिने छन् ।

(४) यस धाराको प्रयोजनमा बाहिर डिब्बाबन्दी तथा लेबलिङ भन्ने शब्दावली सुर्तीजन्य उत्पादकहरूसँग सम्बन्धित खुद्रा बिक्रीको उपयोगिताका प्रयोजनमा जुनसुकै डिब्बाबन्दी तथा लेबलिङ लागु हुने छ ।

धारा-१२
शिक्षा, सञ्चार, तालिम तथा सार्वजनिक चेतना

प्रत्येक सहभागीले उपलब्ध सञ्चार साधनलाई यथासम्भव रूपमा उपयोग गरी सुर्ती नियन्त्रणबारे सार्वजनिक चेतनाका विषयमा प्रबर्द्धन एवं सशक्त बनाउनेछन् । यस दिशामा, प्रत्येक सहभागीले प्रभावकारी कानुनी, कार्यकारी, प्रशासनिक वा अन्य उपायहरू अपनाउन र लागु गर्न देहायका कार्यलाई प्रोत्साहित गर्ने छन् ।

(क) स्वास्थ्यसम्बन्धी जोखिमका साथै सुर्ती उपभोग तथा धुम्रपानको धुवाँको नशालु विशेषताबारे व्यापक तथा प्रभावकारी शैक्षिक र जनचेतनामूलक कार्यक्रमहरूमा यथेष्ट पहुँच,

(ख) सुर्ती उपभोग र धुम्रपानको धुवाँबाट हुने स्वास्थ्यसम्बन्धी जोखिम एवं धारा १४.२ मा उल्लेख गरिएबमोजिम सुर्ती उपभोग परित्याग तथा सुर्तीमुक्त जीवनशैलीबाट हासिल हुने लाभबारे चेतना,

(ग) यो महासन्धिको उद्देश्यसँग सान्दर्भिक ठहर्ने सुर्तीजन्य उद्योगबारे राष्ट्रिय नियम कानुनअनुरूपको विस्तृत सूचनामा सार्वजनिक पहुँच,

(घ) स्वास्थ्य कार्यकर्ताहरू, सामुदायिक कार्यकर्ताहरू, सामाजिक कार्यकर्ताहरू, सञ्चार व्यवसायीहरू, प्रशिक्षकहरू, नीतिनिर्माताहरू र प्रशासकहरू र अन्य सम्बन्धित व्यक्तिहरूलाई सुर्ती नियन्त्रणबारे उचित एवं प्रभावकारी तालिम वा जागरण र जनचेतना कार्यक्रमको तर्जुमा,

(ङ) सुर्ती नियन्त्रणको प्रयोजनमा अन्तर्क्रियात्मक कार्यक्रम र रणनीतिको विकास तथा कार्यान्वयन गर्नका लागि सुर्तीजन्य उद्योगसँग सम्बन्ध नभएका सार्वजनिक र निजी निकायहरू तथा गैरसरकारी संस्थाहरूको जागरण तथा सहभागिता, र

(च) सुर्तीजन्य पदार्थ उत्पादन तथा उपभोगबाट स्वास्थ्यमा पर्ने उल्टो असर, आर्थिक र वातावरणीय परिणामबारे जानकारीमा पहुँच तथा जनचेतना,

धारा-१३

सुर्ती विज्ञापन, प्रबर्द्धन र प्रायोजन

(१) विज्ञापन, प्रबर्द्धन र प्रायोजनमा व्यापक प्रतिबन्ध लगाउनाले सुर्तीजन्य उत्पादनको उपभोग घट्ने कुरा सहभागीहरू ठहर गर्दछन् ।

(२) प्रत्येक सहभागी पक्षले, तिनका संविधान वा संवैधानिक सिद्धान्तअनुरूप सुर्तीसम्बन्धी सम्पूर्ण विज्ञापन, प्रबर्द्धन र प्रायोजनमा रोक लगाउने छन् । यसमा, आफ्नो भूमिबाट उत्पत्ति भई सीमापार भई आएको विज्ञापन, प्रबर्द्धन र प्रायोजनमा समेत व्यापक प्रतिबन्ध लगाउनेबारे सम्बन्धित सहभागी पक्षलाई उपलब्ध कानुनी पूर्वाधार तथा प्राविधिक साधन समाहित हुने छ । यस सन्दर्भमा निज सहभागी पक्षका लागि यो महासन्धि कार्यान्वयनमा प्रविष्ट भएको पाँच वर्षको अवधिभित्र, प्रत्येक सहभागी पक्षले उपयुक्त कानुनी, कार्यकारी, प्रशासनिक जिम्मा र अन्य उपाय वरण गर्ने छन् र धारा २१ को सामञ्जस्यताका साथ जानकारी दिने छन् ।

(३) कुनै सहभागी पक्ष, आफ्नो संविधान वा संवैधानिक सिद्धान्तका कारण व्यापक प्रतिबन्ध लगाउने अवस्थामा नभएका सम्पूर्ण सुर्ती विज्ञापन, प्रबर्द्धन र प्रायोजनमा रोकथामका उपाय लागु गर्ने छन् । यसमा, आफ्नो भूमिबाट उत्पत्ति भई सीमापार प्रभावहरूका साथ आएका विज्ञापन, प्रबर्द्धन र प्रायोजनमा समेत रोकथाम वा व्यापक प्रतिबन्ध लगाउने विषयमा सम्बन्धित सहभागी पक्षलाई उपलब्ध कानुनी पूर्वाधार तथा प्राविधिक साधन समाहित हुने छ । यस सन्दर्भमा प्रत्येक सहभागी पक्षले उपयुक्त कानुनी, कार्यकारी, प्रशासनिक जिम्मा र वा अन्य उपाय वरण गर्ने छन् र धारा २१ को सामञ्जस्यताका साथ जानकारी दिने छन् ।

(४) न्यूनतमरूपमा तथा आफ्नो संवैधानिक सिद्धान्तअनुरूप प्रत्येक सहभागी पक्षले देहायबमोजिम गर्ने छन् :-

(क) सुर्ती विज्ञापन, प्रबर्द्धन र प्रायोजनका सबै कार्यलाई निषेध गर्ने, जसले सुर्तीजन्य उत्पादनलाई कुनै न कुनै रूपमा प्रबर्द्धन गर्छ, जो त्यस्तो उत्पादनको विशेषता, स्वास्थ्य-प्रभाव, खतरा वा घातक तत्वबारे झुटो, धोकाजन्य, बहाउने वा भ्रामक प्रभाव दिने खालका हुन्छन् ।

(ख) सबै सुर्ती-विज्ञापन एवं यथासम्भव प्रबर्द्धन तथा प्रायोजनमा समेत स्वास्थ्य वा अन्य उपयुक्त चेतावनी वा सन्देश साथै राख्न अह्राउने छ ।

(ग) सर्वसाधारणलाई सुर्ती उत्पादन किन्न उक्साउने प्रत्यक्ष वा अप्रत्यक्ष आकर्षणहरूमा रोकथाम गरिने छ ।

(घ) यदि व्यापक प्रतिबन्ध लागु गरिएको छैन भने सुर्ती उद्योगले विज्ञापन, प्रबर्द्धन र

प्रायोजनमा प्रतिबन्ध नलागेको अवस्थामा गरेको खर्चको हिसाब सम्बन्धित सरकारी निकायले खोज्ने छ। सो सरकारी निकायले उक्त रकमको हिसाब किताब राष्ट्रिय कानुनअनुरूप सर्वसाधारणलाई तथा धारा २१ ले निर्दिष्ट गरेअनुरूप सहभागी सम्मेलनलाई उपलब्ध गराउने छन्।

(ङ) व्यापक प्रतिबन्ध लगाइने अथवा कुनै सहभागीको हकमा निजको संविधान वा संवैधानिक सिद्धान्तका कारण व्यापक प्रतिबन्ध लगाउने अवस्था नभएको खण्डमा रेडियो, टेलिभिजन, मुद्रण सञ्चार तथा यथासम्भव इन्टरनेट तथा अन्य सञ्चारमाध्यममा ५ वर्षको अवधिभित्र विज्ञापन, प्रायोजन तथा प्रबर्द्धनलाई रोकथाम मानिने छ।

(च) कुनै सहभागीको हकमा निजको संविधान तथा संवैधानिक सिद्धान्तले रोकथाम गरेका कारण निषेध गर्ने अवस्था नभएको खण्डमा अन्तर्राष्ट्रिय घटनाको सुर्ती प्रायोजन, क्रियाकलाप र त्यसमा सहभागी हुने कार्यलाई निषेध गरिने छ।

(५) दफा ४ मा व्यवस्था गरेको अभिभाराभन्दा बाहेक अन्य उपाय लागु गर्न सहभागीहरूलाई उत्प्रेरित गरिन्छ।

(६) विज्ञापन सीमापार हुने कार्य हटाउन आवश्यक सुविधाका लागि प्रविधिको विकासमा सहभागीहरूबीच सहयोग हुने छ।

(७) निश्चित प्रकारले सुर्ती विज्ञापन, प्रबर्द्धन तथा प्रायोजनलाई प्रतिबन्ध लगाएका सहभागी पक्षलाई सीमापार भई निजका भूभागमा प्रवेश गर्ने सुर्ती विज्ञापन, प्रबर्द्धन तथा प्रायोजनमा प्रतिबन्ध लगाउन पनि सार्वभौम अधिकार रहेको र स्वदेशभित्र यस्ता विज्ञापन, प्रबर्द्धन र प्रायोजनमा राष्ट्रिय कानुनअनुरूप दण्ड सजाय गर्ने प्रावधानसरह दण्डनीय ठहराइने छ। यस दफाले कुनै खास दण्ड सजायलाई भने मान्यता वा स्वीकृति दिँदैन।

(८) सीमापार विज्ञापन, प्रबर्द्धन तथा प्रायोजनमा व्यापक प्रतिबन्ध लगाउने प्रयोजनका लागि अन्तर्राष्ट्रिय स्तरको सहकार्य जुटाउन आवश्यक पर्ने उपयुक्त उपायका सिलसिलामा सहभागी पक्षहरूले सन्धिपत्रको विस्तृतीकरण गर्न ध्यान दिने छन्।

धारा-१४

सुर्तीको लतसम्बन्धी माग घटाउने उपाय र परित्याग

(१) प्रत्येक सहभागीले सुर्तीको उपयोगबारे राष्ट्रिय परिस्थिति तथा प्राथमिकतालाई हृदयङ्गम गर्दै उचित वैज्ञानिक प्रमाण एवं उच्चतम अभ्यासका आधारमा विस्तृत र एकीकृत मार्गनिर्देशन तर्जुमा गरी सार्वजनिक रूपमा जानकारी गराउने छन् एवं सुर्ती उपयोग परित्यागलाई प्रोत्साहित गर्न तथा सुर्तीको लतलाई पर्याप्त उपचारको व्यवस्था गर्न प्रभावकारी उपाय अपनाउने छन्।

(२) यस दिशामा प्रत्येक सहभागीले देहायका प्रयास अपनाउने छन् :

(क) शिक्षण संस्था, स्वास्थ्योपचार सुविधा, कार्यस्थल तथा खेलकुदका यथाशक्य वातावरण जस्ता क्षेत्रहरूमा सुर्ती उपयोग परित्याग गर्न प्रोत्साहित गर्ने उद्देश्यले प्रभावकारी कार्यक्रमहरू तयार गरी लागु गर्ने,

(ख) राष्ट्रिय स्वास्थ्य तथा शिक्षा कार्यक्रम, योजना र रणनीतिहरूमा यथाशक्य स्वास्थ्य कार्यकर्ता, सामुदायिक कार्यकर्ता तथा सामाजिक कार्यकर्ताहरूलाई सहभागी गराई सुर्तीको लतबारे उपचार र सुर्ती उपभोग परित्याग गर्न उत्प्रेरणा सेवाहरूलाई समाहित गर्ने,

(ग) स्वास्थ्योपचार सुविधा र पुनःस्थापना केन्द्रहरूमा सुर्तीको लतबारे उपचारका साथै प्रतिरोध र परामर्शको प्रबन्ध गर्ने,

(घ) सुर्तीको लतमा उपचार गर्नका लागि धारा २२ मा तोकिएबमोजिम औषधीय सामग्रीसहित उपचारमा पहुँच र उपलब्धता सहज गराउन अन्य सहभागीहरूसँग सहकार्य गर्ने । त्यस्ता सामग्री तथा तिनका घटकहरूमा यथासम्भव औषधी तथा औषधीय प्रयोजनका अन्य सामग्रीहरू र निदानात्मक साधनहरू हुनसक्ने छन् ।

भाग-४ : सुर्ती आपूर्ति कटौतीसम्बन्धी उपाय

धारा-१५

सुर्तीजन्य उत्पादनको अवैध व्यापार

(१) सहभागी पक्षहरू, सुर्तीजन्य उत्पादनमा हुने तस्करी व्यापार, अवैध उत्पादन र नक्कलसहित सबै प्रकारका अवैध व्यापारलाई समाप्त गर्ने र सम्बन्धित राष्ट्रिय कानुनको तर्जुमा तथा कार्यान्वयनका अतिरिक्त उपक्षेत्रीय, क्षेत्रीय र विश्वव्यापी सम्झौताहरू सुर्ती नियन्त्रणका अनिवार्य अङ्ग भएको ठहराउँछ ।

(२) सुर्तीजन्य पदार्थको उत्पादनका हरेक प्याकेट इकाई, डिब्बाबन्दी र यस्ता उत्पादनको बाह्य डिब्बाबन्दी, सहभागी पक्षलाई सहयोग पुऱ्याउने हेतुले सुर्तीजन्य उत्पादनको उत्पत्ति बिन्दु पहिल्याउन निर्धारित चिन्ह अङ्कित हुनुपर्ने सुनिश्चित गर्न प्रत्येक सहभागी पक्षले प्रभावकारी वैधानिक कार्यकारी, प्रशासनिक वा अन्य उपायहरू पारित तथा कार्यान्वयन गर्ने छन् । साथै राष्ट्रिय कानुन एवं सान्दर्भिक द्विपक्षीय वा बहुपक्षीय सम्झौताहरूले सहभागीहरूलाई सुर्तीजन्य उत्पादनको मोड तथा अनुगमनको बिन्दु निर्धारण गर्न, कागजात गति नियन्त्रण र वैधानिक हैसियत निर्धारण गर्न सहयोग पुऱ्याउने छन् । यस अतिरिक्त प्रत्येक सहभागीले देहायबमोजिम उपाय अवलम्बन गर्ने छन् ।

(क) स्वदेशी बजारमा खुद्रा तथा थोक बिक्री भई उपभोग गरिने सुर्तीजन्य उत्पादनहरूमा

मात्र बिक्री गर्न इजाजतप्राप्त भन्ने लिखितसहित देश, प्रदेश, क्षेत्रीय वा संघीय इकाईको नाम तोक्न आवश्यक बनाउने, अथवा अन्तिम गन्तब्य तोक्ने अन्य प्रभावकारी लिखत वा आधिकारिक निकायहरूलाई स्वदेशी बजारमा सो उत्पादन वैध रूपमा बिक्री इजाजतका लागि निर्णय गर्न सहयोग पुऱ्याउने, र

(ख) यथोचित रूपमा व्यावहारिक Tracking and Tracing Regime को विकास गर्ने जसबाट वितरण प्रणाली सुनिश्चित हुनाका साथै अवैध व्यापारको छानबिन गर्न मद्दत पुग्ने छ ।

(३) प्रत्येक सहभागी चाहन्छ कि डिब्बाबन्दीका सूचना वा यसै धाराको दफा २ मा निर्दिष्ट लिखत सुव्यक्त रूपमा प्रस्तुत गरिने छ र वा आफ्ना प्रमुख भाषा वा भाषाहरूमा प्रकट हुने छ ।

(४) सुर्तीजन्य उत्पादनमा अवैध व्यापार रोक्ने ध्येयले, प्रत्येक सहभागी पक्षले देहायबमोजिम गर्ने छन् ।

(क) राष्ट्रिय कानुन एवं सान्दर्भिक तथा व्यावहारिक दुई पक्षीय वा बहुपक्षीय सम्झौताअनुरूप सुर्ती उत्पादनहरूमा हुने सीमापार व्यापार अवैध व्यापारका तथ्याङ्क सङ्कलन तथा निगरानी एवं भन्सार, कर र अन्य निकायहरूबीच यथासम्भव सूचना आदानप्रदान गर्ने ।

(ख) सुर्तीजन्य उत्पादनमा अवैध व्यापार साथै नक्कली र अवैध आयातका चुरोटमा उपयुक्त दण्ड-सजाय र उपचारसहित कानुनी प्रावधानको तर्जुमा वा सशक्तीकरण,

(ग) बरामद गरिएका औद्योगिक उपकरण, नक्कली तथा अवैध आयात भएको चुरोट एवं अन्य सुर्तीजन्य उत्पादनहरू उपयुक्त स्थानमा वातावरणीय अनुकूल तरिकाद्वारा नष्ट गरिन्छ अथवा राष्ट्रिय कानुनअनुरूप तह लगाइन्छ भनी विश्वस्त पार्न उचित कदम अपनाउने,

(घ) आफ्नो क्षेत्राधिकारभित्र, सुर्तीजन्य उत्पादनको कर तथा महसुलसम्बन्धी सन्देहास्पद ढङ्गले भइरहेको वा चलिरहेको गतिविधिउपर निगरानी, कागजात तथा भण्डारण नियन्त्रण र वितरणप्रति उपाय अपनाउने र अवलम्बन गर्ने,

(ङ) सुर्तीजन्य उत्पादनको अवैध व्यापार वा आर्जित आम्दानी उपयुक्त ढङ्गले बरामद गर्ने सामर्थ्यका लागि उपायहरू अवलम्बन गर्ने,

(५) यस धाराको दफा ४ (क) र ४ (घ) ले निर्दिष्ट गरेबमोजिम संकलित सूचनाहरू सहभागीहरूद्वारा धारा २१ अनुरूप सहभागी सम्मेलनमा प्रस्तुत गरिने आवधिक प्रतिवेदनमा यथासम्भव समष्टिगत ढाँचा प्रदान गरिन्छ ।

(६) सुर्तीजन्य उत्पादनमा अवैध व्यापारको अन्त्य गर्ने ध्येयले सहभागी पक्षहरूले यथासम्भव

तथा राष्ट्रिय कानुनअनुरूप अनुसन्धान मुद्दा दायर तथा अदालती कारबाहीसँग सरोकार रहेका राष्ट्रिय निकायका बीचको सहयोग प्रबर्द्धन गर्नुका साथै उपयुक्त क्षेत्रीय तथा अन्तर्राष्ट्रिय अन्तरसरकारी संघसंस्थाहरूसँग सहकार्य गर्ने छन् । सुर्तीजन्य उत्पादनको अवैध व्यापार अन्त्य गर्न क्षेत्रीय तथा उपक्षेत्रीय तहहरूमा सहकार्य गर्न विशेष जोड लगाइने छ ।

(७) सुर्तीजन्य उत्पादनको अवैध व्यापार हटाउने क्रममा यसको उत्पादन तथा वितरण यथोचित रूपमा नियन्त्रण र नियमित गर्न प्रत्येक सहभागीले इजाजत पत्रलगायतका थप अन्य उपायहरू कार्यान्वयनको प्रयास अपनाउने छन् ।

धारा-१६

बालबालिकालाई/द्वारा बिक्री

(१) घरेलु कानुन तथा राष्ट्रिय कानुनअनुरूप वा अठार वर्ष उमेरमुनिका अल्पवयस्क व्यक्तिलाई सुर्तीजन्य उत्पादन बिक्री निषेध गर्न प्रत्येक सहभागीले उपयुक्त सरकारी तहमा कानुनी, कार्यकारी, प्रशासनिक तथा अन्य उपायहरू अपनाउने र अवलम्बन गर्ने छन्। यसमा देहायबमोजिमका उपाय समाविष्ट हुन सक्ने छन् :

(क) सुर्तीजन्य पदार्थको उत्पादनका सम्पूर्ण बिक्रेताहरूले आफ्ना बिक्री केन्द्रमा बालबालिकाहरूलाई सुर्ती बिक्री निषेध भएको स्पष्ट र विशिष्ट सूचक राख्न आवश्यक गराउने र आशंका भएमा सुर्तीजन्य पदार्थको प्रत्येक क्रेताले बिक्रेताको आग्रहमा कानुनतः उमेर पुगेको यथेष्ट प्रमाण प्रस्तुत गर्ने,

(ख) सुर्तीजन्य पदार्थको उत्पादनको बिक्री तरिकामा प्रतिबन्ध लगाउने जुन प्रकारले ती प्रत्यक्षतः प्राप्य हुन्छन्, जस्तो कि दराजहरूमा भण्डारण,

(ग) सुर्तीजन्य पदार्थको रूपमा उत्पादन गरिने मिठाई, खानेकुरा, खेलौना वा अन्य वस्तुको उत्पादन निषेध गर्ने उसले बालबालिकालाई उत्प्रेरित गर्दछ, र

(घ) सुर्तीजन्य उत्पादन बिक्री गर्ने स्वचालित क्रय यन्त्र (भेन्डिङ मेसिन) को व्यवस्थामा अल्पवयस्कहरूलाई सुर्तीजन्य उत्पादन बिक्री प्रबर्द्धन नगरिनेबारे सुनिश्चित गर्ने,

(२) प्रत्येक सहभागीले सार्वजनिकरूपमा र विशेषतः अल्पवयस्कहरूलाई उत्पादनको मुफ्तमा वितरण गर्न निषेध वा यस्तो प्रतिबन्धलाई प्रबर्द्धन गर्ने छन् ।

(३) प्रत्येक सहभागीले जनही वा ससाना पुरियामा चुरोट बिक्रीको कार्य 'जसबाट अल्पवयस्कहरूमा यस्ता उत्पादनहरूको सुलभता बढ्छ' लाई निषेध गर्ने प्रयत्न गर्ने छन् ।

(४) सहभागीहरू, अल्पवयस्कहरूलाई सुर्तीजन्य पदार्थको उत्पादनहरूको बिक्री हुन नदिने उपायहरूका लागि आफ्नो प्रभावकारिता बढाउने क्रममा यथासम्भव यस महासन्धिमा

उल्लेखित अन्य प्रावधानको समायोजनका साथ कार्यान्वयन गरिनुपर्छ भन्ने मान्यता राख्दछन् ।

(५) महासन्धिमा हस्ताक्षर, अनुमोदन, वरण, स्वीकार वा सहमति गर्दा वा त्यसपछि कुनै पनि बेला, महासन्धि, लिखित घोषणामा आबद्ध हुने तरिकाले आफ्नो क्षेत्राधिकारभित्र सुर्ती बिक्रीको स्वचालित यन्त्र (भेन्डिङ मेसिन) को प्रचलनलाई निषेध वा यथोचित रूपमा सुर्तीका लागि भेन्डिङ मेसिनको चलन गर्नमा पूर्ण प्रतिबन्ध लगाउन प्रतिबद्धता जनाउन सक्ने छन् । यो धाराको अनुवर्ती बनाइएको त्यस्तो घोषणा यस महासन्धिका सम्पूर्ण सहभागीसमक्ष अभिलेखरक्षक Depositary ले पुऱ्याउने छन् ।

(६) यसै धाराका १ देखि ५ दफासम्म व्यवस्था भएबमोजिम अभिभारासहितको परिपालन सुनिश्चित गर्ने क्रममा प्रत्येक सहभागीले बिक्रेता र वितरकहरूलाई दण्डसजाय दिने सहितको प्रभावकारी कानुनी, कार्यकारी, प्रशासनिक वा अन्य उपायहरू वरण तथा कार्यान्वयन गर्ने छन् ।

(७) प्रत्येक सहभागीले आन्तरिक कानुन, राष्ट्रिय कानुनअनुसार वा अठार वर्ष उमेरको हदबन्दीभन्दा मुनिका कुनै व्यक्तिद्वारा सुर्तीजन्य उत्पादन बिक्री गर्नमा प्रतिबन्ध लगाउन यथोचितरूपमा प्रभावकारी कानुनी, कार्यकारी, प्रशासनिक वा अन्य उपायहरू वरण तथा कार्यान्वयन गनुपर्छ ।

धारा-१७

आर्थिक दृष्टिले व्यावहारिक वैकल्पिक गतिविधिहरूमा सहयोग प्रावधान

सहभागीहरूले एकअर्काबीच तथा सक्षम अन्तर्राष्ट्रिय तथा क्षेत्रीय अन्तरसरकारी सङ्गठनहरूका साथ सुर्ती उत्पादक, कामदार तथा यथासम्भव व्यक्तिपरक बिक्रेताहरूका लागि आर्थिक दृष्टिले व्यावहारिक विकल्प प्रबर्द्धन गर्ने छन् ।

भाग ५ : वातावरण संरक्षण

धारा-१८

वतावरण तथा मानिसको स्वास्थ्य-संरक्षण

यो महासन्धि मातहत आफ्ना अभिभारा बहन गर्ने सिलसिलामा सहभागीहरूले आ-आफ्ना भूभागभित्र वातावरणीय सम्बन्धित सुर्ती खेती र उद्योगका विषयमा वातावरण एवं मानिसको स्वास्थ्य सुरक्षातर्फ उचित ध्यान दिन सहमत हुन्छन् ।

भाग ६ : दायित्वसम्बन्धी प्रश्न

धारा-१९

दायित्व

(१) सुर्ती नियन्त्रणको उद्देश्यका लागि देवानी तथा फौजदारी मामिलामा दायित्व बहन गर्न यथासम्भव क्षतिपूर्तिको प्रावधानसहित, सहभागीहरूले वैधानिक कारबाही वा विद्यमान कानुनलाई प्रबर्द्धन गर्नेबारे उचित विचार गर्ने छन् ।

(२) धारा २१ अनुरूप सहभागी सम्मेलनद्वारा सूचना आदानप्रदान गर्नमा सहभागीहरूले एक अर्काबीच प्रबर्द्धन गर्नेसहित :

(क) धारा २०.३ (क) मा उल्लेख भएबमोजिम सुर्तीजन्य उत्पादनको उपभोग र धुम्रपानको धुवाँबाट स्वास्थ्यमा परेको असरबारे जानकारी, र

(ख) सान्दर्भिक विधि शास्त्रलगायत प्रचलित कानुन तथा नियमबारे जानकारी आदान-प्रदान गर्ने छन् ।

(३) सहभागीहरूले यथासम्भव तथा परस्परमा सहमत भएअनुरूप, राष्ट्रिय कानुन, नीतिहरू, कानुनी प्रचलन तथा विद्यमान कार्यान्वयन अभिमुख सन्धि-व्यवस्थाको परिधिभित्र यस महासन्धिकै निरन्तरताका रूपमा देवानी तथा फौजदारी मामिलाका न्यायिक प्रक्रिया एकले अर्कालाई सहयोग गर्ने छन् ।

(४) सहभागीहरूबीच परस्परका न्यायालयमा पहुँचको अधिकार विद्यमान रहेको छ भने त्यस्ता अधिकारलाई यस महासन्धिद्वारा कुनै पनि प्रकारले असर पार्ने वा सीमित गरिने छैन ।

(५) सहभागी सम्मेलनले, सम्बन्धित अन्तर्राष्ट्रिय मञ्चहरूमा भएका कामको जानकारी यथासम्भव प्रारम्भिक चरणमा नै लिई यी मामिलाहरूमा उपयुक्त अन्तर्राष्ट्रिय अवधारणालगायत दायित्वसम्बन्धी विषयबारे आ-आफ्ना व्यवस्थापिका तथा अन्य गतिविधिद्वारा आग्रहअनुरूप समर्थनका उपायबारे विचार गर्न सक्ने छन् ।

भाग ७ : वैज्ञानिक तथा प्राविधिक सहयोग र सूचना सञ्चार

धारा-२०

अनुसन्धान, रेखदेख तथा सूचना आदानप्रदान

(१) सहभागीहरूले सुर्ती नियन्त्रणको क्षेत्रमा राष्ट्रिय अनुसन्धानको विकास तथा प्रबर्द्धनको जिम्मा लिने छन् र क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरमा हुने अनुसन्धान कार्यक्रमको संयोजन गर्ने छन् । यस दिशामा प्रत्येक सहभागीले देहायबमोजिम गर्ने छन् :

(क) प्रत्यक्ष वा सक्षम अन्तर्राष्ट्रिय र क्षेत्रीय अन्तरसरकारी सङ्गठनहरू एवं अन्य

निकायहरूमार्फत अनुसन्धान तथा वैज्ञानिक समीक्षा कार्यमा पहल तथा सहयोग गर्ने, यसो गर्नमा अनुसन्धानलाई प्रोत्साहन तथा प्रश्रय दिने, जसले सुर्ती सेवन तथा धुम्रपानको धुवाँका परिणाम तथा कारक तत्वलाई सम्बोधन गर्छ, त्यसै किसिमले वैकल्पिक खेतीको पहिचानका लागि अनुसन्धान सम्भव हुने छ,

(ख) सक्षम अन्तर्राष्ट्रिय तथा क्षेत्रीय अन्तरसरकारी सङ्गठनहरू तथा अन्य निकायहरूको सहयोगमा सुर्ती नियन्त्रण गतिविधिलगायत अनुसन्धान, कार्यान्वयन र मूल्याङ्कनमा संलग्न सबैलाई तालिम र सहयोगद्वारा प्रबर्द्धन तथा सशक्तिकरण गर्ने ।

(२) सहभागीले यथोचित रूपमा सुर्ती उपयोग तथा धुम्रपानको धुवाँबाट उत्पन्न हुने परिणाम त्यसको व्यापकता, स्वरूप र कारक तत्वबारे राष्ट्रिय क्षेत्रीय र विश्वव्यापी रूपमा रेखदेखका कार्यक्रम स्थापित गर्ने छन् । यस दिशामा, सहभागीहरूले सुर्ती रेखदेख कार्यक्रमलाई राष्ट्रिय क्षेत्रीय र विश्वव्यापी स्वास्थ्य रेखदेख कार्यक्रमहरूसँग एकीकृत गर्नुपर्छ ताकि तथ्याङ्कहरू तुलनीय होऊन् एवं यथासम्भव क्षेत्रीय तथा अन्तर्राष्ट्रिय तहमा विश्लेषण गर्न सकिऊन् ।

(३) सहभागीहरूले अन्तर्राष्ट्रिय, क्षेत्रीय अन्तरसरकारी सङ्गठनहरू र अन्य निकायहरूबाट प्राप्त हुने वित्तीय तथा प्राविधिक सहायताको महत्वलाई स्वीकार गर्दछन् । प्रत्येक सहभागीले देहायबमोजिम प्रयत्न अगाडि बढाउने छन् :

(क) सुर्ती उपभोगको महामारी र सम्बन्धित सामाजिक, आर्थिक र स्वास्थ्य परिसूचकहरू रेखदेख गर्न प्रगतिशील ढङ्गले राष्ट्रिय प्रणाली स्थापना गर्ने,

(ख) क्षेत्रीय तथा विश्वव्यापीरूपमा सुर्तीसम्बन्धी रेखदेखका सक्षम अन्तर्राष्ट्रिय तथा क्षेत्रीय अन्तरसरकारी सङ्गठन र अन्य निकायलगायत सरकारी तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य गर्ने एवं यसै धाराको दफा ३ (क) मा उल्लेखित परिसूचकअनुरूप सूचना आदानप्रदान गर्ने ।

(ग) सामान्य मार्गदर्शनको विकास वा सुर्ती सम्बन्धि रेखदेख तथ्याङ्क सङ्कलन, विश्लेषण तथा प्रचारको परिभाषा प्रक्रियाका लागि विश्व स्वास्थ्य सङ्गठनसँग सहकार्य गर्ने,

(४) सहभागीले, राष्ट्रिय कानुनका अधीनमा सुर्ती उद्योग र सुर्ती खेतीका प्रचलित गतिविधिसम्बन्धी सूचना, जो यस महासन्धिका लागि सान्दर्भिक हुन्छन् त्यसैगरी सार्वजनिक रूपमा उपलब्ध वैज्ञानिक, प्राविधिक, सामाजिक, आर्थिक, व्यापारिक र कानुनी सूचना आदानप्रदान गर्न सहज तथा पहल गर्ने छन् । यस्तो गर्नाले विकासोन्मुख देशका सहभागी तथा आर्थिक संक्रमणकालीन सहभागीहरूको विशेष आवश्यकतालाई विवरणमा उल्लेख र सम्बोधन गरिने छ । यस प्रयोजनमा सहभागीले देहायबमोजिम प्रयत्न गर्ने छन् :

(क) सुर्ती नियन्त्रणसम्बन्धी कानुन तथा नियम र यथासम्भव तिनीहरूको कार्यान्वयन तथा सान्दर्भिक विधिशास्त्रको अद्यावधिक तथ्याङ्क भण्डारको प्रगतिशील ढङ्गले स्थापना तथा कायम राख्नु एवं क्षेत्रीय तथा विश्वव्यापी स्तरमा सुर्ती नियन्त्रणका लागि कार्यक्रमहरूको तर्जुमा गर्न सहयोग पुऱ्याउनु,

(ख) यसै धाराको दफा ३ (क) अनुरूप राष्ट्रिय रेखदेख कार्यक्रमबाट प्रगतिशील ढङ्गले तथ्याङ्क स्थापना गर्नु र त्यसलाई कायम राख्नु, र

(ग) सुर्ती उत्पादन, निर्माण तथा सुर्ती उद्योगका गतिविधिहरू, जसको यस महासन्धि वा राष्ट्रिय सुर्ती नियन्त्रण गतिविधिहरूमा प्रभाव रहन्छ, बारे नियमित रूपले सूचना सङ्कलन तथा प्रचार गर्न सक्षम अन्तर्राष्ट्रिय सङ्गठनहरूलाई प्रगतिशील ढङ्गले विश्वव्यापी प्रणालीको स्थापना तथा कायम गर्न सहयोग गर्नु ।

(५) सहभागीहरूले क्षेत्रीय तथा अन्तर्राष्ट्रिय अन्तरसरकारी सङ्गठनहरू एवं वित्तीय तथा विकास संस्थाहरू, जसका उनीहरू सदस्य छन्, यसको सचिवालयलाई प्राविधिक तथा वित्तीय स्रोतको प्रावधानलाई प्रबर्द्धन तथा प्रश्रय दिन र यसैमार्फत सहभागी विकासोन्मुख देश तथा संक्रमणकालीन अर्थतन्त्र भएका मुलुकमा अनुसन्धान, रेखदेख र सूचना आदानप्रदानसम्बन्धी प्रतिबद्धता पूरा गर्न सहयोग गर्नुपर्छ ।

धारा-२१

जाहेरी तथा सूचना आदानप्रदान

(१) प्रत्येक सहभागीले सचिवालयमार्फत यस महासन्धिको कार्यान्वयनबारे सहभागी सम्मेलनसमक्ष आवधिक विवरण प्रस्तुत गर्ने छन् जसमा देहायबमोजिमका बुँदा समावेश गर्नुपर्छ :-

(क) महासन्धिको कार्यान्वयन गर्ने सिलसिलामा वरण गरिएका कानुनी, कार्यकारी, प्रशासनिक वा अन्य उपायबारे जानकारी,

(ख) महासन्धिको कार्यान्वयनका सिलसिलामा सामना गर्नुपरेको बाधा अड्काउ एवं त्यस्ता बाधा अड्काउ हटाउन अपनाएको उपाय भए सोको जानकारी,

(ग) सुर्ती नियन्त्रण गतिविधिका लागि वित्तीय तथा प्राविधिक सहायता प्रदान गरेको वा प्राप्त गरेको भए सोको जानकारी,

(घ) धारा २० ले निर्दिष्ट गरेअनुरूपको अनुसन्धान तथा रेखदेखबारे जानकारी,

(ङ) धारा ६ (३), १३ (२), १३.४ (घ), १५.५ (५) र १९ (२) ले निर्दिष्ट गरेअनुरूपका जानकारी,

(२) सम्पूर्ण सहभागीहरूबाट प्राप्त हुने यस्ता विवरणको ढाँचा तथा प्रवाह सहभागी सम्मेलनले निर्धारण गर्ने छ । प्रत्येक सहभागीले, महासन्धिमा प्रवेश भई कार्यान्वयनमा लागेको उक्त

महासन्धिको हकमा दुई वर्षभित्र प्रारम्भिक विवरण तयार गर्ने छ ।

(३) महासन्धिका सहभागीहरूले धारा २२ र २३ को सन्दर्भमा विकासोन्मुख देशका सहभागी तथा आर्थिक संक्रमणकालका सहभागीहरूलाई यस धाराअन्तर्गत निजहरूको अभिभारा पूरा गर्न, उनीहरूको आग्रहमा सहयोगको व्यवस्था गर्न विचार गर्ने छन् ।

(४) यो महासन्धिअन्तर्गत हुने जाहेरी वा सूचना आदानप्रदान राष्ट्रिय कानुनको अधीनमा गोपनीयता तथा विश्वसनीयतालाई मध्यनजर राखी हुने छ । आदानप्रदान गरिएका कुनै गोप्य सूचनालाई पारस्परिक सहमतिअनुरूप सहभागीहरूले सुरक्षित गर्ने छन् ।

धारा-२२

वैकल्पिक, प्राविधिक र कानुनी क्षेत्रहरूमा सहयोग एवं सम्बन्धित विज्ञको प्रावधान

(१) यस महासन्धिबाट प्रादुर्भाव भएका अभिभाराहरू पूरा गर्नका लागि सहभागी विकासोन्मुख देश र अर्थिक संक्रमणकालीन सहभागीहरूका आवश्यकताहरूको समीक्षा गर्दै सहभागीहरूले आफ्नो क्षमता सशक्त बनाउन प्रत्यक्षतः वा सक्षम अन्तर्राष्ट्रिय निकायहरूमार्फत सहयोग पुऱ्याउने छन् । यस्तो सहयोगले पारस्परिक सहमतिअनुरूप राष्ट्रिय सुर्ती नियन्त्रण रणनीति, योजना र कार्यक्रमहरूको स्थापना र सशक्तिकरणको लक्ष्यमा प्राविधिक, वैज्ञानिक र कानुनी विज्ञता तथा प्रविधि हस्तान्तरण कार्यलाई प्रबर्द्धन गर्ने छ । यसका अतिरिक्त :-

(क) सुर्ती नियन्त्रणसम्बन्धी प्रविधि, ज्ञान, सीप, क्षमता र विज्ञताको विकास, हस्तान्तरण तथा प्राप्तिलाई सहज बनाउने,

(ख) यो महासन्धिलाई लागू गर्ने लक्ष्यले राष्ट्रिय सुर्ती नियन्त्रण रणनीति, योजना र कार्यक्रमको स्थापना तथा सशक्तिकरणका लागि प्राविधिक, वैज्ञानिक, कानुनी तथा अन्य विज्ञताको प्रावधानका अतिरिक्त :-

(अ) प्राविधिक कार्यक्रमहरूको सशक्तता जस्तै : सहयोगको आग्रहमा, सशक्त कानुनी संस्थापनको विकासलगायत (सुर्ती उपभोग) का पहलको रोकथाम, परित्यागलाई प्रोत्साहन र धुम्रपानको धुवाँबाट बचाउनका सहयोग गरेर,

(आ) आर्थिक दृष्टिले व्यावहारिक रूपमा सुर्ती जनशक्तिलाई यथासम्भव जनजीविकाको लागि उचित आर्थिक तथा वैज्ञानिक विकल्प दिन सहयोग गरेर, र

(इ) सुर्ती उत्पादकहरूलाई आर्थिक रूपमा व्यावहारिक तरिकाले वैकल्पिक बालीका कृषि उत्पादनमा सार्न सहयोग गरेर सम्पन्न गरिने छ ।

(ग) आवश्यक कामदारलाई धारा १२ अनुरूप उपयुक्त तालिम वा सचेतना कार्यक्रमहरूमा मद्दत गर्ने,

(घ) सुर्ती नियन्त्रणको रणनीति, योजना र कार्यक्रमहरूमा बन्दोबस्ती सहयोग जसरी नै

आवश्यक भौतिक, उपकरण र आपूर्तिहरूमा यथासम्भव ढङ्गले प्रावधानको व्यवस्था गर्ने,

(ङ) सुर्ती नियन्त्रणका तरिकाहरूको पहिचानका साथै निकोटिन ग्रसितलाई विस्तृत उपचारको व्यवस्था गर्ने,

(च) निकोटिन ग्रसितलाई उपचार व्यवस्थाको उपलब्धता बढाउन अनुसन्धानलाई प्रबर्द्धन गर्ने ।

(२) सहभागी सम्मेलनले धारा २६ अनुरूप प्राप्त वित्तीय सहयोगका साथै प्राविधिक, वैज्ञानिक र कानुनी विज्ञता तथा प्रविधि हस्तान्तरणलाई सहजता तथा प्रबर्द्धन गर्ने छ ।

भाग ८ : संस्थागत व्यवस्थापन र वित्तीय स्रोत

धारा-२३

सहभागी सम्मेलन

(१) अब उप्रान्त सहभागी सम्मेलन स्थापित हुन्छ । यो महासन्धि कार्यान्वयनमा प्रवेश गरेको एक वर्षभन्दा पछिसम्म नहुने गरी विश्व स्वास्थ्य सङ्गठनले महासन्धिको प्रथम अधिवेशनको संयोजन गर्ने छ ।

महासन्धिको प्रथम अधिवेशनले तदनन्तरका नियमित अधिवेशनहरूका समय र स्थानको निर्धारण गर्ने छ ।

(२) सहभागीले आवश्यक ठहराएको अवस्थामा वा कुनै सहभागीले लिखित आग्रह गरेको, सहभागीहरूमध्ये एक तिहाई संख्याले सो आग्रह सम्मेलनको सचिवालयले प्राप्त गरेको छ महिना अवधिभित्र सम्मेलनको असाधारण अधिवेशन बोलाइने छ ।

(३) सहभागी सम्मेलनले यसको प्रथम अधिवेशनमा आफ्नो प्रक्रिया तथा कार्यविधि सर्वसम्मतिद्वारा पारित गर्ने छ ।

(४) सहभागी सम्मेलनले आफ्नो लागि वित्तीय नियमावली सर्वसम्मतिद्वारा पारित गर्ने छ, त्यसैगरी यसले स्थापना गर्न सक्ने मातहतका निकायहरूलाई अनुदान सञ्चालन एवं सचिवालयको कार्य सञ्चालन वित्तीय व्यवस्थापनका लागि समेत नियमावलीको व्यवस्था गर्ने छ । प्रत्येक सामान्य अधिवेशनसम्मको वित्तीय अवधिका लागि यसले बजेट तर्जुमा गर्ने छ ।

(५) सहभागी सम्मेलनले आफ्नै अन्तर्गत महासन्धिको कार्यान्वयन पक्षलाई नियमित समीक्षा गर्ने छ र प्रभावकारी कार्यान्वयनलाई प्रबर्द्धन गर्न आवश्यक निर्णय लिने छ एवं धारा २८, २९ र ३३ अनुरूप थप लिखत, परिशिष्ट एवं महासन्धिको संशोधन तर्जुमा गर्ने छ । यस दिशामा यसले देहायका कार्य गर्ने छ :-

(क) धारा २० र २१ सँग सान्दर्भिक सूचना आदानप्रदानलाई सहजता र प्रबर्द्धन गर्ने,

(ख) अनुसन्धान तथा तथ्याङ्क सङ्कलनको प्रयोजनमा तुलनीय विधिशास्त्रहरूमा आवधिक नवीकरणको विकासलाई प्रबर्द्धन तथा मार्गदर्शन गर्नुका अतिरिक्त धारा २० द्वारा प्रदत्त, महासन्धिको कार्यान्वयनमा वाञ्छनीय हुने कार्य,

(ग) नीति, कानुन, तथा अन्य उपाय जसरी रणनीति, योजना र कार्यक्रमहरूको प्रबर्द्धन तथा आवश्यकताअनुसार विकास, कार्यक्रम तथा मूल्याङ्कन अघि बढाउने,

(घ) सहभागीहरूले धारा २१ अनुसार प्रस्तुत गरेका विवरणउपर ध्यान दिने र महासन्धिको कार्यान्वयनबारे नियमित प्रतिवेदन हासिल गर्ने,

(ङ) महासन्धिको कार्यान्वयनका प्रयोजनमा धारा २६ अनुरूप वित्तीय स्रोत परिचालनलाई सहजता तथा प्रबर्द्धन गर्ने,

(च) महासन्धिका उद्देश्य हासिल गर्ने सिलसिलामा आवश्यक पर्ने सहयोगी निकायहरूको स्थापना गर्ने,

(छ) महासन्धिको कार्यान्वयन पक्षलाई सशक्तिकरण गर्ने सिलसिलामा सूचना उपलब्ध गराएका संयुक्त राष्ट्र संघको प्रणालीअन्तर्गतका सक्षम तथा वाञ्छित सङ्गठन तथा निकायहरूका साथै अन्य अन्तर्राष्ट्रिय र क्षेत्रीय अन्तरसरकारी सङ्गठनहरू, गैरसरकारी संस्था तथा निकायहरूको सेवा र सहयोगको लागि आग्रह गर्ने, र

(ज) महासन्धिको उद्देश्य हासिल गर्ने तथा कार्यान्वयनका सिलसिलामा प्राप्त अनुभवहरूका आधारमा यथोचित रूपमा अन्य कार्यहरूउपर विचार गर्ने छ ।

(६) सहभागी सम्मेलनले यसका प्रतिक्रियाहरूमा सरिक हुने पर्यवेक्षकहरूको मापदण्ड स्थापित गर्ने छ ।

धारा-२४

सचिवालय

(१) सहभागी सम्मेलनले एक स्थायी सचिवालयको मनोनयन गर्ने छ र यसको कार्य सम्पादनको व्यवस्था गर्ने छ । सहभागी सम्मेलनको प्रथम अधिवेशनमा यो कार्य अगाडि बढाइने छ ।

(२) स्थायी सचिवालयको मनोनयन र स्थापना नहुन्जेलको अवधिका लागि यो महासन्धिअन्तर्गत सचिवालयको कार्य सम्पादन विश्व स्वास्थ्य सङ्गठनद्वारा प्रदान गरिने छ ।

(३) सचिवालयको काम देहायबमोजिम हुने छ :-

(क) सहभागी सम्मेलन तथा अन्य सहयोगी निकायहरूको अधिवेशनको व्यवस्था गर्नु र आवश्यक सेवा उपलब्ध गराउनु,

(ख) महासन्धिसँग सम्बन्धित प्रतिवेदन (विवरण) उपलब्ध गराउनु,

(ग) सहभागीहरूलाई खासगरी सहभागी विकासोन्मुख देश तथा संक्रमणकालीन अर्थतन्त्रका सहभागीहरूलाई महासन्धिको प्रावधानअनुरूप आवश्यक सूचना सञ्चारको सङ्कलनमा सहयोग उपलब्ध गराउनु,

(घ) महासन्धिको मातहतमा सहभागी सम्मेलनको मार्गदर्शनबमोजिम यसका गतिविधिको विवरण (प्रतिवेदन) हरू तयार पार्नु र सहभागी सम्मेलनमा प्रस्तुत गर्नु,

(ङ) सहभागी सम्मेलनको मार्गदर्शनबमोजिम अन्य सक्षम अन्तर्राष्ट्रिय तथा क्षेत्रीय अन्तरसरकारी सङ्गठन तथा अन्य निकायहरूसँग आवश्यक संयोजनको सुनिश्चित गर्ने छ,

(च) सहभागी सम्मेलनको मार्गदर्शनबमोजिम त्यस्ता प्रशासनिक वा करार व्यवस्थापनमा प्रवेश गर्ने जो यसको कार्य सम्पादनका लागि वाञ्छनीय हुन्छ,

(छ) महासन्धिले निर्दिष्ट गरेका वा लिखतहरूले उल्लेख गरेका सहभागी सम्मेलनले निर्धारण गर्न सक्ने अन्य कार्यहरू सम्पादन गर्नु,

धारा-२५

सहभागी सम्मेलन र अन्तरसरकारी सङ्गठनहरूबीचको सम्बन्ध

यस महासन्धिका उद्देश्य हासिल गर्ने सिलसिलामा प्राविधिक तथा वित्तीय सहयोग उपलब्ध गराउन, सहभागी सम्मेलनले सक्षम अन्तर्राष्ट्रिय तथा क्षेत्रीय अन्तरसरकारी सङ्गठनहरूलगायत वित्तीय र विकास संस्थाहरूसँग सहयोगको आग्रह गर्ने छ ।

धारा-२६

वित्तीय स्रोत

(१) सहभागीहरूले, यो महासन्धिका उद्देश्य हासिल गर्नमा वित्तीय साधन-स्रोतले महत्वपूर्ण भूमिका खेल्ने ठहर गर्दछन् ।

(२) प्रत्येक सहभागीले आफ्ना राष्ट्रिय योजना, प्राथमिकता र कार्यक्रमहरूअनुरूप यस महासन्धिका उद्देश्य हासिल गर्ने ध्येयले आफ्ना राष्ट्रिय गतिविधिबापत वित्तीय सहयोग उपलब्ध गराउने छन् ।

(३) सहभागी विकासोन्मुख देश तथा संक्रमणकालीन आर्थिक अवस्थाका सहभागीहरूद्वारा सञ्चालित सुर्ती नियन्त्रणका बहुपक्षीय व्यापक कार्यक्रमहरूको विकास तथा सशक्तिकरणका लागि कोष उपलब्ध गराउन सहभागीहरूले यथासम्भव दुई पक्षीय, क्षेत्रीय, उपक्षेत्रीय र अन्य बहुपक्षीय माध्यमलाई प्रबर्द्धन गर्ने छन् ।

(४) सहभागी विकासोन्मुख देश तथा संक्रमणकालीन आर्थिक अवस्थाका सहभागीहरूलाई यस महासन्धिअन्तर्गतका अभिभाराहरू पूरा गर्नका लागि मद्दत गर्न सम्बन्धित क्षेत्रीय तथा अन्तर्राष्ट्रिय अन्तरसरकारी सङ्गठनहरू र वित्तीय तथा विकास संस्थाहरूमा प्रतिनिधित्व गरेका सहभागीहरूले ती संस्थापनहरूलाई वित्तीय सहयोग जुटाउन प्रोत्साहन दिने छन् ।

(५) सहभागीहरू देहायका विषयमा समेत सहमत छन् :-

(क) महासन्धिअन्तर्गतका अभिभाराहरूलाई पूरा गर्न सहभागीहरूलाई सहयोग पुऱ्याउनमा सबै उपयुक्त सम्भाव्य र चालु स्रोतहरू, वित्तीय, प्राविधिक, त्यस्तै अन्य सार्वजनिक र निजी क्षेत्र, जो सुर्ती नियन्त्रण गतिविधका लागि उपलब्ध छन्, ती सबै सहभागीहरू विशेषतः सहभागी विकासोन्मुख देश र संक्रमणकालीन अर्थतन्त्र भएका मुलुकको लाभका निम्ति उपयोग तथा परिचालन गर्नुपर्दछ ।

(ख) महासन्धिअन्तर्गतका अभिभाराहरू कार्यान्वयनमा सुविधा पुऱ्याउन कोषको उपलब्ध स्रोतबारे आग्रह भएअनुसार सहभागी विकासोन्मुख देश र संक्रमणकालीन अर्थतन्त्र भएका सहभागीहरूलाई सचिवालयले परामर्श दिने छ ।

(ग) सहभागी सम्मेलनले आफ्नो प्रथम अधिवेशनमा सहयोग विद्यमान तथा सम्भाव्य स्रोत एवं संयन्त्रहरू उपर, सचिवालयद्वारा सञ्चालित अध्ययन तथा अन्य सान्दर्भिक सूचनाका आधारमा समीक्षा गर्ने छ र तिनको प्रयाप्ततताप्रति विचार गर्ने छ ।

(घ) यस महासन्धिको उद्देश्य हासिल गर्न सहभागी विकासोन्मुख देशहरू तथा संक्रमणकालीन अर्थतन्त्र भएका सहभागीहरूलाई सहयोग गर्न, विद्यमान संयन्त्रालई सुधार गर्नुपर्ने वा विश्वव्यापी स्वयंसेवक कोष स्थापना गर्न, वा आवश्यकताअनुरूप थप वित्तीय स्रोतका माध्यम खडा गर्न अन्य उपयुक्त वित्तीय संरचनाका लागि आवश्यकता निर्धारण गर्ने महत्वका लागि उपरोक्त समीक्षाको नतिजा सहभागी सम्मेलनको ग्रहण गर्ने छ ।

भाग ९ : द्वन्द्व व्यवस्थापन

धारा-२७

द्वन्द्व व्यवस्थापन

(१) यो महासन्धिको अर्थ वा लागु गर्ने विषयलाई लिएर दुई वा त्योभन्दा बढी सहभागीहरूका बिच विवादका घटना भएमा सम्बन्धित सहभागीहरूले सद्भावपूर्ण सहयोग मध्यस्थता वा मिलापलगायत सम्झौताद्वारा वा तिनीहरूको विवादको समाधान गर्न आफ्नो कुनै पनि छनौटद्वारा शान्तिपूर्ण उपायको कुटनीति माध्यम खोज्ने छन् । सद्भावपूर्ण सहयोग (गुड अफिसेज), मध्यस्थता वा मिलापद्वारा सम्झौतामा पुग्न सफल नभएमा, सहभागीहरूले

विवाद समाधानको खोजी जारी राख्ने जिम्मेवारीबाट पन्छिने छैनन् ।

(२) महासन्धिको अनुमोदन, स्वीकृति, सहमति, औपचारिक टुङ्गो वा मञ्जुरीका बेला वा त्यसपछि कुनै पनि बेला, कुनै राज्य वा क्षेत्रीय आर्थिक सम्मिलित सङ्गठनले लिखित रूपमा अभिलेखरक्षकसमक्ष घोषणा गर्न सक्ने छ कि उत्पन्न विवाद यस धाराको दफा १ मा उल्लेख भएबमोजिम समाधान नभएको हकमा सहभागी सम्मेलनको प्रक्रियाअनुरूप सर्वसम्मतिद्वारा अपनाएको तदर्थ मध्यस्थतालाई उसले अनिवार्य रूपमा स्वीकार गर्ने छ ।

(३) यस धाराका प्रावधानहरू अर्को व्यवस्था नभएसम्म कुनै पनि सन्धिपत्रको हकमा सहभागी र सन्धिपत्रका बिच लागु हुने छ ।

भाग १० : महासन्धिको विकास

धारा-२८

यस महासन्धिमा संशोधन

(१) यस महासन्धिमा संशोधनका लागि कुनै पनि सहभागीले प्रस्ताव प्रस्तुत गर्न सक्दछ। त्यस्तो संशोधन प्रस्तावउपर सहभागी सम्मेलनले विचार गर्ने छ ।

(२) महासन्धिमा संशोधन सहभागी सम्मेलनद्वारा पारित गरिन्छ। महासन्धिको कुनै पनि प्रस्तावित संशोधनको मूल पाठ सचिवालयद्वारा प्रस्ताव पारित हुने अधिवेशन भन्दा कम्तिमा ६ महिनाअघि नै सम्पूर्ण सहभागीहरूसमक्ष पुऱ्याइने छ। सचिवालयले प्रस्तावित संशोधन अभिलेखरक्षकको जानकारीको लागि महासन्धिका निर्णयकर्ताहरूसमक्ष पनि पुऱ्याइने छ ।

(३) सहभागीले सम्मेलनको कुनै पनि प्रस्तावित संशोधनका लागि सर्वसम्मतिद्वारा सहमतिमा पुग्न जुनसुकै प्रयास अपनाउने छन् । यदि सर्वसम्मतिका सबै प्रयासहरू सकिए परन्तु सहमतिमा पुगिएन भने अन्तिम उपायका रूपमा चालु अधिवेशनमा उपस्थित तथा मतदानमा सरिक सहभागीमध्ये तीन चौथाई बहुमतद्वारा पारित गरिने छ । यस धाराको प्रयोजनमा उपस्थित तथा मतदानमा सरिक सहभागी भन्नाले उपस्थित सहभागीले गरेको सकारात्मक वा नकारात्मक मतदान भन्ने अर्थ लाग्दछ । कुनै पनि पारित संशोधनलाई सचिवालयले महासन्धिका सहीकर्ता सहभागीलाई जानकारी गराउने छ र सूचनाका लागि अभिलेखरक्षकसमक्ष पुऱ्याउने छ ।

(४) संशोधनका हकमा स्वीकृत कागजात अभिलेखरक्षकको जिम्मामा दाखिला गरिने छ । यस धाराको दफा ३ मा उल्लेख भएअनुसार पारित संशोधन सम्बन्धित सहभागीहरूका लागि जो अभिलेखरक्षकले महासन्धिका कम्तिमा दुई तिहाई सहभागीहरूबाट स्वीकृतिको कागजात प्राप्त गरेको नब्बे दिनपछि कार्यान्वयनमा लागु हुने छ ।

(५) अरू कुनै सहभागीका लागि संशोधन, अभिलेखरक्षकसमक्ष सो सहभागीले उक्त संशोधनबारे स्वीकृतिको कानुनी कागजात दाखिला गरेको मितिले नब्बे दिनपछि कार्यान्वयनको लागि लागु हुने छ ।

धारा-२९
यस महासन्धिमा परिशिष्टहरूको तर्जुमा र संशोधन

(१) यस महासन्धिका परिशिष्ट तथा संशोधन गर्नका लागि धारा २८ मा अगाडि सारिएको प्रक्रियाअनुरूप प्रस्ताव प्रस्तुत गर्न पारित गर्न र लागू गर्न सकिने छ ।

(२) किटानी साथ अन्यथा प्रस्तुत नगरिएसम्म महासन्धिको परिशिष्ट यसको अभिन्न अङ्गको मानिने छ ।

(३) परिशिष्टहरूलाई प्रक्रियागत, वैज्ञानिक, प्राविधिक वा प्रशासनिक सामग्रीसँग सम्बन्धित सूची, ढाँचा वा अन्य कुनै विवरणात्मक सामग्रीमा गाँसेर राख्न निषेध गरिने छ ।

भाग ११ : अन्तिम प्रावधान
धारा-३०
संशय

यस महासन्धिमा कुनै पनि प्रकारको संशय उत्पन्न गर्न सकिने छैन ।

धारा-३१
प्रतिसंहरण

(१) कुनै सहभागीका हकमा यो महासन्धि कार्यान्वयनमा लागू भएको मितिले दुई वर्षपछि निज सहभागीले चाहेको कुनै पनि समयमा अभिलेखरक्षकसमक्ष लिखित सूचना लिएर महासन्धिबाट फिर्ता जान सक्ने छन् ।

(२) यस्तो कुनै पनि प्रतिसंहरणसम्बन्धी जानकारी अभिलेखरक्षकले प्राप्त गरेको मितिले एक वर्ष बितेपछि प्रतिसंहरण लागु हुने छ वा प्रतिसंहरणको जानकारीमा त्यस्तो कुनै आगामी बिटानी मिति उल्लेख भएमा सोहीबमोजिम हुनसक्ने छ ।

(३) महासन्धिबाट फिर्ता जाने कुनै पनि सहभागी अन्य सन्धिपत्र, जसमा सहभागी थिए, त्यसबाट पनि फिर्ता गएको मानिने छ ।

धारा-३२

मताधिकार

(१) यस महासन्धिका प्रत्येक सहभागीसँग, यस धाराको दफा २ मा व्यवस्था गरेको बाहेक, एक मत रहेको हुने छ ।

(२) क्षेत्रीय आर्थिक सम्मिलन सङ्गठनहरू, तिनीहरूमा अन्तरनिहित औचित्यको मामिलामा उनीहरूका सदस्य राष्ट्रहरू जो सहभागी छन्, सरह अनेक मतहरूका साथ आफ्नो मताधिकारको अभ्यास गर्ने छन् । आफ्नो सदस्य राष्ट्रले आफ्नो मताधिकार प्रयोग गरेको छ भने त्यस्तो कुनै सङ्गठनले आफ्ना मताधिकारको प्रयोग गर्ने छैन र कुनै संगठनले मताधिकार प्रयोग गरेका छन् भने सो संगठनमा आवद्ध राष्ट्रले मताधिकार प्रयोग गर्न पाउने छैनन् ।

धारा-३३

सन्धिपत्र

(१) कुनै पनि सहभागीले सन्धि प्रस्तावित गर्न सक्दछन् । यस्ता प्रस्तावहरू सहभागी सम्मेलनद्वारा विचार गरिने छ ।

(२) सहभागी सम्मेलनले यस महासन्धिको सन्धिपत्र पारित गर्न सक्दछ । यी सन्धिपत्र पारित गर्ने सिलसिलामा सर्वसम्मति जुटाउनको निमित्त हरसम्भव प्रयास गरिनेछ, यदि सर्वसम्मति जुटाउनुमा सबै प्रयास बिफल भएर सम्झौतामा पुग्न सकिएन भने अन्तिम उपायका रूपमा सो सन्धिपत्रलाई अधिवेशनमा उपस्थित सहभागीहरूको तीन चौथाई बहुमतले मतदान गरी पारित गरिने छ । यस धाराको प्रयोजनमा उपस्थिति, सहभागी तथा मतदान भन्नाले सहभागीहरूको उपस्थिति तथा सकारात्मक वा नकारात्मक पक्षमा उनीहरूले गरेका मतदान भन्ने अर्थ लाग्दछ ।

(३) कुनै पनि प्रस्तावित सन्धिपत्रको मूलपाठ सचिवालयले सहभागीहरूसमक्ष, सो प्रस्तावित सन्धिपत्र पारित हुन अधिवेशनभन्दा ६ महिना अगाडि नै पुऱ्याइसक्ने छ ।

(४) महासन्धिका सहभागीहरू मात्र कुनै पनि सन्धिपत्रका सहभागी हुनसक्ने छन् ।

(५) सन्धिपत्रका सवालमा महासन्धिका कुनै पनि सन्धिपत्र सहभागीसँग मात्र आबद्ध हुने छ । सन्धिपत्रका सहभागीहरूले सन्धिपत्रका मामिलासँग मात्र निहित सवालमा निर्णय गर्न सक्ने छन् ।

(६) कुनै पनि सन्धिपत्रलाई कार्यान्वयन पक्षीय पूर्वाधार सम्बन्धित कानुन दस्ताबेजले स्थापित गर्ने छ ।

धारा-३४

दस्तखत

(१) यो महासन्धिमा विश्व स्वास्थ्य सङ्गठनका सम्पूर्ण सदस्यहरू एवं विश्व स्वास्थ्य सङ्गठनको सदस्य नभएका तर संयुक्त राष्ट्र संघको सदस्य रहेका कुनै पनि राज्य र क्षेत्रीय आर्थिक सम्मिलन सङ्गठनहरूद्वारा दस्तखत गर्न १६ जुन २००३ देखि २२ जुन २००३ (तदनुसार वि.सं. असार २, २०६० देखि असार ८, २०६०) सम्म जेनेभास्थित विश्व स्वास्थ्य सङ्गठनको प्रधान कार्यालयमा र त्यसपछि ३० जुन २००३ देखि २९ जुन, २००४ (तदनुसार वि.सं. असार १६, २०६० देखि असार १५, २०६१) सम्म न्युयोर्कस्थित संयुक्त राष्ट्र संघको प्रधान कार्यालयमा खुला राखिने छ ।

धारा-३५

अनुमोदन, सहमति, स्वीकृति, औपचारिक समर्थन वा मञ्जुरी

(१) यो महासन्धि राज्यहरूको अनुमोदन, सहमति, स्वीकृति वा मञ्जुरी एवं क्षेत्रीय आर्थिक सम्मिलन सङ्गठनहरूद्वारा गरिने औपचारिक समर्थन वा मञ्जुरीका अधिनमा रहने छ । यो महासन्धिमा दस्तखत गर्ने म्याद समाप्त भएपछि पनि यसप्रति मञ्जुरी दिने म्याद खुल्ला राखिने छ । अनुमोदन, सहमति, स्वीकृति, औपचारिक समर्थन वा मञ्जुरीसम्बन्धी कानुनी दस्तावेज अभिलेखरक्षकका जिम्मामा सुरक्षित राखिने छ ।

(२) यस महासन्धिको सहभागी हुन आउने कुनै क्षेत्रीय आर्थिक सम्मिलन सङ्गठन, निजको सदस्य राज्य सहभागी नभएको स्थिति रहे तापनि यस महासन्धिअन्तर्गतका सम्पूर्ण अभिभाराहरूसँग आबद्ध रहने छ । त्यस्ता सङ्गठनहरू, जसको एक वा बढी संख्यामा सदस्य राज्य यस सहभागीको महासन्धि छ, त्यस स्थितिमा महासन्धिको मातहतमा बहन गर्नुपर्ने अभिभाराहरूबारे उक्त सङ्गठन र निजका सदस्य राज्यले आ-आफ्ना जिम्मेवारीहरू स्वयं निर्णय गर्ने छन् । यस्ता मामिलामा, सो सङ्गठन र सदस्य राज्यलाई महासन्धिअन्तर्गतका समानान्तर ढङ्गले प्रयोग गर्न अधिकार प्राप्त मानिने छैन ।

(३) क्षेत्रीय आर्थिक सम्मिलन सङ्गठनहरूले आफ्ना औपचारिक समर्थनसम्बन्धी कानुनी दस्तावेज वा तिनीहरूको मञ्जुरीका कानुनी दस्तावेजमा, महासन्धिद्वारा सम्हालिएका कुराहरूसम्बन्धी सरोकारमा आफ्नो सामर्थको हद घोषणा गर्ने छन् । यी सङ्गठनहरूले अभिलेखरक्षकलाई पनि सोबारे जानकारी दिने छन्, तदनन्तर जसबाट सहभागीहरूलाई निजहरूको समर्थनको हदबारे जुनसुकै तात्विक सुधार वा हेरफेर आदि सहित जानकारी गराइन्छ ।

धारा-३६

कार्यान्वयनमा प्रविष्ट

(१) यो महासन्धि, अनुमोदन, सहमति, स्वीकृति, औपचारिक समर्थन वा मञ्जुरीका चालिसौँ कानुनी दस्ताबेज अभिलेखरक्षकसमक्ष दाखिला भएपछिका नब्बेऔँ दिनपछि कार्यान्वयनमा प्रविष्ट हुने छ ।

(२) प्रत्येक राज्यका हकमा, जसले महासन्धिलाई अनुमोदन, सहमति वा स्वीकृति दिन्छ वा यसै धाराको दफा १ मा स्थापित कार्यान्वयनमा प्रविष्ट हुने शर्त पूरा गरेको छ, अनुमोदन, सहमति, स्वीकृति वा मञ्जुरीका कानुनी दस्ताबेज दाखिला गरेको नब्बेऔँ दिनपछि यो महासन्धि कार्यान्वयनमा जाने छ ।

(३) प्रत्येक क्षेत्रीय, आर्थिक सम्मिलन सङ्गठनका हकमा जसले महासन्धिलाई औपचारिक समर्थन दिने कानुनी दस्ताबेज वा मञ्जुरी दिने कानुनी दस्ताबेज दाखिला गरेर यसै धाराको दफा १ मा स्थापित कार्यान्वयनमा प्रविष्ट हुने शर्त पूरा गरेको छ, औपचारिक समर्थन वा मञ्जुरीका कानुनी दस्ताबेज दाखिला गरेको नब्बेऔँ दिनपछि यो महासन्धि कार्यान्वयनमा जाने छ ।

(४) यस धाराको प्रयोजनमा, कुनै क्षेत्रीय, आर्थिक सम्मिलन सङ्गठनद्वारा दाखिल गरिएको कानुनी दस्ताबेजलाई सङ्गठनका सदस्य राज्यले दाखिल गरेको त्यसै दस्ताबेजसँग थप भएका रूपमा गणना गरिने छैन ।

धारा-३७

अभिलेखरक्षक

संयुक्त राष्ट्र संघको महासन्धि यस महासन्धिका अभिलेखरक्षक हुने छन् र यो वा यसको संशोधन र सन्धिपत्र र परिशिष्टहरू धारा २८, २९ र ३३ अनुरूप हुने छ ।

धारा-३८

आधिकारिक मूलपाठ

यस महासन्धिको सकल जो अरबी, चिनिया, अङ्ग्रेजी, फ्रान्सिसी, रुसी र स्पेनी भाषामा रहेका छन्, समान स्तरमा आधिकारिक छन् र संयुक्त राष्ट्र संघका महासचिवसमक्ष दाखिला गरिने छन् । साक्षीको रूपमा तत्सम्बन्धी अख्तियारप्राप्त अधिकारीका हैसियतले यस महासन्धिमा सही गरेका छौँ । जेनेभामा मई २१, २००३ (तदनुसार वि.सं. २०६० जेष्ठ ७ गतेमा सम्पन्न । (अङ्ग्रेजीको मूलपाठ WHOFCTC, 21 May 2003 बाट नेपालीमा अनुवाद गरिएको छ ।)

सन्दर्भ सामग्रीहरू

1. Factsheet 2018 Nepal, WHO SEARO
2. Tobacco Atlas, 2018
3. CDC, Lung Cancer, 2020
4. United Nations Development Programme; WHO FCTC Secretariat, "The WHO Framework Convention on Tobacco Control an accelerator for sustainable development," New York, 2015
5. A nationally representative study on socio-demographic and geographic correlates, and trends in tobacco use in Nepal
6. Factors associated with tobacco use among Nepalese men aged 15–49 years: Data from Nepal demographic and Health Survey 2016]
7. W. Leppan, N. Lecours, and D. Buckles, Tobacco Control and Tobacco Farming: Separating Myth from Reality. Anthem Press, IDRC, 2014.
8. A Study on the Economics of Tobacco in Nepal," World Bank, Washington, DC, 2003
9. WHO, "Brief Profile on Tobacco Control in Nepal ," 2012
10. World Health Organization, "Ten Facts about Tobacco and Gender," 2010
11. Investment Case for Tobacco Control in Nepal: The Case for Investing in WHO FCTC Implementation, UNDP, RTI, MoHP, 2019
12. B. Bajracharya, "Smoking and smokeless tobacco use among urban women and men In Nepal," Tob. Induc. Dis., vol. 16, no. 1, Mar. 2018
13. S. Pandey and Y. Lin, "Tobacco use among married women in Nepal: The role of women's empowerment," Matern. Child Health J
14. S. Reece, C. Morgan, M. Parascandola, and K. Siddiqi, "Secondhand smoke exposure during pregnancy: A cross-sectional analysis of data from Demographic and Health Survey from 30 low-income and middle-income countries," T
15. M. Eriksen, J. Mackay, N. S. Farhad, I. Gomeshtapeh, and J. Drope, The Tobacco Atlas, 5th Edition. 2015
16. M. Zafeiridou, N. S. Hopkinson, and N. Voulvoulis, Cigarette smoking: an assessment of tobacco's global environmental footprint across its entire supply chain, and policy strategies to reduce it. 2018
17. SDG and Tobacco Control, WHO, EUROPE
18. SDG and Policy Brief, Nepal, 2019

सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा ४ र १७ सँग सम्बन्धित

धूम्रपान तथा सुर्ती सेवन

निषेधित क्षेत्र

सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ अनुसार यस स्थलको हाता भित्र धूम्रपान वा सुर्ती सेवन गरेमा निजलाई यस स्थलबाट बाहिर निकालिने वा १०० रुपैयाँ जरिवाना वा दुबै सजाय हुनेछ ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र
आ.ब. २०७९/८०